सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ भदौ २०८०, सोमबार (21 Aug 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १३० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

ललितानिवासको अनुसन्धान प्रतिवेदन आज सरकारी वकिललाई बुझाउने तयारी

१३२ रोपनी जग्गाको मूल्यबराबर बिगो दाबी गरिँदै

शोभाकान्त ढकाल, रामकुमार सुवेदी, मीनबहादुर गुरुङ, हुपेन्द्रमणि केसी, कैलाशचन्द्र गोयल, शिवरतन सारडा, मनोजकुमार केडियालगायत मुख्य प्रतिवादी



● डिआइजी कुबेर कडायत, प्रवक्ता, नेपाल प्रहरी



सिआइबीले प्रतिवेदन लगभग तयार गरिसकेको सूचना प्राप्त भएको छ। सम्भवतः भोलि (सोमबार) सरकारी वकिलको कार्यालयमा प्रतिवेदन पेस हुन्छ।

करिब १० अर्ब बिगो दाबी गरिने

टेकराज थामी/नयाँ पत्रिका

बहुचर्चित ललितानिवास जग्गा हिनामिना प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले एक सय ३२ रोपनी जग्गाको मूल्यबराबर बिगो दाबी गरेर एक सयभन्दा धेरै प्रतिवादीविरुद्ध सोमबार सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाउँदै छ। शोभाकान्त ढकाल, रामकुमार सुवेदी, मीनबहादुर गुरुङ, हुपेन्द्रमणि केसी, कैलाशचन्द्र गोयल, शिवरतन सारडा, मनोजकुमार केडियालगायतका अभियुक्तलाई मुख्य प्रतिवादी बनाएर प्रतिवेदन बुझाउन लागेको हो।

ललितानिवास क्याम्पभित्रको एक सय ४३ रोपनी जग्गा किर्ते कागजात बनाएर हिनामिना गरेको अभियोगमा सिआइबीले १२ असारमा गुरुङ र केसीसहित सातजनालाई पक्राउ गरेको थियो। त्यसयता यो प्रकरणमा १८ अभियुक्त पक्राउ परेकामा 'स्टे अर्डर' लिएर तीन तथा अदालतको आदेशपछि एकजना छुटेका छन्। अरू १४ जना सिआइबीको हिरासतमै छन्।

'सिआइबीले प्रतिवेदन लगभग तयार गरिसकेको सूचना प्राप्त भएको छ। सम्भवत: भोलि (सोमबार) सरकारी वकिलको कार्यालयमा प्रतिवेदन पेस हुन्छ,' नेपाल प्रहरीका प्रवक्ता डिआइजी कुबेर कडायतले भने।

सिआइबी स्रोतका अनुसार जग्गा हिनामिनामा ढकाल, सुवेदी, गुरुङ, केसी, गोयल, सारडा र केडियाको मुख्य भूमिका देखिएपछि उनीहरूलाई मुख्य प्रतिवादी बनाइएको छ। सिआइबी स्रोतले भन्यो, 'घटना सम्बन्धमा करिब ५५ दिन अनुसन्धान भयो। जग्गा हिनामिनामा खासगरी शोभाकान्त ढकाल, रामकुमार सुवेदी, मीनबहादुर गुरुङ, हुपेन्द्रमणि केसी, कैलाशचन्द्र गोयल, शिवरतन सारडा र मनोजकुमार केडियाको मुख्य भूमिका देखिएको छ। त्यसो हुँदा उनीहरूलाई मुख्य प्रतिवादी बनाएर अनुसन्धान प्रतिवेदन सोमबार सरकारी वकिल कार्यालयमा बुझाउने तयारी छ।' सिआइबीका अनुसार ललितानिवास क्याम्पभित्र समरजंग कम्पनीको नाममा

» पृष्ठ ११ मा क्रमशः

दुई पूर्वप्रधानमन्त्रीसँग यसकारण भएन बयान





गत २१ साउनमा सर्वोच्च अदालतले ललितानिवास जग्गा प्रकरणमा २९ चैत ०६६, ३१ वैशाख ०६७, २८ साउन ०६७ र १८ असोज ०६९ को मन्त्रिपरिषद्का निर्णय र निर्णयमा प्रमाणित गरेर कार्यान्वयन तहमा प्रत्यक्ष संलग्न हुनेहरू, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेस गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहका पदाधिकारीलाई पनि अनुसन्धान गर्न आदेश गऱ्यो। तर, माथिल्लो तहका पदाधिकारीको सम्बन्धमा सर्वोच्चले व्याख्या गरेन। यसैलाई आधार मानेर सिआइबीले घटनामा जोडिएका दुई पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई बयानमा बोलाएन।

सिआइबीका एक उच्च अधिकारीले भने, 'सर्वोच्चले माथिल्लो तहका पदाधिकारीमाथि पनि अनुसन्धान गर्न भनेर आदेश त दियो। तर, माथिल्लो तहका पदाधिकारीबारे व्याख्या गरेन। जस्तो माथिल्लो तह भनेको मन्त्री पनि हो र सचिव पनि हो। अनुसन्धान त्यहाँसम्म गर्ने भनेको हो कि त्योभन्दा माथि पनि भनेको हो, ठ्याक्कै किटान भएन। त्यसैले दुई पूर्वप्रधानमन्त्रीविरुद्ध अनुसन्धान प्रक्रिया अघि बढ्न सकेन।'

सर्वोच्चको आदेशका सम्बन्धमा गत साता सत्तागठबन्धन दलको बैठक बसेको थियो। बैठकमा महान्यायाधिवक्ता डा. दीनमणि पोखरेलले सर्वोच्चको आदेशले 'माथिल्लो तह' भने पनि स्पष्ट परिभाषित नगरेको हुँदा दुई पूर्वप्रधानमन्त्रीविरुद्ध अनुसन्धान गर्न उपयुक्त नहुने सल्लाह दिएका थिए।

पक्राउ पुर्जी जारी भएका विरुद्ध पनि बयान भएन


विजय गच्छदार


डम्बर श्रेष्ठ


सञ्जय साह


चन्द्रदेव जोशी

बालुवाटारस्थित ललितानिवासको जग्गा हिनामिना प्रकरणमा संलग्न रहेको भन्दै सिआइबीले गत साता तत्कालीन उपप्रधानमन्त्री तथा भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, सोही मन्त्रालयका राज्यमन्त्री सञ्जय साह, तत्कालीन भूमिसुधार मन्त्रालयका मन्त्रीद्वय डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। प्रहरीको अनुसन्धानलाई सघाउने भन्दै उनीहरूले अभिव्यक्ति पनि सार्वजनिक गरेका थिए। तर, उनीहरूलाई सिआइबीले पक्राउ गरेन।

सदन खुलाउन मध्यमार्गी प्रस्ताव


सुन तस्करी प्रकरणमा सिआइबीले गरिरहेको अनुसन्धान प्रभावित नहुने गरी उच्चस्तरीय छानबिन समिति बनाउने वा संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले अनुसन्धानको परीक्षण गर्ने दुई मध्यमार्गी विकल्पमा दलहरू सहमतिनजिक

■ विकल्प

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार बोलाएको राष्ट्रिय दलको बैठकमा प्रस्तावित दुई विकल्प

१ उच्चस्तरीय छानबिन समिति गठन गर्ने, तर समितिले सिआइबीको अनुसन्धान प्रभावित नहुने, छानबिनमाथि निगरानी राख्ने समितिले काम गर्ने

२ राज्य व्यवस्था समितिलाई अध्ययन/छानबिनको जिम्मा दिने, जसअनुसार समितिले सिआइबीलाई बोलाएर छलफल गर्ने, निष्पक्ष छानबिनको वातावरण बनाउने र आवश्यक निर्देशन दिनेलगायतका काम गरेर अनुसन्धानको परीक्षण गर्ने



संसद्को अवरोध खुलाउने विषयमा राष्ट्रिय दलका नेताहरूसँग आइतबार सिंहदरबारमा छलफल गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड

कमलराज भट्ट/नयाँ पत्रिका

साउनभर अवरुद्ध संसद्को गतिरोध हटाउन प्रमुख दलहरू मध्यमार्गी विकल्प खोज्न तयार भएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार बोलाएको सर्वदलीय बैठकमा दलहरूबीच मध्यमार्गी विकल्प खोज्ने समझदारी भएको छ। चौतर्फी आलोचनापछि दलहरू सहमति जुटाएर मंगलबार प्रतिनिधिसभा बैठक सञ्चालन गर्ने कोसिसमा छन्।

सहमति खोज्न विकल्पका लागि सत्तापक्ष र प्रतिपक्ष आ-आफ्नो अडानमा लचक देखिएका छन्। तर, विभिन्न विकल्पमा छलफल भए पनि टुंगिसकेको छैन। सोमबार अपराह्न ४ बजे पुनः बैठक बसेर यसलाई टुंग्याउने दलहरूको तयारी छ। प्रतिनिधिसभा बैठक सूचना टाँस गरेर मंगलबार ३ बजेसम्मका लागि स्थगित भएको छ।

प्रमुख प्रतिपक्षी दलका नेता केपी ओली अस्वस्थताका कारण आइतबारको बैठकमा सहभागी नभएको र थप गृहकार्यका लागि दलहरूले समय माग गरेपछि सोमबार टुंग्याउने दलीय समझदारी छ। बैठकमा नेताहरू मध्यमार्गी विकल्पमार्फत निष्कर्षमा पुग्न सत्ता र प्रमुख प्रतिपक्ष सहमत भइसकेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिएर सिनामंगलबाट समातिएको ६० किलो सुन प्रकरणमा प्रमुख प्रतिपक्षी एमालेले उच्चस्तरीय छानबिन समितिको माग गरेर अवरोध गर्दा १० साउनदेखि

» पृष्ठ ११ मा क्रमशः



● **सुवास नेम्वाङ**, उपनेता, एमाले संसदीय दल

छलफललाई निरन्तरता दिने र सोमबार ४ बजे पुनः सर्वदलीय बैठक बसेर टुंग्याउने कुरा भएको छ। त्यसका लागि आ-आफ्नो पार्टीभित्र केही गृहकार्य गर्नु छ भने गर्ने सल्लाह भएर उठियो। छलफल सकारात्मक छ, यसलाई मिलाउनुपर्छ भन्नेमा सबै एकमत छौं।



● **नारायणकाजी श्रेष्ठ**, गृहमन्त्री

यस प्रकारका घटना पुनरावृत्ति हुन नदिन, अन्तर्राष्ट्रिय विमानस्थल वा अरू भन्सार कार्यालयको सुरक्षा व्यवस्थापनबारे समग्र छलफल गर्ने र साझा रूपमा एउटा निष्कर्षमा पुऱ्याउन सक्दा समिति बनाउने राम्रो हो। यसमा सकारात्मक छलफल भएको छ। तर, सुन प्रकरण अनुसन्धानमा सिआइबीले गरिरहेको छानबिन निष्कर्षमा पुग्छ।



● **रवि लामिछाने**, सभापति, रास्वपा

सबैको मत सदन खुलेन, जनतासँग जोडिएका विविध मुद्दामा छलफल गर्नुपर्ने विषय छन् भन्ने थियो। जे कुरामा हामीले बहस गर्नुपर्ने थियो, एकदमै नजिक पुग्यौं। असमझदारीमा एक कदम नजिक पुगेका छौं। अर्को बैठकले यसलाई टुंग्याउने र सदन जसरी पनि खुलाउने समझदारी भएको छ।

■ कोसीमा राजनीतिक संकट



■ मुख्यमन्त्री उद्धव थापाले आज विश्वासको मत लिँदै, उपसभामुख अनुपस्थित भए मतदान रोकिन सक्ने, १३ भदौसम्म विश्वासको मत लिने समयसीमा

■ उपसभामुख सिर्जना दनुवार उपस्थित भएर बैठकमा मतदान गराए मुख्यमन्त्री थापाको पक्षमा बहुमत पुग्ने, एमालेका ज्येष्ठ सदस्य बैठकमा सहभागी नहुने

झापामा **चिरञ्जीवी घिमिरे**

कोसी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले आज (सोमबार) प्रदेश सभामा विश्वासको मत लिँदै छन्। तर, उपसभामुख सिर्जना दनुवार अनुपस्थित भए मतदान रोकिन सक्ने जोखिम छ। मुख्यमन्त्रीले १३ भदौसम्म विश्वासको मत लिनुपर्ने भएकाले सोमबार मतदान रोकिए पनि संवैधानिक जटिलता भने आउनेछैन।

उपसभामुख उपस्थित भएर बैठकमा मतदान गराए थापाको पक्षमा बहुमत (४७ मत) पुग्ने अंकगणित छ। तर, विपक्षी एमालेले आइतबार गरेका गृहकार्यले उपसभामुख अनुपस्थित हुन सक्ने सम्भावना कायमै छ। उपसभामुख दनुवार एमालेबाट निर्वाचित हुन्।

सर्वोच्च अदालतले पहिलोपटकको नियुक्ति बदर गरेपछि १६ साउनमा पुनः नियुक्ति भएका थापाले विश्वासको मत लिने प्रस्ताव पेस गर्नेछन्। एमाले र राप्रपाले विश्वासको मत नदिने निर्णय गरिसकेका छन्। थापाले विश्वासको मत पाउने-नपाउने उपसभामुख सिर्जना दनुवारको भूमिकामा भर पर्नेछ। प्रदेश सभा दिउँसो १ बजेका लागि आह्वान गरिएको छ।

९३ सदस्यीय प्रदेश सभामा गठबन्धनबाट कांग्रेसका

» पृष्ठ ११ मा क्रमशः

रसुवाबाट पनि दुई किलो सुन बरामद

तेस्रो खेपको ओसार्दै गर्दा पक्राउ परे दुई युवा, सुन ल्याउने चिनियाँको खोजी

सुवास भट्ट/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद भएको ६० किलो सुनको अनुसन्धान जारी रहेकै बेला तस्करीको अर्को घटना बाहिर आएको छ। शनिबार साँझ रसुवा प्रहरीले चीनतिरबाट आएको दुई किलो सुन बरामद गरेको छ। पक्राउ परेका दुईजना राजस्व अनुसन्धान विभागको हिरासतमा छन्।

जिल्ला प्रहरी कार्यालय रसुवाका प्रमुख डिएसपी सुवास बुढाथोकीका अनुसार शनिबार साँझ ६ बजे टिमुरेबाट स्याफ्रुबेंसीतर्फ पैदल हिँडेर आइरहेको अवस्थामा सुदीप शेर्पालाई दुई किलो सुनसहित पक्राउ गरिएको थियो। स्याफ्रुबेंसी चौकीबाट खटिएको

» पृष्ठ ११ मा क्रमशः



दुई महिनाको अवधिमा यिनै युवाले यसअघि पहिलोपटक आधा किलो र दोस्रोपटक एक किलो सुन भित्र्याएका थिए

जनमतको 'एप्रुभल रेटिङ'मा महासचिवसहित चार सांसद फेल, पार्टीमा तरंग

अनुशासन कमिटीले छानबिन गरेपछि कारबाहीबारे निर्णय हुने



चन्दनकुमार सिंह
महासचिव तथा महोत्तरी ३ (ख) बाट समानुपातिक सांसद
मतदाता : ६९
खसेको मत : ४६
पक्षमा १४ | विपक्षमा २८
(४ मत बदर)



अनिताकुमारी साह
महोत्तरी ४ (ख)बाट समानुपातिक सांसद
मतदाता : ६९
खसेको मत : ३७
पक्षमा १४ | विपक्षमा २३



त्रिभुवन साह
सिराहा ४ (क)का निर्वाचित
मतदाता : १२०
खसेको मत : १०१
पक्षमा २० | विपक्षमा ७९
(२ मत बदर)



भाग्यश्रीकुमारी चौधरी
सिराहा ४ (क)बाट समानुपातिक सांसद
मतदाता : १२०
खसेको मत : १०१
पक्षमा २१ | विपक्षमा ७९
(१ मत बदर)

■ १२ सांसद जो पास भए



सकिल अली मियाँ
सप्तरी १ (ख) बाट निर्वाचित
मतदाता : १२२
खसेको मत : १०३
पक्षमा ८२ | विपक्षमा २०
(१ मत बदर)



रञ्जु मण्डल खत्वे
सप्तरी १ (क) बाट समानुपातिक सांसद
मतदाता : १६९
खसेको मत : १२८
पक्षमा ८७ | विपक्षमा ३७
(४ मत बदर)



सतिशकुमार सिंह
सप्तरी २ (क) बाट निर्वाचित
मतदाता : १८१
खसेको मत : १२५
पक्षमा ९९ | विपक्षमा २५
(१ मत बदर)



महेशप्रसाद यादव
सप्तरी २ (ख) बाट निर्वाचित
मतदाता : १७६
खसेको मत : १२८
पक्षमा ११८ | विपक्षमा १०



शम्भु साह
सप्तरी ३ (ख) बाट निर्वाचित
मतदाता : १६९
खसेको मत : १४३
पक्षमा १२० | विपक्षमा २२
(१ मत बदर)



बबिताकुमारी इसर
सप्तरी ३ (क) बाट समानुपातिक सांसद
मतदाता : १६३
खसेको मत : १३६
पक्षमा ७७ | विपक्षमा ५७
(२ मत बदर)



सञ्जयकुमार यादव
सिराहा २ (क) बाट निर्वाचित
मतदाता : १३१
खसेको मत : १०२
पक्षमा ९६ | विपक्षमा ५
(१ मत बदर)



हसिना खातुन
सर्लाही १ (ख) बाट समानुपातिक सांसद
मतदाता : २२
खसेको मत : १७
पक्षमा ८ | विपक्षमा ८
(१ मत बदर)



वसन्तकुमार कुसवाहा
रौतहट २ (ख) बाट समानुपातिक सांसद
मतदाता : १०३
खसेको मत : ७७
पक्षमा ६२ | विपक्षमा १५



चन्द्रकेश गुप्ता
रुपन्देही ५ (ख) बाट निर्वाचित
मतदाता : ११७
खसेको मत : ७९
पक्षमा ५४ | विपक्षमा २५



गीता गुरुङ
रुपन्देही ३ (क) बाट समानुपातिक सांसद
मतदाता : ७२
खसेको मत : ४८
पक्षमा ४२ | विपक्षमा ६



सुमन रायमाझी
बर्दिया २ (ख) बाट समानुपातिक सांसद
मतदाता : १५०
खसेको मत : १४१
पक्षमा १३४ | विपक्षमा ५
(२ मत बदर)

अनिल यादव/नयाँ पत्रिका

सत्तारूढ दल जनमत पार्टीले गरेको प्रदेश सांसदहरूको अनुमोदन 'रेटिङ'मा पार्टी महासचिव चन्दनकुमार सिंह नै फेल भएका छन्। आइतबार सार्वजनिक मतपरिणाममा मधेस प्रदेशका श्रम तथा यातायातमन्त्रीसमेत रहेका सिंहसहित प्रदेशका चार सांसद फेल भएका हुन्। १२ प्रदेश सांसद पास भएका छन्।

महोत्तरीबाट समानुपातिक सांसद सिंहलाई कुल खसेको ४६ मतमध्ये पक्षमा १४ र विपक्षमा २८ मत प्राप्त भएको छ। सिंहसहित फेल हुने अन्य सांसदहरूमा त्रिभुवन साह, भाग्यश्रीकुमारी चौधरी र अनिताकुमारी साह छन्। त्रिभुवनबाहेक अरू सबै समानुपातिक सांसद हुन्।

सिराहा ४ (क)का सांसद त्रिभुवनले कुल खसेको एक सय एक मतमध्ये पक्षमा २० र विपक्षमा ७९ मत पाए। चौधरीले खसेको एक सय एक मतमध्ये २१

» पृष्ठ ११ मा क्रमशः

बिजलपुरा-बर्दिबास १७ किलोमिटर रेल्वे विस्तार अन्योलमा

जनकपुरधाममा **हदिश खुद्दार**

जग्गा अधिग्रहणले तीव्रता नपाउँदा तेस्रो चरणको बिजलपुरा-बर्दिबास १७ किलोमिटर रेल्वे विस्तार अन्योलमा परेको छ।

पहिलो खण्डअन्तर्गत जयनगर-कुर्था ३५ किलोमिटर २० चैत ०७८ र दोस्रो खण्डअन्तर्गत कुर्थादेखि महोत्तरीको भँगहा-बिलजपुरासम्म १७ किलोमिटर ३२ असार ०८० मा गरी ५२ किलोमिटर रेल सेवा सञ्चालनमा छ। तर, तेस्रो खण्डको रेल सेवाका लागि भने ट्रयाक निर्माणको काम नै सुरु हुन सकेको छैन।

जब कि जयनगरदेखि जनकपुर हुँदै महोत्तरीको बर्दिबाससम्म ६९ किलोमिटर रेल सञ्चालनको ट्रयाक निर्माणका लागि नेपाललेे भारतीय पक्षलाई तत्काल जग्गा उपलब्ध गराउने सम्झौता १३ वर्षअघि भएको थियो।

रेल विभागको साइड कार्यालय जनकपुरधामका इन्जिनियर विनोद ओझाका अनुसार तेस्रो

» पृष्ठ ११ मा क्रमशः



मंसिरसम्म जग्गा अधिग्रहण गरिसक्ने दाबी

रेल विभागले आगामी मंसिरसम्म जग्गा अधिग्रहणको काम सकेर ट्रयाक निर्माणका लागि भारतीय पक्षलाई दिने दाबी गरेको छ। भारतीय सरकारको अधीनमा रहेको कम्पनी इरकाँनले यस क्षेत्रमा रेलको ट्रयाक निर्माणको काम गर्दै आएको छ। रेल विभागको साइड कार्यालय जनकपुरधामका इन्जिनियर विनोद ओझाले ट्रयाक निर्माणको काम सुरु भएको तीन वर्षभित्र बर्दिबाससम्म रेल सञ्चालन हुने बताए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बसको ठक्करबाट दुईजनाको मृत्यु, एक घाइते

काठमाडौं/ काठमाडौंको वनस्थली ढुंगेधारामा बसको ठक्करबाट दुईजनाको मृत्यु भएको छ। बालाजुबाट कलंकीतर्फ जाँदै गरेको ना.५ख ५०९२ नम्बरको गोरखा दर्शैंदी यातायात कम्पनी प्रालिको बसले आइतबार बिहान विपरीत दिशाबाट आउँदै गरेको प्रदेश ०२-०३७प ०७५५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुईजनाको मृत्यु भएको हो।

मृत्यु हुनेमा सिन्धुपाल्चोक साँगाचोकगढी नगरपालिका घर हुने ३२ वर्षीया अनिता थापा र ३२ वर्षीय रामकुमार भारती रहेका छन्। परिसरका प्रवक्ता प्रहरी उपरीक्षक कुमोद ढुंगेलले दुर्घटनामा गम्भीर घाइते दुवैजनाको उपचारका क्रममा त्रिभुवन शिक्षण अस्पताल महाराजगन्जमा मृत्यु भएको जानकारी दिए।

दुर्घटनामा नौ वर्षीया बालिका अनिशा थापा घाइते भएकी छिन्। टाउकामा चोट लागेर घाइते भएकी थापाको मनमोहन अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा संलग्न बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको प्रवक्ता ढुंगेलले बताए।

फुटपाथ व्यवसायी फेरि आन्दोलित

विकल्प नदिए आन्दोलन चर्काउने चेतावनी



शान्ति तामाङ/नयाँ पत्रिका

● काठमाडौं महानगर क्षेत्रको फुटपाथमा व्यापार गर्दै आएकी शान्ता बस्नेत शारीरिक रूपमा अपांग छिन्। उनले फुटपाथमै सामान बेचेर तीन वर्षदेखि गुजारा गरिरहेकी छिन्। बस्नेत दम्पतीसँग फुटपाथमा सामान बेचेर छाक टार्नेबाहेक विकल्प पनि छैन। दैनिक रूपमा महानगरका नगर प्रहरीको दुर्व्यवहार सहेरै भए पनि फुटपाथ छाड्न सकेकी छैनन्। 'रत्नपार्कमा राति साढे सातबाट मात्र पसल राख्न दिन्छ। त्यही पनि प्रहरी आएर कहिले सामान लुट्छ, दुर्व्यवहार गर्छ। हामीलाई सडकमै बसेर पसल गर्ने रहर छैन। विकल्प दिएर व्यवस्थापन गरिदिनुपर्‍यो भनेर धर्नामा आएको हो,' उनले भनिन्।

● कमला दाहालले फुटपाथमा सामान बेचेर जीवन धान्न थालेको १४ वर्ष भयो। झापामा भएको घरखेत बाढी र डुबानमा परे पनि उनी १४ वर्षअघि काठमाडौं आइन्। एक वर्षअघिसम्म जसोतसो जीवन धानिरहेकी उनी महानगरमा बालेन साह मेयर बनेपछि दैनिकी थप कष्टपूर्ण भएको छ। 'एक वर्षअघिसम्म बिहान-बेलुका दुःख-सुख यही व्यापारबाट गुजारा चलिरहेको थियो। अहिले त बिहान-बेलुका के खाने भन्ने छ। अहिले आधा पेट खाएर बाँचिरहेका छौं,' उनले भनिन्, 'साढे सात बजेदेखि मात्र पसल राख्न दिन्छ। चोर्न जाऔं भने भएन। लुट्न जाऔं भएन। हामीले जानेको यही हो। के गरौं ?' उनी पनि विकल्प दिए महानगरलाई कर तिर्नसमेत तयार रहेको बताउँछिन्।

● धर्नामै भेटिएकी सावित्रा बस्नेत पनि फुटपाथमा बसेर काम गर्ने रहर नभएको बताउँछिन्। महानगरले व्यापार गर्ने समय र स्थानको विकल्प दिए मान्न तयार रहेको बताउँछिन्। 'बेलुका साढे सात बजे पनि फुटपाथ व्यापार खुला हुन्छ, त्यही पनि डराई-डराई बस्नुपर्छ। यतिवेला त सडकमा मान्छे नै हिँड्दैन। के व्यापार गर्नु ?' सावित्राले भनिन्।

शान्ता, कमला, सावित्राजस्ता कयौं फुटपाथ व्यापारीले आइतबार दिउँसो फुटपाथको विकल्प दिनुपर्ने माग गर्दै राष्ट्रिय सभागृहअघि धर्ना दिएका छन्। काठमाडौं महानगरपालिकाले विनाविकल्प फुटपाथ व्यापारीलाई हटाएको भन्दै मेयर बालेन्द्र साह (बालेन)ले गाएको गीत गरिबको चमेली बोल्दिने कोही छैन... गाउँदै व्यंग्य गरेका छन्। उनीहरूले सडक-साइकल-गाडा-परम्परागत मजदुर-उद्यमीलाई विस्थापित गर्न बन्द गर्नुपर्ने, गरिब होइन गरिबी हटाउनुपर्ने, गरिखान दिनुपर्ने भन्दै नारा लगाएका थिए।

राष्ट्रिय स्वतन्त्र व्यापार व्यवसायी युवा संघका संयोजक सुजन गिरी फुटपाथ व्यवसायीलाई करको दायरामा ल्याएर भए पनि व्यवस्थापन गर्नुपर्ने बताउँछन्। फुटपाथमा व्यवसाय गरिरहेका व्यवसायीलाई विकल्प दिनुपर्ने र विनाविकल्प हटाउन नहुने बताउँछन्। 'फुटपाथमा व्यवसाय गरिरहनुभएका व्यवसायीलाई विकल्प दिनुपर्‍यो। यिनलाई विनाविकल्प हटाउनुहुँदैन। करको दायरामा ल्याएर भए पनि व्यवस्थापन गर्नुपर्‍यो,' गिरीले भने, 'हुने त सटर चलाएर व्यवसाय गरिहाल्छन्। नहुनेलाई व्यवस्थापन गर्नुपर्‍यो। मेरो सटरमा पसल छ। मलाई फुटपाथ चाहिएको होइन। नहुनेका लागि व्यवस्था गर्नुपर्‍यो।' उनी फुटपाथ व्यवसायीको माग सम्बोधन नभए दबाबका अन्य कार्यक्रम सुरु हुने बताउँछन्। एक वर्षअगाडि नयाँ बानेश्वरबाट फुटपाथ व्यवसायीलाई हटाउन थालेको महानगरले विभिन्न समयमा ठेलागाडा, साइकल व्यवसायीको सामान जफत गर्ने, सडकमै ती व्यवसायीमाथि हातपात गर्ने, लखेट्नेजस्ता अमानवीय क्रियाकलाप गर्दै आएको छ।

व्यवस्थापन गर्न ठाउँ खोज्दै छौं : महानगर

फुटपाथ व्यवसायीको धर्नालाई नजरअन्दाज गरेको महानगरले भने उनीहरूलाई विकल्प दिनेबारे सोचिरहेको जवाफ दिएको छ। महानगरका प्रवक्ता नवीन मानन्धरले फुटपाथ व्यवसायीको मागप्रति सकारात्मक रहेको बताए। उनीहरूलाई व्यवस्थापन गर्न ठाउँ खोजिरहेको उनको भनाइ छ। 'फुटपाथ व्यवसायीलाई ठाउँ दिन दुई-तीन ठाउँ हेरेका छौं। उहाँहरूलाई व्यवस्थापन गर्छौं,' प्रवक्ता मानन्धरले भने।

उनी पछिल्लो समय नगर प्रहरीले फुटपाथ व्यवसायी, ठेलागाडा व्यवसायीमाथि दुर्व्यवहार गर्ने काम नभएको दाबी गर्छन्। स्थानीय सरकार स्वायत्त सरकार भएको भन्दै ललितपुर वा अन्य स्थानीय तहले के गरेभन्दा पनि आफ्नो अनुकूल नीति-नियम बनाएर काम गरिरहेको बताउँछन्। साउन ०७९ देखि महानगरले फुटपाथ व्यवसाय हटाउन सुरु गरेसँगै फुटपाथ व्यवसायीहरूको संघ-संगठनका प्रतिनिधिहरू मेयर साहसँग भेट गर्न र छलफल गर्न लागिपरेको छ। तर, कयौंपटक छलफलको प्रयास गर्दा पनि मेयरले समय नदिएको आरोप छ।

कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई महानगरले दिवा खाजा दिने

काठमाडौं/ काठमाडौं महानगरपालिकाले कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई भदौदेखि दिवा खाजाको व्यवस्था गर्ने भएको छ। गत वर्ष कक्षा ८ सम्म दिँदै आएको खाजा महानगरले यस वर्ष कक्षा १० सम्मका विद्यार्थीलाई दिने व्यवस्था गरेको महानगरपालिका शिक्षा विभागका अधिकारी सीताराम कोइरालाले जानकारी दिए। उनका अनुसार संघीय सरकारले कक्षा ६ सम्म प्रतिविद्यार्थी १५ रुपैयाँ दिँदै आइरहेकामा महानगरले गत वर्षदेखि १० थप गरेर २५ बनाएको थियो। सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीका लागि सरकारले दिँदै आएको १५ रुपैयाँमा महानगरले १५ रुपैयाँ थप गरी ३० पुऱ्याएको कोइरालाले बताए। यही भदौदेखि कक्षा ६ देखि कक्षा १० सम्मलाई पनि दिवा खाजाको व्यवस्थापन गर्न महानगरअन्तर्गत शिक्षा विभागले विद्यालयलाई पत्राचार गरेको छ।

बन्दीको मृत्युपछि बाल सुधारगृहमा तोडफोड

भक्तपुर/ बलात्कार आरोपमा मध्यपुरथिमि नगरपालिका-२, सानोठिमीस्थित बाल सुधारगृहको थुनामा रहेका २१ वर्षीय युवकको मृत्यु भएपछि गृहमा तोडफोड भएको छ। रामेछापको मन्थली नगरपालिका-३, कठजोरका कमल बस्नेतको रहस्यमय ढंगले मृत्यु भएको भन्दै आफन्तहरूले नाराबाजी गरी तोडफोड गरेपछि दिनभर तनावग्रस्त भएको हो।

बाल सुधारगृहभित्र रहेका बस्ने तको मृत्युपछि सुधारगृहमा रहेका पुरुष थुनुवाले भित्रैबाट र मृतकका आफन्तले बाहिरबाट घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरे का थिए। जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जिल्ला प्रहरी कार्यालय रामेछापबाट २९ जेठ ०७७ मा जबर्जस्ती करणी मुद्दाका कारण सुधारगृहमा राखिएका बस्नेतको आइतबार बिहान अचानक बेहोस भएपछि उपचारका लागि गट्ठाघर स्थित नागरिक अस्पतालमा लगिएको र उपचारकै क्रममा मृत्यु भएको जानकारी दिए।

सुधारगृहले परिवारलाई मृत्यु भएको खबर दिए पनि मृत्युको कारण स्पष्ट नगराएको र मृत्यु रहस्यमय भएको भन्दै आफन्तले घटनाबारे बुझ्न खोज्दा उल्टै प्रहरीवृत्त थिमिका प्रहरीले पीडित पक्षमाथि दुर्व्यवहार गरेको आफन्तले आरोप लगाएका छन्। उनीहरूले समयमै उपचार नपाउँदा ज्यान गएको भन्दै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कार बाही र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए। - रासस

लुम्बिनी विकास बैंक लिमिटेडको
तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/०५/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण बापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

क.सं.	ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१.	**नाम : राजु तमाङ** बाबुको नाम : सानु कान्छा तमाङ बाजेको नाम : चतुरमान तमाङ ठेगाना : विदुर - ८, नुवाकोट ना.प्र.प.नं. : ७९९८३ जि.प्र.का. नुवाकोट जारी मिति : २०५९/०७/२४ **शाखा कार्यालय : देविघाट**	**नाम : फुलमाया तामाङ** पतिको नाम : राजु तमाङ ससुराको नाम : सानु कान्छा तामाङ ठेगाना : विदुर - ८, नुवाकोट ना.प्र.प.नं. : २५-०१-७५-०६३३९ जि.प्र.का. नुवाकोट जारी मिति : २०७५/१०/१४
	धितोको विवरण	
	राजु तामाङको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता रहेको त्रिशुली - ५, नुवाकोट स्थित कित्ता नं. ९२७ को क्षेत्रफल १-१०-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
२.	**नाम : सुरेन्द्र तमाङ** बाबुको नाम : बिर बहादुर तमाङ बाजेको नाम : सेर बहादुर तमाङ ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट हाल : तारकेश्वर - ६, नुवाकोट ना.प्र.प.नं. : २५-०१-६९-००२७६ जि.प्र.का. नुवाकोट जारी मिति : २०६९/०१/१० **शाखा कार्यालय : देविघाट**	गुनी तमाङको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता रहेको चारघरे - ७, नुवाकोट स्थित कित्ता नं. ५९३ को क्षेत्रफल २-१४-३-० रोपनीको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : विरवहादुर तमाङ्ग बाबुको नाम : सेर बहादुर तमाङ बाजेको नाम : फैरुङ तमाङ ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट हाल : तारकेश्वर - ६, नुवाकोट ना.प्र.प.नं. : २३३७ (३००६) जि.प्र.का. नुवाकोट जारी मिति : २०४४/११/२४	**२. नाम : गुनी तमाङ** पतिको नाम : विरवहादुर तमाङ्ग ससुराको नाम : सेर बहादुर तमाङ ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट हाल : तारकेश्वर - ६, नुवाकोट ना.प्र.प.नं. : ३३८१ जि.प्र.का. नुवाकोट जारी मिति : २०४६/०३/१२
	३. नाम : शान्तीमाया तामाङ पतिको नाम : सुरेन्द्र तमाङ, ससुराको नाम : विरवहादुर तमाङ्ग ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट, हाल : तारकेश्वर - ६, नुवाकोट ना.प्र.प.नं : २५-०१-७२-०९१५४, जि.प्र.का. नुवाकोट, जारी मिति : २०७२/१२/१६	
	ऋणीको विवरण	
३.	**नाम : भगिरथ फर्निचर उद्योग** दर्ता कार्यालय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग/कार्यालय, विराटनगर, मोरङ दर्ता मिति : २०७०/१२/१३, दर्ता नं. : प्रा.फा.नं.घ.मो. १११३१/०७०/०७१ ठेगाना : दर्वेशा - ५, मोरङ हाल रंगेली - ९, मोरङ प्रोप्राईटर : चनान कुमारी ताजपुरिया **शाखा कार्यालय : रंगेली**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : चनान कुमारी ताजपुरिया पतिको नाम : भगिरथ ताजपुरिया ससुराको नाम : महानन्द ताजपुरिया ठेगाना : दर्वेशा - ५, मोरङ हाल : रंगेली - ९, मोरङ ना.प्र.प.नं. : ३७७/२४९ जि.प्र.का. मोरङ जारी मिति : २०४५/०१/२७	**२. नाम : भगिरथ ताजपुरिया** बाबुको नाम : महानन्द ताजपुरिया बाजेको नाम : रघु ताजपुरिया ठेगाना : दर्वेशा - ५, मोरङ हाल : रंगेली - ९, मोरङ ना.प्र.प.नं. : २५३५ जि.प्र.का. मोरङ जारी मिति : २०४३/१०/२१
	३. नाम : राज कुमार ताजपुरिया बाबुको नाम : जितलाल ताजपुरिया बाजेको नाम : जबरसिंह ताजपुरिया ठेगाना : दर्वेशा - ५, मोरङ हाल : रंगेली - ९, मोरङ ना.प्र.प.नं. : ५०५२/३९/०४४ जि.प्र.का. मोरङ जारी मिति : २०५४/१२/१७	**४. नाम : प्रमिला राजबंशी** बाबुको नाम : राम प्रसाद राजबंशी बाजेको नाम : ठेगाना : चकचकी - ६, झापा हाल : रंगेली - ९, मोरङ ना.प्र.प.नं. : ०४३००१/१०३२ जि.प्र.का. झापा जारी मिति : २०४४/१२/१९
	धितोको विवरण	
	चनान कुमारी ताजपुरियाको नाममा मालपोत कार्यालय रंगेली, मोरङमा दर्ता रहेको दर्वेशा - ३ ख हाल रंगेली - ८, मोरङ स्थित कित्ता नं. ३८० को क्षेत्रफल ०-५-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
४.	**नाम : लक्ष्मी कुमारी माझी** पतिको नाम : नर बहादुर माझी ससुराको नाम : बिर बहादुर माझी ठेगाना : हासकोसा - १, सुनसरी हाल : कमल - २, झापा ना.प्र.प.नं. : ९९८/०६३०१७ जि.प्र.का. सुनसरी जारी मिति : २०६३./१०/१० **शाखा कार्यालय : केर्खा**	**नाम : जमुना कुमारी माझी** पतिको नाम : सन्तोस माझी ससुराको नाम : हर्क बहादुर माझी ठेगाना : मधुवन - ७, सुनसरी हाल : कमल - २, झापा ना.प्र.प.नं. : ०६३०४४/२९० जि.प्र.का. सुनसरी जारी मिति : २०७०/०२/१३
	धितोको विवरण	
	लक्ष्मी कुमारी माझीको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता रहेको तोपगाछी - ५/५ख, झापा स्थित कित्ता नं. ४०३० र ४०३४ को क्षेत्रफल ०-२-७ र ०-२-१३ (बिगाहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
५.	**नाम : धनमाया बुढाथोकी** पतिको नाम : दुर्गा प्रसाद बुढाथोकी ससुराको नाम : मकरनन्द बुढाथोकी ठेगाना : धरमपुर - ४, झापा हाल : शिवसताक्षी - ३, झापा ना.प्र.प.नं. : ०४१०३४/२६५ जि.प्र.का. झापा जारी मिति : २०६५/०३/३० **शाखा कार्यालय : केर्खा**	दुर्गा प्रसाद बुढाथोकीको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता रहेको तोपगाछी - ९/९ख, झापा स्थित कित्ता नं. ३७७१, ३१०४ र ३९८३ र क्षेत्रफल क्रमशः ०-५-०, ०-३-० र ०-६-० (बिगाहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : दुर्गा प्रसाद बुढाथोकी बाबुको नाम : मकरनन्द बुढाथोकी बाजेको नाम : खडानन्द बुढाथोकी ठेगाना : सिम्ले - ७, तेह्रथुम हाल : शिवसताक्षी - ३, झापा ना.प्र.प.नं. : १३६०, जि.प्र.का. झापा जारी मिति : २०४४/११/१९	**२. नाम : मिना बुढाथोकी** बाबुको नाम : दुर्गा प्रसाद बुढाथोकी बाजेको नाम : मकरनन्द बुढाथोकी ठेगाना : शिवसताक्षी - ३, झापा ना.प्र.प.नं. : ०४-०२-७४-०६०६८ ज.प्र.का. झापा जारी मिति : २०७४/११/१३
	३. नाम : मिलन बुढाथोकी बाबुको नाम : दुर्गा प्रसाद बुढाथोकी, बाजेको नाम : मकरनन्द बुढाथोकी ठेगाना : शिवसताक्षी - ३, झापा ना.प्र.प.नं. : ०४-०२-७६-०४४५५ ज.प्र.का. झापा, जारी मिति : २०७६/१०/१९	
६.	**नाम : रबिता कामत** पतिको नाम : बिनोद कामत ससुराको नाम : जगदिश कामत ठेगाना : बिराटनगर - १५, मोरङ हाल : बिराटनगर - १२, मोरङ ना.प्र.प.नं. : ०५१०६६/९६९१ जि.प्र.का. मोरङ जारी मिति : २०६७/०८/०७ **शाखा कार्यालय : बिराटनगर**	**नाम : बिनोद कामत** बाबुको नाम : जगदिश कामत बाजेको नाम : खरौरी कामत ठेगाना : बिराटनगर - १५, मोरङ हाल : बिराटनगर - १२, मोरङ ना.प्र.प.नं. : ८०७४३ जि.प्र.का. मोरङ जारी मिति : २०६३/०८/०१
	धितोको विवरण	
	रबिता कामतको नाममा मालपोत कार्यालय बिराटनगरमा दर्ता रहेको बखरी - ४/४क, मोरङ स्थित कित्ता नं. २८८९ को क्षेत्रफल ०-०-५-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
७.	**नाम : रेनु देवी पासवान** पतिको नाम : राजकुमार पासवान ससुराको नाम : जगेन पासवान ठेगाना : पुर्व कुशाहा - १, सुनसरी हाल : दुहवी - १२, सुनसरी ना.प्र.प.नं. : ०६१०१४/७१६५ जि.प्र.का. सुनसरी जारी मिति : २०६८/०३/०५ **शाखा कार्यालय : बिराटनगर**	फुलो देवी पासमानको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता रहेको पुर्व कुशाह - २/२क, सुनसरी स्थित कित्ता नं. ३६५ को क्षेत्रफल ०-४-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : राजकुमार पासवान बुबाको नाम : जगेन पासवान बाजेको नाम : महाबिर पासवान ठेगाना : पुर्व कुशाहा - १, सुनसरी हाल : दुहवी - १२, सुनसरी ना.प्र.प.नं. : ०६३०१४/९१३ जि.प्र.का. सुनसरी जारी मिति : २०३३/१०/२९	**२. नाम : फुलो देवी पासमान** पतिको नाम : जगेन पासवान ससुराको नाम : महाबिर पासवान ठेगाना : पुर्व कुशाहा - १, सुनसरी हाल : दुहवी - १२, सुनसरी ना.प्र.प.नं. : ६२५६ (१००)/२६(क) जि.प्र.का. सुनसरी जारी मिति : २०३६/१०/१८
	ऋणीको विवरण	**धितोको विवरण**
८.	**नाम : सरिता देवी अग्रवाल** पतिको नाम : पवन कुमार अग्रवाल ससुराको नाम : राम कुमार अग्रवाल ठेगाना : बिराटनगर - १२, मोरङ ना.प्र.प.नं. : ३४४५ जि.प्र.का. मोरङ जारी मिति : २०५६/०२/१३ **शाखा कार्यालय : बिराटनगर**	पवन कुमार अग्रवालको नाममा मालपोत कार्यालय बिराटनगरमा दर्ता रहेको जतुवा कठकुप्पा - १/१ख, मोरङ स्थित कित्ता नं. ४९५४, २६७ र २६६ को क्षेत्रफल क्रमशः १-९-१५, ०-४-१६ र ०-४-१५ र बिराटनगर - १२, मोरङ स्थित कित्ता नं. ९५ को क्षेत्रफल ०-०-२-३ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : पवन कुमार अग्रवाल बाबुको नाम : राम कुमार अग्रवाल बाजेको नाम : गणेश लाल अग्रवाल ठेगाना : बिराटनगर - १२, मोरङ ना.प्र.प.नं. : ३९८, जि.प्र.का. मोरङ जारी मिति : २०४३/०४/१७	**२. नाम : रितेश कुमार अग्रवाल** बाबुको नाम : पवन कुमार अग्रवाल बाजेको नाम : गणेश लाल अग्रवाल ठेगाना : बिराटनगर - १२, मोरङ ना.प्र.प.नं. : ८५५७६, जि.प्र.का. मोरङ जारी मिति : २०६२/०३/१२
	ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
९.	**नाम : सरोकुमारी मण्डल** पतिको नाम : जगतनारायण मण्डल ससुराको नाम : पुरन मण्डल ठेगाना : बुधनगर - ४, मोरङ हाल : बिराटनगर - १८, मोरङ ना.प्र.प.नं. : ७/१६३४ जि.प्र.का. मोरङ जारी मिति : २०६२/०६/०४ **शाखा कार्यालय : बिराटनगर**	**नाम : जगतनारायण मण्डल** बाबुको नाम : पुरन मण्डल बाजेको नाम : ठेगाना : बुधनगर - ४, मोरङ हाल : बिराटनगर - १८, मोरङ ना.प्र.प.नं. : ७८०६४ जि.प्र.का. मोरङ जारी मिति : २०६०/०७/२०
	धितोको विवरण	
	सरोकुमारी मण्डलको नाममा मालपोत कार्यालय बिराटनगरमा दर्ता रहेको बुधनगर - ४, मोरङ स्थित कित्ता नं. २८८१ को क्षेत्रफल २२०.१० ब.मि को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
१०.	**नाम : नरेश प्रसाद जोशी** बाबुको नाम : जनक राज जाशी बाजेको नाम : उमापति जोशी ठेगाना : देखतभुली - ९, कंचनपुर हाल : कृष्णपुर - ३, कंचनपुर ना.प्र.प.नं. : ७२-०१-७१-६८७५९ जि.प्र.का. कंचनपुर जारी मिति : २०७१/१२/१६ **शाखा कार्यालय : महेन्द्रनगर**	नरेश प्रसाद जोशी को डिम्याट खाता नं १३०११३०००३३१९१८ र १३०११२०००० ४७८६४४ मा रहको रिडि कम्पनीको साधारण शेयर ७४२० कित्ता
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : जनक राज जोशी बाबुको नाम : उमापति जोशी बाजेको नाम : चुडामणि जोशी ठेगाना : देखतभुली - ९, कंचनपुर हाल : कृष्णपुर - ३, कंचनपुर ना.प्र.प.नं. : २४४२१७८ जि.प्र.का. कंचनपुर जारी मिति : २०५४/०४/०७	**२. नाम : राजमती जोशी** पतिको नाम : जनक राज जाशी ससुराको नाम : उमापति जोशी ठेगाना : देखतभुली - ९, कंचनपुर हाल : कृष्णपुर - ३, कंचनपुर ना.प्र.प.नं. : ५४४२०३०२ जि.प्र.का. कंचनपुर जारी मिति : २०५५/०४/१९
	ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
११.	**नाम : मोहम्मद सहबुव** बाबुको नाम : शेष अबदुल्लाह बाजेको नाम : शेख अलिबकस ठेगाना : गम्हरिया पर्सा -५, रौतहट हाल : गढीमाई -३, रौतहट ना.प्र.प.नं. : २३३१, जि.प्र.का. रौतहट जारी मिति : २०६२/०८/१४ **शाखा कार्यालय : चन्द्रनिगाहपुर**	**नाम : कलिमा खातुन** ससुराको नाम : शेष अबदुल्लाह पतिको नाम : मोहम्मद सहबुव ठेगाना : गढीमाई -३, रौतहट ना.प्र.प.नं. : ३२-०६-७८-०३०४९ जि.प्र.का. रौतहट जारी मिति : २०७८/०५/२३
	धितोको विवरण	
	मोहम्मद सहबुवको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता कायम रहेको गम्हरिया -५ क, रौतहट स्थित कित्ता नं. ३९० को क्षेत्रफल ०-१९-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत	
	ऋणीको विवरण	**धितोको विवरण**
१२.	**नाम : सविता खाती** बाबुको नाम : बल बहादुर थापा बाजेको नाम : मान बहादुर थापा ठेगाना : सखुवा महेन्द्रनगर - २ हाल : क्षिरेश्वरनाथ - ६, धनुषा ना.प्र.प.नं. : ८११३५१८४, जि.प्र.का. धनुषा जारी मिति : २०५६/०७/११ **शाखा कार्यालय : जनकपुर**	**नाम : सदिना खाती** बाबुको नाम : कुमुद खाती बाजेको नाम : बल बहादुर खाती ठेगाना : सखुवा महेन्द्रनगर - २ हाल : क्षिरेश्वरनाथ - ६, धनुषा ना.प्र.प.नं. : १७-०१-७३-०३०४८ जि.प्र.का. धनुषा जारी मिति : २०७३/०२/२५
	धितोको विवरण	
	सविता खातीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सखुवा - ६ ग हाल क्षिरेश्वरनाथ - ६, धनुषा स्थित कित्ता नं. १५४४ को क्षेत्रफल ०-३-०-१०$^{१}/_{२}$ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
१३.	**नाम : उपेन्द्र न्यौपाने** बाबुको नाम : केशव प्रसाद न्यौपाने बाजेको नाम : चुडा मणी न्यौपाने ठेगाना : तलाखु - ५, नुवाकोट हाल : गाणेशमान चारनाथ - ३, धनुषा ना.प्र.प.नं. : २५-०१-७१-०२६६२ जि.प्र.का. नुवाकोट जारी मिति : २०७१/०४/१४ **शाखा कार्यालय : जनकपुर**	**नाम : केशव प्रसाद न्यौपाने** बाबुको नाम : चुडा मणी न्यौपाने बाजेको नाम : अदु न्यौपाने ठेगाना : तलाखु - ५, नुवाकोट हाल : गाणेशमान चारनाथ - ३, धनुषा ना.प्र.प.नं. : ४७०७ जि.प्र.का. नुवाकोट जारी मिति : २०४५/०१/२१
	धितोको विवरण	
	उपेन्द्र न्यौपानेको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ३ ग हाल गाणेशमान चारनाथ -१, धनुषा स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-३-१६-४ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
१४.

मधेससँग भावनात्मक सम्बन्ध जोड्ने एमाले रणनीति

चौथो महाधिवेशन भएको ठाउँमा बोलायो सचिवालय बैठक, ७५ वर्षे इतिहास झल्काउने स्तम्भको शिलान्यास गरिने

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले मधेससँग भावनात्मक सम्बन्ध जोड्ने रणनीतिअन्तर्गत संगठनात्मक र प्रचारात्मक काम थालेको छ। सोहीअन्तर्गत उसले चौथो महाधिवेशन भएको सिराहाको विष्णुपरकट्टीमा पार्टी सचिवालय बैठक बोलाएको छ।

एमालेले नीति र नेतृत्वमा 'डिपार्चर' मान्दै आएको तत्कालीन मालेको चौथो महाधिवेशनस्थल सिराहाको विष्णुपरकट्टीलाई 'राजनीतिक पर्यटन हब'का रूपमा विकास गर्ने योजना बनाएको छ। यसका लागि ७५ वर्षे इतिहास झल्काउने स्तम्भ र अन्तर्राष्ट्रिय संग्रहालय बनाउने एमालेको योजना छ।

९ देखि १४ भदौ ०४६ मा सिराहाको विष्णुपरकट्टीको सर्रे अम्बासमा सम्पन्न तत्कालीन नेकपा मालेको चौथो महाधिवेशनबाट मदन भण्डारी महासचिव चयन भएका थिए। त्यसअघि झलनाथ खनाल महासचिव थिए। यही महाधिवेशनमा कांग्रेससँग मिलेर संयुक्त जनआन्दोलन गर्ने कार्यनीति पास गरेको थियो। भण्डारीले नौलो जनवादको सट्टा बहुदलीय प्रतिस्पर्धाको नीति अँगाल्ने कार्यक्रमसमेत पहिलोपटक प्रस्तुत गरेका थिए। तर, जबज कार्यक्रमकै रूपमा तत्काल पास भएको थिएन। भूमिगत राजनीति र सशस्त्र संघर्षको धडधडीबाट पार्टीलाई मुक्त गरेर शान्तिपूर्ण खुला राजनीतिमा उतार्ने भण्डारीको प्रयासले ०४६ को जनआन्दोनको सफलतासँगै आकार ग्रहण गरेको थियो।

नीति र नेतृत्वको त्यही विरासत स्मरणीय बनाउन एमालेले त्यस क्षेत्रको संरक्षण र संवर्द्धन गर्न ७५ वर्षको इतिहास झल्किने गरी स्तम्भ निर्माण गर्ने योजना बनाएको हो। सचिवालय बैठक सकिएपछि ९ भदौमा अध्यक्ष केपी ओलीले स्तम्भको शिलान्यास गर्ने पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री लीलानाथ श्रेष्ठले बताए।

'सिराहाको चौथो महाधिवेशनबाट जननेता मदन भण्डारी पहिलोपटक महासचिवमा निर्वाचित हुनुभयो, जबजको कार्यक्रम पनि पहिलोपटक पेस भएको हो, पछि पाँचौँ महाधिवेशनले पास गऱ्यो,' श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'महाधिवेशनले पञ्चायत ढाल्न कांग्रेससँग मिलेर संयुक्त जनआन्दोलन गर्ने कार्यनीति पास गरेअनुसार संघर्ष अगाडि बढेर चैतभित्र बहुदलीय व्यवस्था स्थापना भएको हो, त्यसैले यस्तो ऐतिहासिक स्थलको संरक्षणका लागि नेपालको कम्युनिस्ट आन्दोलन ७५ वर्ष पुगेकाले इतिहास झल्किने गरी ९ भदौमा अध्यक्षले स्तम्भ शिलान्यास गर्नुहुन्छ।'



■ मधेसमा एमालेको अलग्गै मिसन

एमालेले मधेस प्रदेशमा आन्तरिक एकतामा जोड दिँदै संगठन विस्तार अभियान चलाइरहेको छ। सचिव योगेश भट्टराई इन्चार्ज भएपछि एमालेले मधेसमा एक वर्षभित्र संगठित सदस्यता कम्तीमा एक लाख ७५ हजार पुऱ्याउने गरी विस्तार अभियान चलाएको छ।

४ र ५ असोजमा प्रदेश अधिवेशनअगावै ३० हजार नयाँ संगठित सदस्यलाई एकै दिन पार्टीमा भित्र्याउने गरी एमालेले कार्यक्रम तय गरेको छ। वीरगन्जमा अलग्गै प्रदेश प्रचार कार्यालय स्थापना गरेर एमालेले डिजिटल टोली निर्माण गरी प्रचारमा जोड दिएको छ।

जसअनुसार शुक्रबार महासचिव शंकर पोखरेलको उपस्थितिमा कार्यालय उद्घाटन गरेर वेबसाइट निर्माण, टिकटकलगायतमा पार्टी नीति र योजना प्रचार गर्ने योजना एमालेले सार्वजनिक गरेको छ। दुई साताकै बीचमा एमालेले नेकपा एसबाट दुई केन्द्रीय सदस्य डिल्ली उप्रेती, साधुराम चौलागाईंसहित त्यस पार्टीबाट प्रदेश र जिल्ला नेतृत्व तहका दुई दर्जन नेतालाई पार्टीमा भित्र्याएको छ भने माओवादीबाट प्रदेशस्तरका केही नेतालाई प्रवेश गराएको छ। भट्टराईको उपस्थितिमा प्रदेश बैठकले आगामी चैत्रभित्र आठवटा जिल्ला कमिटी, एक सय ३६ पालिका कमिटी, १२ सय ७१ वडा कमिटी र ११ हजार चार सय ३९ वटा टोल कमिटीको अधिवेशन तथा गठन-पुनर्गठन सम्पन्न गर्ने प्रदेशले निर्णय गरेको छ।

त्यस्तै, मधेसको आर्थिक-सामाजिक रूपान्तरणको तत्कालीन तथा दीर्घकालीन कार्यक्रम तयारीका लागि जुली महतोको संयोजकत्वमा अलग्गै समिति बनाएर काम अगाडि बढाएको छ। पछिल्लो आमनिर्वाचनमा मधेसमा पहिलो दल बनेपछि उत्साहित एमालेले मधेसको पार्टी कामलाई विशेष महत्त्वका साथ अगाडि बढाइरहेको छ।



● **लीलानाथ श्रेष्ठ**
पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री

■ अन्तर्राष्ट्रियस्तरको संग्रहालय बनाउने

विष्णुपरकट्टी पूर्व-पश्चिम राजमार्गबाट ११ किमि टाढा धनगढीमाई नगरपालिकामा पर्छ। तत्कालीन अधिवेशन भएको घर संरक्षण गरी एमालेले स्तम्भ र अन्तर्राष्ट्रियस्तरको संग्रहालय निर्माणका लागि तीन वर्षअघि नै १४ कट्ठा जमिन खरिद गरी तारबार गरेको छ। त्यस्तै, तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको व्यक्तिगत सहयोगमा पनि थप ६ कट्ठा जमिन पनि खरिद भएको छ। श्रेष्ठका अनुसार चौथो महाधिवेशन सम्पन्न भएको घरमै एमालेका १७ जना सचिवालयका नेताहरू बैठकमा सहभागी हुनेछन्। ३४ वर्षअघि त्यही घरमा देशभरबाट ९५ जना प्रतिनिधि भूमिगत रूपमा अधिवेशनस्थल पुगेका थिए।

पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री लीलानाथ श्रेष्ठले शिलान्यासलगतै तीन-चार महिनाभित्र काम सम्पन्न गर्ने गरी अहिले पहिलो चरणमा स्तम्भको 'डिजाइन'को काम भइरहेको बताए। 'डिजाइन'को काम सकिएपछि संग्राहलय कस्तो बन्ने टुंगो लाग्ने उनको भनाइ छ। स्तम्भ र संग्रहालयका लागि एमालेले केन्द्रीय कोषका अतिरिक्त स्वःस्फुर्त रूपमा नेता-कार्यकर्ताबाट स्रोत जुटाउने तयारी गरेको छ।

'अन्य मुलुकबाट कम्युनिस्ट पार्टीका नेताहरू आउँदा पनि घुम्न र अध्ययन गर्न मिल्ने गरी स्तम्भ र संग्रहालय बनाउँछौं,' श्रेष्ठले भने, 'अन्य मुलुकमा जसरी चर्चित कम्युनिस्ट नेताहरूको जन्मस्थल, सम्मेलनस्थललाई पर्यटन गन्तव्यका रूपमा संरक्षण गरिएको छ, हामीले पनि त्यस्तै गर्न खोजिरहेका छौं।'

केन्द्रीय कमिटीबाटै निर्णय गरेरै पार्टी स्थापनाको ७५औं वर्ष (हीरक महोत्सव) विविध कार्यक्रमसहित मनाइने निर्णय गरेको थियो। जसअनुसार नेपाली कम्युनिस्ट आन्दोलनको आधिकारिक इतिहास लेखन, लोकतन्त्र र रूपान्तरणका लागि भएका संघर्ष, ७५ वर्षे यात्राको वृत्तचित्र निर्माण, 'सेल्टर' पुस्तक प्रकाशन, ऐतिहासिक स्थलहरूको संरक्षण र संवर्द्धन र अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने निर्णय गरेको थियो। त्यसअनुसार नै एमालेले सिराहामा सचिवालय बैठक आयोजना गर्न लागेको हो।

केन्द्रीय प्रचार विभागका सचिव गगन विष्टले नीति र नेतृत्वका हिसाबले पार्टीको चौथो महाधिवेशन ऐतिहासिक भएकै कारण पार्टीले ऐतिहासिक स्थलको प्रवर्द्धन गर्ने गरी बनाएको योजनालाई कार्यान्वयन गर्न लागिएको बताए। 'चीनमा माओलगायत ठूला नेता जन्मिएको र महाधिवेशन भएको ठाउँलाई जसरी संरक्षण गरिएको छ, त्यही स्तरबाट गर्न नसकिए पनि हामीले पनि धेरै कुरा सिकेर केही काम गर्न लागेका हौं,' विष्टले भने।

■ मधेसमा अवैधानिक रकमान्तर प्रकरण

छानबिन समितिले बोलायो मुख्यमन्त्री कार्यालयसहित सातै मन्त्रालयका सचिवलाई

हदिश खुद्दार/**नयाँ पत्रिका**



मधेस प्रदेश सरकारले गत आर्थिक वर्ष ०७९/८० मा अवैध रूपमा गरेको रकमान्तरमाथि छानबिन गर्न गठन भएको विशेष संसदीय छानबिन समितिले सक्रियता बढाएको छ। समितिको आइतबारको बैठकले गत आर्थिक वर्षको अन्त्यतिर गरेको रकमान्तरको विवरणसहित तोकिएको समय र स्थानमा उपस्थित हुन प्रदेश सरकारका सबै मन्त्रालयका सचिव तथा सरोकारवाला निकायलाई निर्देशन दिएको छ।

बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सातवटा मन्त्रालयका सचिवलाई २१ साउनको पत्रअनुसार माग गरिएका विवरणसहित उपस्थित हुन भनिएको छ। समितिले ५ भदौमा मुख्यमन्त्री कार्यालयका सचिवलाई बोलाइएको छ भने त्यसपछि क्रमशः भौतिक पूर्वाधार, शिक्षा, समाज कल्याण, कृषि तथा सहकारी, स्वास्थ्य तथा जनसंख्या, गृह तथा सञ्चार र अर्थ मन्त्रालयका सचिवलाई डाकेको हो। समितिले लेखानियन्त्रकको कार्यालयबाट ०७९/८० को मन्त्रालय गत खर्च प्रगतिको विवरण तथा खर्चको फाँटवारी झिकाउने निर्णय गरेको छ। स्थानीय तहसँग समेत समितिले विवरण उपलब्ध गराउन पत्राचार गरेको छ। पालिकाले तोकिएको समयमा विवरण उपलब्ध नगराए प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न शीर्षकको रकम कट्टा गर्न सिफारिस गर्न सक्ने निर्णयसमेत भएको समितिका संयोजक प्रदेश सांसद उपेन्द्र महतोले जानकारी दिए।

अवैध सुन चोरी-पैठारीका अभियुक्त सम्पत्ति शुद्धीकरणमा पनि दोषी

काठमाडौं/ अवैध सुन चोरी-पैठारी र हातहतियार मुद्दाका दुई अभियुक्त सम्पत्ति शुद्धीकरण मुद्दामा पनि दोषी ठहर भएका छन्। आइतबार विशेषले यस मुद्दाका दुई प्रतिवादीलाई सजाय सुनाएको छ भने फुलनाज बेगमले सफाइ पाएकी छिन्। श्रीकान्त पौडेल र शालिग्राम कोइरालाको इजलासले यस्तो फैसला गरेको हो। विशेषका अनुसार तीनजना प्रतिवादीले मिलेमतो गरी अवैध च्यानलको प्रयोगबाट अवैध चोरी पैठारी गरेको ठहर भएको छ।

विशेषका अनुसार निलेश एल सखिया भनिने निलेश लवजीभाइ सखिया र राजु मुन्ना खान सदरुल अन्सारीलाई दुई दुई वर्ष कैद सजाय सुनाएको छ। उनीहरूले अवैध चोरी पैठारीबाट आर्जन गरेको ५८ लाख ६५ हजार रुपैयाँ नेपाल भित्र्याएको तथा उक्त रकम सम्पत्ति शुद्धीकरण गर्ने प्रयोजनका लागि सुनचाँदी खरिद गरेको ठहर विशेषको छ। यस कार्यमा प्रयोग भएको बा.६च ५५१९ नम्बरको गाडीधनी फुलनाजलाई सफाइ दिइएको छ। उनीहरूले सम्पत्ति शुद्धीकरण गरेको रकमबराबर सखिया र अन्सारीलाई बिगो कायम भएको छ भने त्यसको दोब्बर रकम जरिवाना हुने फैसला भएको छ।

गत वर्ष सुन्धारामा भेटिएको सुनको जलप लगाइएको १४ किलो सुन तथा पेस्तोलसँग यी दुवैजना जोडिएका हुन्। उनीहरूविरुद्ध हातहतियार तथा खरखजाना, सुनचाँदी चोरी पैठारी, डाँका र संगठित अपराध मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर भएपछि सम्पत्ति शुद्धीकरण पनि छानबिन सुरु भएको थियो।

प्रस्तावित प्रधानन्यायाधीश श्रेष्ठको सुनुवाइ आज

काठमाडौं/ सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा सिफारिस वरिष्ठ न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको संसदीय सुनुवाइ सोमबारदेखि सुरु हुने भएको छ। संसदीय सुनुवाइ समितिले बिहान ११ बजेदेखि श्रेष्ठको सुनुवाइ गर्ने समिति सचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिए। तत्कालीन प्रधानन्यायाधीश हरिकृष्ण कार्की ६५ वर्षे उमेरहदका कारण अनिवार्य अवकाशमा गएपछि १८ साउनमा बसेको संवैधानिक परिषद् बैठकले श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा सिफारिस गरेको थियो।



२३ साउनमा श्रेष्ठविरुद्ध उजुरी आह्वान गरेर आइतबार सांसदहरूलाई वितरण गरेको संसदीय समितिले सोमबार बिहान साढे १० बजे उजुरीकर्तासँग छलफल गर्ने र त्यसको एक घन्टापछि श्रेष्ठको सुनुवाइ गर्ने निर्णय गरेको हो। सचिव पाण्डेयका अनुसार श्रेष्ठविरुद्ध तीनवटा उजुरी परेकोमा एकजना मात्रै सम्पर्कमा छन्। दुईवटा उजुरी इमेलमा आएकोमा संवैधानिक परिषद्को सिफारिसमाथि कानुनी प्रश्न उठाउने खालका छन्।

सम्पर्कमा रहेको व्यक्तिले श्रेष्ठको कामकारबाही र मुद्दाविशेषमा गरेको फैसलामा प्रश्न उठाउँदै उजुरी दिएका छन्। ती उजुरीकर्तासँग छलफल गरेर न्यायाधीश श्रेष्ठको कार्ययोजना सुन्ने, सांसदसँग सवालजवाफ हुनेछ। त्यसपछि समितिले अनुमोदन गर्ने वा नगर्ने निर्णय लिनेछ। समितिबाट अनुमोदन भएमा श्रेष्ठलाई राष्ट्रपतिले नेपालको नयाँ प्रधानन्यायाधीश नियुक्त गर्नेछन्।

कर्णालीको हवाई टिकट सहज बनाउन अन्तरिम आदेश

काठमाडौं/ हुम्लाको हवाई टिकट सर्वसुलभ तथा सहज बनाउन सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ। न्यायाधीश हरिप्रसाद फुँयालको एकल इजलासले अधिवक्ता रामबहादुर शाहीले दायर गरेको रिटउपर अन्तरिम आदेश दिएको हो। इजलासले विपक्षीहरूबाट जवाफसमेत माग गरेको छ।

नियमित उडान नहुँदा हुम्लामा पछिल्लो एक महिनामा चारजनाको ज्यान गएको छ। हवाईजहाज एक मात्र यातायातको साधन भए पनि उडान अनियमित र टिकटमा कालोबजारी हुँदा सर्वसाधारणले अकालमै मृत्युवरण गर्नुपरेको भन्दै यातायात सहज बनाउन हुम्लाका खार्पुनाथ गाउँपालिका घर भएका अधिवक्ता शाहीले बिहीबार रिट दर्ता गराएका थिए। उनले हुम्लामा हवाई सेवा अनियमित भएको र हवाई सेवा शुल्कसमेत तुलनात्मक रूपले महँगो भएको, कर्णाली प्रदेशमा सिन्डिकेटमा हवाई यातायात चल्ने गरेको तथा उडान अनियमित भइरहँदा त्यहाँका बासिन्दाले अकालमै ज्यान गुमाउनुपरेको घटनासमेत रहेको शाहीको दाबी छ। रिटमा नागरिक उड्डयन प्राधिकरण, कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री, नेपाल सरकार, कानुन मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालयलगायत सम्बद्ध १० निकायलाई विपक्षी बनाइएको छ।

'हुम्ला जाने हवाईमार्ग नेपालगन्ज-हुम्ला, सुर्खेत-हुम्ला र कहिलेकाहीं काठमाडौंबाट हुम्ला लिने। तर यसको निरन्तरता नगरी हवाई सेवा कम्पनीहरूले आफ्नो अनुकूलता नहुँदा नलिने, यदि लिइहाले पनि भौगोलिक विकटताको फाइदा उठाउँदै नेपालको अरू क्षेत्रभन्दा तीन चार गुणा बढी भाडादर असुल गर्दै आइरहेको अवस्था छ,' रिटमा भनिएको छ, 'हवाई टिकट नपाइने, पाइहाले पनि अरू जिल्लाको भन्दा अत्यधिक मनपरी भाडादर तिर्नुपर्ने, सोही टिकटमा पनि महिनौं दिन कुर्दासम्म पनि कहिले हुम्ला पुगिने हो, कहिले हुम्लाबाट नेपालगन्ज सुर्खेत पुग्ने हो, कुनै ठेगान नहुनेजस्ता समस्या हुम्ली जनताले लामो समयदेखि खेप्दै-भोग्दै आइरहेको हो।' राष्ट्रिय राजमार्गसँग सडक सञ्जाल नजोडिएको एक मात्र जिल्ला हुम्लामा विमान एक मात्र विकल्प हो।

संक्षेप

पहिरोले बैंसीसहर-चामे सडक पुनः अवरुद्ध

लमजुङ/ पहिरोले बैंसीसहर-चामे सडक पुनः अवरुद्ध भएको छ। आइतबार बिहान लमजुङ र मनाङ जोड्ने यस सडकखण्डअन्तर्गत खरखरेभिर, हवाईडाँडा, बक्स कटिङ र च्याम्चेमा गएको पहिरोले सडक पुनः अवरुद्ध भएको डुम्रे-बैंसीसहर-चामे सडक योजना कार्यालयले जनाएको छ।

कार्यालयका सूचना अधिकारी इन्जिनियर पुरुषोत्तम अधिकारीका अनुसार बैंसीसहर नगरपालिका- ६ खरखरेभिर, मर्स्याङ्दी गाउँपालिका- ४ स्थित तीन ठाउँमा पहिरो गएको छ। सो स्थानमा ठूला-ठूला ढुंगासहितको पहिरोले सडक अवरुद्ध भएको हो। केही ठाउँमा सडक खुलाउने प्रयास भए पनि समय लाग्ने भएको छ। सडक अवरुद्ध भएसँगै सवारीसाधन सञ्चालन हुन नसक्दा यात्रु अलपत्र परेका छन्। यसअघि गत आइतबारसमेत नार्सों गाउँपालिका- १ तालडाँडामा पहिरोले सडक अवरुद्ध बनाएको थियो।

त्यस्तै, ६ दिनअघिसमेत यस सडकको विभिन्न स्थानमा पहिरोले सडक अवरुद्ध बनाएको थियो। यसरी पटक-पटक सडक अवरुद्ध हुँदा जिल्लाको उत्तरी भेगका स्थानीय र मनाङवासीलाई मर्का पर्दै आएको छ। सडक सञ्चालनमा आएको वर्षौं भए पनि सडक गुणस्तरीय बन्न नसक्दा थप जीर्ण र जोखिम रहँदै गएको यात्रुहरूले बताएका छन्। ६५ किलोमिटरको यस सडक लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किलोमिटर छ।

कागबेनीमा बाढीले पुरिएको डेढ करोड फेला

मुस्ताङ/ कागबेनीमा बाढीले पुरिएको डेढ करोड रुपैयाँभन्दा बढी रकम फेला परेको छ। आइतबार स्थानीयवासी, सुरक्षाकर्मी र बैंकका कर्मचारीद्वारा भग्नावशेष उत्खनन गर्ने क्रममा उक्त रकम भेटिएको हो। बाढीले पुरिएको बैंकको भवन खोतल्दा प्रभु बैंकको ५१ लाख ६२ हजार दुई सय २६ र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको एक करोड पाँच लाख ३२ हजार नौ सय ६४ फेला परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक रवीन्द्रनाथ पौडलले जानकारी दिए।

बाढीले प्रभु बैंकको भवन नै बगाएको थियो भने नेपाल इन्भेस्टमेन्ट मेगा बैंक भएको घर दुई तलासम्म बाढीसँगै आएको लेदोले भरिएको प्रहरी नायब उपरीक्षक पौडेलको भनाइ छ। एक सातापछि फेला परेको रकम सुरक्षित नै रहेको उनले बताए। प्रहरी नायब उपरीक्षक पौडेलले भने, 'आइतबार गाउँले, सुरक्षाकर्मी र बैंकका कर्मचारीले उत्खनन गर्ने क्रममा पैसा फेला परेको छ, भल्टसँगै पैसा फेला परेको हुँदा पैसा सुरक्षित नै देखियो, बैंकको भवन छुट्टाछुट्टै थिए, त्यसले गर्दा कुन बैंकको पैसा हो भन्ने पत्ता लगाउन सहज भयो।' (रासस)

तातोपानी पुग्ने सडक सरकारी बेवास्ताले जीर्ण

न भूकम्पले भत्काएका घरको भग्नावशेष हटाइयो, न सडक पुनर्निर्माण भयो

■ **रमेश न्यौपाने**, प्रजिअ, सिन्धुपाल्चोक



सडक र भौतिक पूर्वाधारको अवस्था अत्यन्तै कमजोर छ। जोखिमपूर्ण सडक तय गरेर सीमाक्षेत्र तातोपानी पुगुपर्छ। पुनर्निर्माणका लागि माथिल्लो निकायबाट पूर्वाधारको क्षेत्रमा बजेट छुट्याउनुपर्ने आवश्यकता छ।

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

१२ वैशाख ०७२ को भूकम्पअघि कोदारी सडकले चीनसँगको अन्तर्राष्ट्रिय नाका तातोपानीको भार जेनतेन थेगेको थियो। त्यसयता जीर्ण बनेको सडक मर्मत नहुँदा यो मार्ग भएर नेपाल भित्रने कन्टेनर सास्ती खेपिरहेका छन्। यस मार्गमा गाडी गुडाउन जीवन हत्केलामा राख्नुपर्ने अवस्था रहेको चालकहरू बताउँछन्।

चीनको न्यालम काउन्टीअन्तर्गत रहेको व्यापारिक बजार जाङ्मु (खासा)बाट दैनिक आउने कन्टेनर जब नेपाल प्रवेश गर्छन्, तब चालकले जीवन हत्केलामा राखेर साधन चलाउनुपर्छ। यो जोखिमपूर्ण अवस्थाबारे जानकार हुँदाहुँदै पनि सरकारी पक्षबाट सडक पुनर्निर्माणमा लगातार बेवास्ता भएको पीडितहरूको गुनासो छ।

नेपाल-चीनबीच महिनामा दुईपटकसम्म सीमा सुरक्षासम्बन्धी बैठक हुन्छ। नाका खुलाउने भनेर वाणिज्य, अर्थ, गृहसँग सम्बन्धित प्रतिनिधि र विभिन्न राजनीतिक दलका नेता वेलावेला तातोपानी पुगिरहन्छन्। तर, बाढीपहिरोले खियाएको जीर्ण सडकमा रहेका दर्जनौं अवरोध छिचोल्दै घन्टौं लगाएर तातोपानी पुग्नुपर्ने विवशता अन्त्य भएको छैन।

बाह्रबिसेबाट बिहानै हिँडेका स्थानीय २६ किलोमिटर सडकका लागि पाँच सय भाडा तिरेर बेलुका मात्र घर पुग्छन्। बाह्रबिसे बजारबाट तातोपानीतर्फ जाने सवारीसाधनले जोखिमपूर्ण सडकको यात्रा गर्नुपरेकाले बढी भाडा लिने गरेको स्थानीय बताउँछन्।



सडक अवलोकन गर्न पुग्दा देखिन्छ- सडक डिभिजन कार्यालय चरिकोटले बाटो सफा गर्न एउटा लोडर र एउटा ट्रकलाई नियमित काममा खटाएको छ। सडकभरि पहिरो, जतातते बाढीको कटान र कतिपय ठाउँमा सडक भासिएकाले सुधार गरेर साध्य नै छैन। भूकम्प र बाढीले ढालेर बाँकी रहेका सडक किनारमा अवस्थित घरका भग्नावशेष हटाइएको छैन।

अध्यागमन कार्यालय कोदारीमा कार्यरत कर्मचारी स्थानीय तिलक मगरले दिएको जानकारीअनुसार लिपिडमा २०, कोदारीमा १५, तातोपानीमा १०, लार्चादेखि बाह्रबिसेको जम्बुसम्म करिब ५० घरको भग्नावशेष भूकम्पदेखि हालसम्म जस्ताको तस्तै छ। कतिपय घरको ढल्न बाँकी आधा भाग कतिवेला लड्छ ठेगान छैन। नाका पुग्ने सवारी र यात्रु ढल्न बाँकी भग्नावशेष चियाउँदै सडक पार गर्छन्। नाकामा सरकारी कार्यालय अध्यागमन र क्वारेन्टिन, सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ, हिमालय सीमापार वाणिज्य संघ, नेपाल-चीन मितेरी व्यापार संघ र अरू विभिन्न व्यापारिक संघसंस्था पुनर्स्थापित हुन सकेका छैनन्। 'तत्काल कुनै संघसंस्था पुनर्स्थापित हुने सम्भावना छैन,' सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार बस्नेतले नयाँ पत्रिकासँग भने। नाकाबाट मानिस आवतजावत सुरु हुनासाथ भने कार्यालय स्थापित हुने उनले बताए।

'माथिल्लो निकायबाट पूर्वाधारको क्षेत्रमा बजेट छुट्याउनुपर्ने आवश्यकता छ,' जोखिमपूर्ण सडक तय गरेर सीमाक्षेत्र तातोपानी पुगेका सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले भने, 'सडक र भौतिक पूर्वाधारको अवस्था अत्यन्तै कमजोर छ।' गत महिना चीनको ल्हासा पुगेका न्यौपानेले त्यहाँस्थित महावाणिज्यदूत नवराज ढकालसँगै चिनियाँको विभिन्न फोरममा तातोपानी नाकाबारे यथार्थ चित्र प्रस्तुत गरेका थिए। 'नाकाको अवस्था र भावी सम्भावनाबारे चिनियाँको साना-ठूला सबै फोरममा यी कुरा स्पष्ट राखेको छु। चिनियाँहरू तातोपानी नाका पूर्ववत् खुलाउन लागिरहेका छन्। यो नाका मित्रराष्ट्र चीनको प्राथमिकतामा छ,' उनले प्रस्ट्याए।

> लिपिडमा २०, कोदारीमा १५, तातोपानीमा १०, लार्चादेखि बाह्रबिसेको जम्बुसम्म करिब ५० घरको भग्नावशेष भूकम्पदेखि जस्ताको तस्तै छ। कतिपय घरको ढल्न बाँकी आधा भाग कतिवेला लड्छ ठेगान छैन। नाका पुग्ने सवारी र यात्रु ढल्न बाँकी भग्नावशेष चियाउँदै सडक पार गर्छन्।

नेपालतर्फको पूर्वाधारजस्तो भए पनि चिनियाँहरू खासा पुनर्निर्माणमा जुटिरहेका छन्। साउनदेखि खासा क्षेत्रको सम्पूर्ण पुनर्निर्माण सुरु भएको छ। आउँदो डिसेम्बरसम्म खासाका स्थानीयलाई पुनर्स्थापना गर्ने सरकारको लक्ष्य रहेको खासास्थिति चिनियाँ विदेश विभागले जनाएको छ।

खासाली चिनियाँ अधिकारीले दिएको जानकारीअनुसार आउँदो सेप्टेम्बरबाट भोटेकोसीका स्थानीयलाई खासाभन्दा तल रमितेसम्म प्रवेश गर्न दिने योजना छ। चिनियाँ क्षेत्रको रमितेमा बनाइएको कस्टम यार्डमा केही दिनअघि नेपाली कन्टेनर प्रवेश गराएर परीक्षण गरिएको थियो। नाका नखुल्दा सीमाक्षेत्रका अधिकांश मानिस राजधानी र विदेश गइरहेको सूचना पाएपछि चीनले तातोपानीबाट आयात, निर्यात र सर्वसाधारणको आवतजावत सहज बनाउने तयारी गरेको हो।

एकीकृत समाजवादी भ्रष्टाचारविरुद्ध खरो उत्रन नसकेको गुनासो

नयाँ पत्रिका

सत्तारूढ दल एकीकृत समाजवादीको पोलिटब्युरो बैठकमा भ्रष्टाचार र जनजीविकाको सवालमा पार्टी खरो रूपमा उत्रन नसकेको चर्चा भएको छ। आइतबार बोलेका अधिकांश पोलिटब्युरो सदस्यले भ्रष्टाचारविरोधी अभियानलाई सडक, सदन र सरकारबाट खरो रूपमा उठाउन सुझावसमेत दिए।

सरकार र संसदमा पार्टीको भूमिका प्रभावकारी नभएको गुनासोसमेत बैठकमा व्यक्त भएको छ। 'विकास निर्माणमा भ्रष्टाचार, कमिसनले बाधा

■ नबिराउनू, नडराउनू

माधवकुमार नेपाल, अध्यक्ष

कतिपयले नियोजित हल्ला गर्छन्। हामी नबिराउनू, नडराउनू भन्ने मान्यतामा विश्वास गर्छौं। राम्रो काम गर्दा डराउनुपर्दैन। भ्रष्टाचार हिजो पनि गरिएन, आज पनि गरिएको छैन। भोलि पनि गर्दैनौं। नियमसम्मत काम गर्दा डराउनुपर्दैन। सत्य, कानुन र संविधान रक्षाका निम्ति हामीले लडेको हो। समाजवादीले हीनताबोध गर्नुपर्दैन।



पुऱ्याएको छ। जनजीविकाका तमाम सवाल छन्। तर, हाम्रो उपस्थिति न सरकारमा प्रभावकारी देखिएको छ, न सदनमा,' सदस्यहरूको भनाइको निष्कर्ष सुनाउँदै एक पोलिटब्युरो सदस्यले भने, 'गठबन्धन सरकारले भ्रष्टाचारविरोधी अभियानका क्रममा गरेका राम्रा र पार्टीले गरेका राम्रा कामको समेत प्रचारप्रसार पर्याप्त हुन सकेको छैन।'

सदस्यहरूले ०७९ को निर्वाचनपछि राष्ट्रिय राजनीतिको परिस्थिति फेरिएको भन्दै एमाले, रास्वपा र राप्रपाले भ्रम फैलाउने काम गरेको जिकिर गरे। पोलिटब्युरो सदस्य दिलु पन्तका अनुसार प्रतिपक्ष दलहरूले गठबन्धन सरकारविरुद्ध भ्रम फैलाएर जनतालाई अलमल्याएको भन्दै सदस्यहरूले भ्रम चिर्ने गरी रणनीतिक योजनाका साथ अघि बढ्नुपर्ने सुझाव दिएका छन्। '०७९ को निर्वाचनपछि राजनीतिक परिस्थिति फेरिएको छ। सरकार गठबन्धनको छ। विपक्षी एमाले, राप्रपा, रास्वपाले भ्रम फैलाएका कारण जनता अन्योलमा रहेका छन्। भ्रमपूर्ण कुराको खण्डन गर्नुपर्छ। जनतालाई यथार्थ अवस्था बताउनुपर्छ,' बैठकमा व्यक्त भएका धारणा सुनाउँदै उनले भनिन्।

बैठकमा सदस्यहरूले विदेशी चलखेल भइरहेको पनि बताएका छन्। समस्यालाई छिटो-छरितो निराकण गरेर पार्टीलाई सशक्त बनाउनुपर्नेमा सदस्यहरूले जोड दिएका छन्। जनवर्गीय संगठनहरूलाई विषयकेन्द्रित बनाएर परिचालन गर्नुपर्ने सुझाव पनि पोलिटब्युरो सदस्यहरूको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय ईनरुवाको धितोमा रहेको सम्पति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड (सविक एन.सी.सी. बैक लि.) शाखा कार्यालय ईनरुवाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा विक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ ११ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय ईनरुवामा लिलाम बिक्री गरी बैकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:

क. कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७७/०९/१५ मा दर्ता नं २५१६०२/ ०७७/०७८ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, गढि गा.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिता ब्रिक इन्डष्ट्रिज प्रा.लि.** (सञ्चालक टिमाइ यादवको नाती, थपाई यादवको छोरा सिता देवी यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **महेन्द्र यादव**, ना.प्र.नं. १४०६, जारी मिति २०४५/०१/२७, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. टिमाइ यादवको नाती, थपाई यादवको छोरा सिता देवी यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **महेन्द्र यादव** (ना.प्र.नं. १४०६, जारी मिति २०४५/०१/२७, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
२. टिमाइ यादवको नाती, थपाई यादवको छोरा सुनिता यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **उपेन्द्र यादव** (ना.प्र.न. २३९५१/२५९५१, जारी मिति २०५१/०८/०७ जिल्ला प्रशासन कार्यालय सुनसरी)।
३. टिमाइ यादवको नाती, थपाई यादवको छोरा अमिला कुमारी यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **विलक्षण यादव** (ना.प्र.नं. २३८३९/ २५८३९, जारी मिति २०६५/०९/०२, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
४. टिमाइ यादवको नाती, थपाई यादवको छोरा काला कुमारी यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स वडा नं. ६ बस्ने **पवित्र यादव** (ना.प्र.नं. ६०८१/७०८१, जारी मिति २०५४/०४/१७, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
५. कन्तु यादवको नाती, टिमाइ यादवको छोरा मनरी देवी गोपको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **थपाई यादव** (ना.प्र.नं. १२३०५९/५६०, जारी मिति २०३४/११/१५, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
६. थपाई यादवको बुहारी, गर्मि यादवको छोरी विलक्षण यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **अमिला कुमारी यादव** (ना.प्र.नं. ०६१०२३/ १३२२१४, जारी मिति २०६५/०९/०२, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
७. थपाइ यादवको बुहारी, सत्यनारायण यादवको छोरी पवितर यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गाविस वडा नं. ६ (साविक सुनसरी जिल्ला राजगंज सिनुवारी गा.वि.स.वडा नं. ४) बस्ने **काला कुमारी यादव** (ना.प्र.नं. ०६३०२४/३०१, जारी मिति २०७०/०२/०५, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
८. थपाई यादवको बुहारी, असर्फी गोप यादवको छोरी महेन्द्र यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **सिता देवी यादव** (ना.प्र.नं. ४२२०२/ ४४२०२, जारी मिति २०५४/१२/०६, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
९. थपाई यादवको बुहारी, गर्जु यादवको छोरी उपेन्द्र यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **सुनीता यादव** (ना.प्र.नं. ०६१०२३/१६१९७१ जारी मिति २०६७/१२/२२, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
१०. टिमाइ यादवको बुहारी, बच्चालाल यादवको छोरी थपाई यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ (साविक भारदह गा.वि.स. वडा नं. ४) बस्ने **मनरी देवी गोप** (ना.प्र.नं. १२६४१२९५/४७८, जारी मिति २०३७/११/२३, जिल्ला प्रशासन कार्यालय सप्तरी)।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **काला कुमारी यादवको** नाममा मालपोत कार्यालय इनरुवा ,सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ९/ख स्थित कित्ता नं. १३४६ को क्षेत्रफल ०-०-९-० (वि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **उपेन्द्र यादवको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं.६/क स्थित कित्ता नं.६७७, ६७६, ६७९, ६७४ र ५४९ को क्षेत्रफल क्रमश ०-२-०-०, ०-१-१४-०, ०-१-६-०, ०-१-८-०, र ०-४-१७-० (वि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **पवितर यादवको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६/क स्थित कित्ता नं. ६७५ र ६७८ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-१७-० (वि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. धनी कुमारी बैक लि. (साविक एन.सी.सी. बैक लि.) र ऋणी **सिता ब्रिक इन्डष्ट्रिज प्रा.लि.** कायम भई प्रदेश १ यातायत व्यवस्था कार्यालयमा दर्ता रहेको ई.नं H00314221, च्यासिस नं. HAR3DXSUC03018180, सवारी नं प्र. १-०२-००१ क ४४९० को JCB 3DX Super BHL 2021 थान १।
५. धनी कुमारी बैक लि. (साविक एन.सी.सी. बैक लि.) र ऋणी **सिता ब्रिक इन्डष्ट्रिज प्रा.लि** कायम भई प्रदेश १ यातायत व्यवस्था कार्यालयमा दर्ता रहेको ई.नं. A40TVBK0011602 च्यासिस नं. XBK350039813 सवारी नं.प्र. १-०२-००३ त १२५१ को DI-350 Tractor 2020 थान १।

२. ऋणीको विवरण:

ख. साझेदारी फर्म ऐन, २०७७ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७८/०१/०७ मा सा.फा.नं. ३६३/२०७७/०७८ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, गढि गा.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **कृष्ण गाई फर्म**।

साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. टिमाइ यादवको नाती, थपाई यादवको छोरा सिता देवी यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स वडा नं. ६ बस्ने **महेन्द्र यादव** (ना.प्र.नं. १४०६, जारी मिति २०४५/०१/२७, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
२. टिमाइ यादवको नाती, थपाई यादवको छोरा सुनिता यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **उपेन्द्र यादव** (ना.प्र.न. २३९५१/२५९५१, जारी मिति २०५१/०८/०७ जिल्ला प्रशासन कार्यालय सुनसरी)।
३. गोहल यादवको नाती, रामनारायण यादवको छोरा अमिला कुमारी यादवको पति, सुनसरी जिल्ला, ईनरुवा न.पा. वडा नं. ६ (साविक मधेशा गा.वि.स. वडा नं. ७) बस्ने **पंकज यादव** (ना.प्र.नं. ०६-०१-७०-०७४८०, जारी मिति २०७०/०७/११, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
४. टिमाइ यादवको नाती, थपाई यादवको छोरा काला कुमारी यादवको पति, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **पवितर यादव** (ना.प्र.नं. ६०८१/७०८१, जारी मिति २०५४/०४/१७, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
५. थपाई यादवको बुहारी, गर्जु यादवको छोरी उपेन्द्र यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **सुनीता यादव** (ना.प्र.नं. ०६१०२३/१६१९७१ जारी मिति २०६७/१२/२२, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
६. गोहल यादवको बुहारी, थपाई यादवको छोरी राम नारायण यादवको पत्नी, सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ६ (साविक मधेशा गा.वि.स वडा नं. ७) बस्ने **विनिता यादव** (ना.प्र.नं. ०६३०२२/३५६१, जारी मिति २०६३/११/२७, जिल्ला प्रशासन कार्यालय सप्तरी)।
७. थपाइ यादवको बुहारी, सत्यनारायण यादवको छोरी पवितर यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स वडा नं. ६ (साविक राजगंज सिनुवारी गा.वि.स वडा नं. ४) बस्ने **काला कुमारी यादव** (ना.प्र.नं. ०६३०२४/३०१, जारी मिति २०७०/०२/०५, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
८. थपाई यादवको बुहारी, असर्फी गोप यादवको छोरी महेन्द्र यादवको पत्नी, सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने **सिता देवी यादव** (ना.प्र.नं. ४२२०२/ ४४२०२, जारी मिति २०५४/१२/०६, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
९. गोफली यादवको नाती, गोहल यादवको छोरा विनिता यादवको पति, सुनसरी जिल्ला, ईनरुवा न.पा वडा नं. ६ (साविक मधेशा गा.वि.स वडा नं. ७) बस्ने **राम नारायण यादव** (ना.प्र.नं. २९२/१५१७, जारी मिति २०४६/०१/२०, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **राम नारायण यादवको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. ७ स्थित कित्ता नं. १२२८ र १२९५ को क्षेत्रफल क्रमश ०-५-१२-० र ०-३-९-० (वि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० भदौ १० गते** भित्र बैकको शाखा कार्यालय ईनरुवामा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैक लिमिटेडको शाखा कार्यालय ईनरुवाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलवन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैक लि.मा जम्मा गरेको भौचर, कुमारी बैक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० भदौ ११ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा शाखा कार्यालय ईनरुवामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैक विदा परेमा सोको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन विदा परेमा समेत विदाको लगत्तै पछि बैक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैकको शाखा कार्यालय ईनरुवामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैक आफैले सकार गर्दाको अवस्थामा समेत बैकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० भदौ ११ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय ईनरुवा फोन नं. ०२५-५६६७५१/५२

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०५/०४ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले बनेपा शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, र जमानीकर्ताहरुलाई समेत सुचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पुर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेम। ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पुर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ।

ऋणी संस्थाको नाम : श्री उग्रतिर्थ वचत तथा ऋण सहकारी संस्था लिमिटेड। रजिष्टर्ड ठेगाना : बनेपा १०,काभ्रे । हालको ठेगाना बनेपा ८, काभ्रे **दर्ता नं: १५१३/०६६**

संचालक तथा जमानीकर्ताको विवरण

१. नाम : मोहन वहादुर गजुरेल (अध्यक्ष तथा जमानीकर्ता) बाबु : धन वहादुर गजुरेल बाजे : चन्द्र वहादुर गजुरेल ना प्र नं. : १०९६९४ ठेगाना : काभ्रे ६, काभ्रेपलाञ्चोक	**२) नाम : श्रीराम वस्नेत . (उपाध्यक्ष जमानिकर्ता)** बाबु : रामचन्द्र वस्नेत बाजे : मान वहादुर वस्नेत ना.प्र.नं : ४२०९ ठेगाना : पनौती,काभ्रेपलाञ्चोक	**३) नाम : शान्तमणी रिजाल (सचिव जमानीकर्ता)** बाबु :तुलसी प्रसाद रिजाल बाजे : रुकम कुमार रिजाल ना.प्र.नं : ११२६४ ठेगाना :डुमरवाना ८,वारा
४) नाम : चण्डिका चौलागाई. (कोषाध्यक्ष जमानिकर्ता) बाबु रामशरण चौलागाई बाजे कृष्ण वहादुर चौलागाई ना.प्र.नं :३०-०१-७०-०९२१९ ठेगाना धुलिखेल १,काभ्रेपलाञ्चोक	**५) नाम : जिसन आचाजु (सदस्य,जमानीकर्ता)** बाबु :मंगलकृष्ण आचाजु बाजे मानवहादुर आचाजु ना.प्र.नं :२२ २२१०१४-४३ ठेगाना भिमेश्वर ४,दोलखा	**६) नाम : सविना अवा (सदस्य,जमानीकर्ता)** बाबु रमेश अवा बाजे : सामलाल अवा ना.प्र.नं : ३० ०१-०८८-२३८४९ ठेगाना बनेपा २,,काभ्रेपलाञ्चोक
७) नाम : तारानाथ अर्याल (सदस्य) बाबु :मनोएध अर्याल, बाजे : तारानाथ अर्याल, ना.प्र.नं : ३३२०११/२५१८६, ठेगाना :निजगड ५,बारा		

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१ श्री उग्रतिर्थ वचत तथा ऋण सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय काभ्रे .मा दर्ता श्रेस्ता कायम रहेको काभ्रे जिल्ला बनेपा न.पा. वडा नं. १० को कित्ता न ३४५१ को क्षेत्रफल (७०.९४ व.मि.). जग्गा र कित्ता न २५४१ को क्षेत्रफल (१०४ व.मि.) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop

कुमारी बैंक लिमिटेड शाखा कार्यालय इनरुवा, सुनसरीको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०५/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड शाखा कार्यालय इनरुवा, सुनसरीवाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

१. ऋणीको विवरण:

प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय विराटनगर मोरङमा मिति २०७६/०७/१९ मा प्रा.फा.नं.घ.उ.मो. १५९१६/०७६/०७७ मा दर्ता भई करदाता सेवा कार्यालय विराटनगरवाट स्थायी लेखा नम्बर (पान) १००१८२०२२ को प्रमाणपत्र प्राप्त गरेका सुनसरी जिल्ला, बुढीगंगा गा.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **धरहरा कृषि फर्म** (प्रोप्राईटर लोहि लाल गछदार/माया वती गछदारको नाती, यदुनन्दन गछदार खवास/सुकतनी गछदारको छोरा, मधु जवेगुको पती, मोरङ जिल्ला, बुढीगंगा गा.पा., वडा नं. ०७ (साविक मोरङ जिल्ला डंग्राहा गा.वि.स., वडा नं. ०९) बस्ने **सुखनन्दन गछदार**, ना.प्र.नं. ६-८०३, जारी मिति २०६१/०५/१३, जिल्ला प्रशासन कार्यालय मोरङ)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. हर्कनाथ जवेगु/हर्क माया जवेगुको नातिनी, छत्र सिहं जवेगु/धन माया जवेगुको छोरी, यदुनन्दन गछदार खवास/सुकतनी गछदारको वुहारी, सुखनन्दन गछदारको पत्नी, मोरङ जिल्ला, बुढीगंगा गा.पा., वडा नं. ०७ बस्ने **मधु गवेगु** (ना.प्र.नं. ०२०१०६६०६३३१, जारी मिति २०६७/१२/०४, जिल्ला प्रशासन कार्यालय मोरङ)।

धितो सुरक्षणको विवरण:

१. **सुखनन्दन गछदार**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, डंग्राहा गा.वि.स. वडा नं. ९/क स्थित कित्ता नं. ६५७ को क्षेत्रफल १,७६९.३४ (व.मि.) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. ऋणी **धरहरा कृषि फर्म**को सम्पुर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

२. ऋणीको विवरण:

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा मिति २०७६/०९/०८ मा प्रा.फ.र.नं. ७९४९/०७६/०७७ कायम भई करदाता सेवा कार्यालय ईटहरीवाट स्थायी लेखा नम्बर (पान) ६१०५७९२८४ को प्रमाणपत्र प्राप्त गरेका सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **ओम अटो सेन्टर** (प्रोप्राईटर नेवीलाल महतो/बुधनी देवी महतोको नातिनी, हिरा लाल मेहता/तारा देवी मेहताको छोरी, हिरालाल महतो/बुलन्ती देवि महतोको बुहारी, श्रीलाल मेहताको पत्नी, सुनसरी जिल्ला, छिटाहा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ना.प्र.नं. ९३०४५/९४०४५, जारी मिति २०६१/०९/१४, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. बुधु महतोको नाति, वैजनाथ महतो/रुपनी देवी महतोको छोरा, बुलन्ती देवि महतोको पति, सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा., वडा नं. १, (साविक सुनसरी जिल्ला, भोक्राहा गा.वि.स., वडा नं. ६) बस्ने **हिरालाल महतो** (ना.प्र.नं. १७२३/३७२२, जारी मिति २०३७/१२/२८, जिल्ला प्रशासन कार्यालय सुनसरी)।
२. गेनी महतोको नातिनी, जानकी महतो/महावती देवी महतोको छोरी, वैजनाथ महतो/रुपनी दे

टाइगर ३ मा मार्क

हलिउडका एक्सन कोरियोग्राफर मार्क साइजक सलमान खानको आगामी फिल्म 'टाइगर ३'मा जोडिएका छन् । मार्कले क्रिस्टोफर नोलको 'डनकर्क', 'द डार्क नाइट राइजेज' जस्ता चर्चित फिल्ममा काम गरिसकेका छन् । सी युंग ओह, फ्रेन्ज स्पिलहस र परवेज शेखजस्ता चर्चित फाइट डाइरेक्टरसमेत यस फिल्ममा छन् ।





'एउटा यात्रा' सार्वजनिक

गायक धर्मेन्द्र सेवानको आवाजमा 'एउटा यात्रा' बोलको गीत सार्वजनिक भएको छ । गीतमा धर्मेन्द्रकै शब्द तथा संगीत छ । गीतको भिडियोमा गायक राज के गोस्वामीको अभिनय छ । गोस्वामीकै कन्सेप्टमा यो भिडियो तयार भएको हो । भिडियोमा आर्थिक मन्दी, बेरोजगारीलगायत समस्याका कारण युवामा पर्ने मानसिक असरलाई देखाउने प्रयास गरिएको छ ।

मर्निङ वाकमा निस्कँदा ध्यान दिनुस्



डा. रोशन झा
फिजिसियन
सशस्त्र प्रहरी अस्पताल

मर्निङ वाक हाम्रो शरीरलाई स्फूर्त राख्नका लागि अति आवश्यक हुन्छ । दैनिक कम्तीमा ३० मिनेट मर्निङ वाक गर्‍यौं भने शरीर तथा मस्तिष्क रिफ्रेस रहन्छ । मोटोपन, मुटुरोग, मधुमेह, फ्याटी लिभरजस्ता रोगलाई धेरै हदसम्म नियन्त्रणमा राख्न सकिन्छ । कडा शारीरिक व्यायाम गर्न नसक्ने मानिस पनि मर्निङ वाक गरेर स्वस्थ रहन सक्छन् । शरीरमा उत्साह र सकारात्मक परिवर्तन देखिन्छ । तर, मर्निङ वाक गर्दा केही कुरामा ध्यान दिन जरुरी छ ।



घाममा ननिस्कनुस् : मर्निङ वाक बिहानको समयमा गर्नुपर्छ । सूर्योदयभन्दा थोरै पहिले सुरु गर्‍यो भने राम्रो हुन्छ । अत्यधिक घाम चर्किएपछि मर्निङ वाकमा निस्कनु राम्रो मानिँदैन । किनकि, चर्को घामले गर्दा डिहाइड्रेसन हुन सक्छ ।

ड्रेसअप : मर्निङ वाक गर्दा ड्रेसअपमा पनि ध्यान दिनुपर्छ । सकेसम्म कटनको कपडा लगाउनुपर्छ । यसले शीतलता प्रदान गर्छ । धेरै बाक्लो लुगा लगाएर हिँड्दा चाँडै पसिना निस्कन्छ र स्वास्थ्यलाई फाइदा गर्छ भन्ने पनि कतिपयलाई लाग्छ । तर, यो राम्रो होइन । यसले शरीरलाई डिहाइड्रेट गर्छ । त्यसैगरी, आरामदायी स्पोर्टस् जुत्ता छनोट गर्नुपर्छ ।

एक घन्टाअघि पानी पिउने : कतिपयले हिँड्नुभन्दा एकैछिनअघि मात्रै पानी पिउँछन् । जो राम्रो होइन । पानी पिएलगत्तै हिँड्दा पेटमा समस्या देखिन सक्छ । दिसा लाग्लाजस्तो हुने, छिनछिनमा पिसाब आउने समस्या देखिन्छ । त्यो राम्रो होइन । मर्निङ वाक गर्नुभन्दा एक घन्टाअघि पानी पिउनु राम्रो हुन्छ ।

लामो समय नहिँड्ने : मर्निङ वाक गर्दा लामो समय हिँड्नुहुँदैन । कतिपय व्यक्ति एकै दिनमा दुई घन्टा तथा कैयौं किलोमिटर हिँड्ने गर्छन् । तर, त्यसो गर्नुहुँदैन । हरेक दिन आधा घन्टा हिँडे पुग्छ । तर, नियमित हुनुपर्छ । ६ मिनेटमा कमसेकम ५ देखि ६ सय मिटर क्रस गर्ने गरी हिँड्नुपर्छ । यसलाई ब्रिस वाक पनि भनिन्छ । यसले मुटु, फोक्सो, हाड-जोर्नी, मांसपेशी सबैको अभ्यास हुन्छ ।

खानपानमा ध्यान दिने : मर्निङ वाकमा निस्कँदा कतिपयको खाएर निस्कने बानी हुन्छ । यदि खाएर निस्कने हो भने आधा घन्टाअघि नै खाइसक्नुपर्छ । कतिपयले चिया, कफी खाने गर्छन् । यसले पनि शरीरमा डिहाइड्रेसन हुन्छ । पिसाब बढी लागेर शरीरमा पानीको मात्रा कम भइदियो भने मिर्गौलामा असर पर्न सक्छ । तसर्थ, मर्निङ वाक जानुअघि चिया, कफी पिउनुहुँदैन । मर्निङ वाकबाट आएलगत्तै पनि चिया, कफी पिउनु राम्रो मानिदैन । तर, जुस पिउन सकिन्छ । कागतीपानी पिउन सकिन्छ । यसले शरीरलाई रिफ्रेस गर्छ । मर्निङ वाकबाट आएपछि मैदाजन्य खानेकुरा खानुहुँदैन । यसले ग्यास्ट्रिक बढाउँछ ।

उकालोमा बिस्तारै हिँड्नुस् : उकालो-ओरालोमा बिस्तारै हिँड्नुपर्छ । यस्ता ठाउँमा छिटोछिटो हिँड्दा जोइन्टहरू बिग्रने सम्भावना हुन्छ । कतिपय मानिस ओरालोमा फटाफट हिँड्ने गर्छन् । यसरी हिँड्दा पछि गएर घुँडाको समस्या आउँछ ।

वर्षामा कार चलाउँदा...



सुमन केसी
निर्देशक, सुमन ड्राइभिङ सेन्टर
सुकेधारा, काठमाडौं



वर्षामा खाल्डाखुल्डीमा पानी जमेर गाडी चलाउन समस्या भइरहेको हुन्छ । त्यस्तै, पानी पर्दा भिजिबिलिटी पनि कम हुन्छ । गाडी स्लिप हुने समस्या त भई नै हाल्यो । त्यही कारण ड्राइभिङ गर्दा केही कुरामा ध्यान दिनुपर्छ ।

- वर्षाको समयमा ब्रेक चिप्लिन सक्छ । त्यसकारण आफ्नो अगाडि गुडिरहेको अन्य सवारी साधनसँग उपयुक्त दूरी कायम राख्नुपर्छ ।
- कारको गति जतिसक्दो कम राख्नु नै राम्रो हुन्छ । अत्यधिक गतिका कारण गाडी खाल्डोमा पस्दा र त्यसबाट निस्कँदा कारमा क्षति हुन सक्छ ।
- वर्षाको समयमा सकेसम्म आफू अभ्यस्त भएको सडकमा मात्रै कार चलाउनुपर्छ । यसको सम्भावित समस्याबाट सुरक्षित रहन सकिन्छ ।
- वर्षामा यात्रा गर्दा हेडलाइट, इन्डिकेटरलगायतका इक्विपमेन्टमा पानी परेर बिग्रने सम्भावना हुन्छ । त्यस्तै, वाइपर ब्लेडको अवस्था दुरुस्त राख्नुपर्छ ।
- वर्षाको समयमा गाडी पार्किङ गर्दा विशेष सतर्कता अपनाउनुपर्छ । ढल वा वर्षाको पानी जम्ने स्थानमा कार पार्किङ गर्नुहुँदैन ।
- पानी जमेको स्थानमा पनि न्यून गतिमा गाडी चलाउनुपर्छ । हाई स्पिडमा गुडाउँदा जमेको पानीको प्रेसरले गाडीभित्र इलेक्ट्रिकल कम्पोनेन्ट बिग्रन सक्छ ।
- कुनै स्थानमा पानी जमेको छ भने पानी गाडीको साइलेन्सर पाइपभन्दा माथि हुने गरी लानुहुँदैन ।

स्याम्पु र कन्डिसनरको छनोट



विवेक राई
हेयर स्टाइलिस
हेयर क्राफ्ट

कपाल सफा गर्न बनाइएको तरल पदार्थ स्याम्पुमा कपाललाई आवश्यक पोषक तत्त्व मिसाइएको हुन्छ । साबनुभन्दा स्याम्पु राम्रो हुनुको कारण हो, यसमा कपालको किसिम र आवश्यकताअनुसार विभिन्न पोषण मिसाइएको हुन्छ । हामीले कपालको स्थिति हेरेर स्याम्पु प्रयोग गर्नुपर्छ । जस्तै, कपालमा कलर गरेको छ भने कलर स्याम्पु, कन्डिसनर हेयर मास्क या ट्रिटमेन्ट प्रयोग गर्नुपर्छ । यसैगरी, कपाल स्ट्रेट गरेको छ भने स्याम्पु-कन्डिसनर प्रयोग गर्नुपर्छ । केराटिनका लागि केराटिनमै स्याम्पु-कन्डिसनर प्रयोग गर्नुपर्छ । कपाल ड्राई या फ्रिजी या चाया परेको छ भने त्यसैअनुसार स्याम्पु र कन्डिसनर प्रयोग गर्नुपर्छ । स्याम्पु प्रयोग गर्दा जहिल्यै पनि सल्फर फ्री लेबल कम भएको स्याम्पु प्रयोग गर्नुपर्छ । विज्ञको सल्लाहअनुसार राम्रा स्याम्पु छनोट गरेर प्रयोग गर्नु राम्रो हुन्छ ।

कन्डिसनरको काम : कपाल खम्रो र सुक्खा हुन नदिने काम कन्डिसनरले गर्छ । खम्रो कपाललाई चिल्लो र नरम पार्छ । कपालमा स्याम्पु गरिसकेपछि कन्डिसनरको प्रयोग गरिन्छ । कन्डिसनर कपालमा पोलिस लगाएजस्तो हो । हाँगा आउने, टुक्रिने समस्या रोक्नका लागि यसको महत्त्वपूर्ण भूमिका हुन्छ । कन्डिसनरमा विभिन्न केमिकल प्रयोग हुने भएकाले कपालको जराभन्दा केही माथिबाट मात्रै यसलाई लगाउनुपर्छ । लगाइसकेपछि निख्रिने गरी मज्जाले पखाल्नुपर्छ । यसो नगरे नकारात्मक असर गर्छ ।

कुन कोठा कस्ता वालपेपरले सजाउने ?

पछिल्लो समय सहरी क्षेत्रमा घर, अफिस र रेस्टुराँका भित्तालाई 'वालपेपर' ले सजाउने चलन बढेको छ । रङभन्दा वालपेपर केही सस्तो हुने भएकाले पनि धेरैको रुचि यसतर्फ बढेको हो ।

जुनसुकै कोठाको भित्तालाई पनि वालपेपरले सजाउन सकिन्छ । धेरैले बैठक कोठामा वालपेपर टाँस्ने गरेका छन् । सुत्ने कोठमा पनि भित्ता सजाउने चलन बढ्दै गएको छ । त्यसैगरी, दराज, च्याकलगायतका फर्निचर र सिलिङमा पनि वालपेपर टाँस्ने गरिन्छ ।

आफ्नो इच्छाअनुसार 'वालपेपर'मा बुट्टा भर्न सकिन्छ । अहिले फोटो प्रिन्ट गरेर राख्ने चलन पनि बढेको छ । वालपेपरमा थरीथरीका रङ र बुट्टाको विविधता पाइन्छ । जस्तो, बालबालिकाको कोठामा कार्टुन प्रिन्ट भएका 'वालपेपर' टाँस्न सकिन्छ । अध्ययन कक्षमा ग्रामीण समाज र संस्कृति वा कुनै सहर झल्कने गरी पेन्ट गर्दा पनि हुन्छ ।



आफ्नो मुड र कोठाको हिसाबले जुनसुकै डिजाइन रोज्न सकिन्छ । तर, घरको लोकेसन र लाइटअनुसार 'वालपेपर'को छनोट जरुरी हुन्छ ।

कोठालाई क्लासिकल लुक्स दिने हो भने दमास्क वा फ्लोरल प्याटर्नका वालपेपरले सजाउँदा हुन्छ । मोडर्न लुक्स दिनका लागि जियोमेट्रिक वा एब्स्ट्राक्ट डिजाइनले सजाउने गरेको पनि पाइन्छ । अलि विलासी देखाउने हो भने मेटालिक वालपेपर वा टेक्स्चर प्रयोग गर्न सकिन्छ । प्राकृतिक लुक्स दिनका लागि खुला आकाश र समुद्र, हिमाल वा जंगलले पेन्ट गर्न सकिन्छ ।

अपि पावर कम्पनी लिमिटेड
API Power Company Ltd.
का.म.न.पा. वडा नं. ११, ट्रेड टावर थापाथली, काठमाण्डौ
फोन नं. ०१-५१११०९३, फ्याक्स नं. ०१-५१११०३५
इमेलः info@apipower.com.np / वेभसाइट :www.apipower.com.np

को

मिति २०८०/३/२१ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि
१ कित्ता शेयर बराबर नयाँ ०.४० (१ : ०.४०) कित्ता शेयरको अनुपातमा
मिति २०८० श्रावण ३१ गतेदेखि निष्काशन भई रहेको

हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद

मिति २०८० भाद्र १९ गते (बैंकिङ्ग समय) सम्ममात्र

अन्य विस्तृत जानकारीको लागि **मिति २०८०/०४/१४ गतेको "आर्थिक अभियान"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.muktinathcapital.com वा निष्काशन कम्पनीको वेभसाइट www.apipower.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६९०८/०५/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय परासी, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछर्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछर्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण
नवलपरासी जिल्ला, रामग्राम नगरपालिका, वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) मा मिति २०७७ साल आषाढ महिना १६ गते प्रा.फ. दर्ता नं. १३२३/१४०३९ तथा आन्तरिक राजश्व कार्यालय, भैरहवामा मिति २०७७/०३/२१ मा स्थायी लेखा नम्बर (PAN) ६१३३१३७५७ अन्तर्गत दर्ता कायम भएको **ॐ जय माँ दुर्गे सप्लायर्स** । **प्रोप्राइटर : ओम प्रकाश गुप्ता तेली**
व्यक्तिगत जमानीकर्ताको विवरण
१. सोल्हु तेलीको नाति, राम नरेस तेलीको छोरा, नवलपरासी जिल्ला, रामग्राम नगरपालिका वडा नं. ८ बस्ने **ओम प्रकाश गुप्ता तेली** (ना.प्र.नं. ३८४९७, जारि मिति २०५३/०३/१७, जि.प्र.का. नवलपरासी) । २. राम नरेस तेलीको बुहारी, ओम प्रकाश गुप्ता तेलीको पत्नी, नवलपरासी जिल्ला, रामग्राम नगरपालिका वडा नं. ८ बस्ने **सोनादेवी गुप्ता (तेली)** (ना.प्र.नं. ६१५०५, जारि मिति २०५८/९/१८, जि.प्र.का. नवलपरासी) ।
धितोको विवरण
१. नवलपरासी जिल्ला, रामग्राम नगरपालिका, वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) मा मिति २०७७ साल आषाढ महिना १६ गते प्रा.फ. दर्ता नं. १३२३/१४०३९ तथा आन्तरिक राजश्व कार्यालय, भैरहवामा मिति २०७७/०३/२१ मा स्थायी लेखा नम्बर (PAN) ६१३३१३७५७ अन्तर्गत दर्ता कायम भएको ॐ जय माँ दुर्गे सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । २. सोल्हु तेलीको नाति, राम नरेस तेलीको छोरा, नवलपरासी जिल्ला, रामग्राम नगरपालिका वडा नं. ८ बस्ने ओम प्रकाश गुप्ता तेली (ना.प्र.नं. ३८४९७, जारि मिति २०५३/०३/१७, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, सावित उनवच्च गा.वि.स. वडा नं. ८ ख हाल रामग्राम न.पा. वडा नं. ८ स्थित कि.नं. ७४५ को क्षेत्रफल ०-९-१०-० (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय : परासी, नवलपरासी
फोन नं. ०७८-५२०५४७
Website : www.siddharthabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय ईनरुवाको धितोमा रहेको सम्पत्ति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०५/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (सविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय ईनरुवाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ ११ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय ईनरुवामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. **ऋणीको विवरण:**
प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा मिति २०७७/१२/३० मा प्रा.फा.नं. १८४४९/०७७/०७८ दर्ता कायम रहेको सुनसरी जिल्ला, बराहाक्षेत्र न.पा. वडा नं ६ स्थित रजिष्ट्रार कार्यालय रहेको **एस.डि. कृषि फर्म** (प्रोप्राईटर पर्शुराम दर्जीको नाती, चन्द्र बहादुर दर्जीको छोरा, महेन्द्रनगर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, बराहाक्षेत्र न.पा. वडा नं. ०७ वस्ने **सन्दिप दर्नाल**, ना.प्र.नं. ०६-०१-७०-०५२७१, जारी मिति २०७०/०५/०३, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. दिल बहादुर दर्जीकी छोरी, चन्द्र बहादुर दर्जीकी पत्नी, सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला बराहक्षेत्र न.पा. वडा नं. ०७ बस्ने **अम्बीका दर्जी** (ना.प्र.नं.५७९००/५८९००, जारी मिति २०५७/१०/०४, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
२. पर्शुराम दर्जीको नाती, चन्द्र बहादुर दर्जीको छोरा, महेन्द्रनगर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ०७ बस्ने **सन्दिप दर्नाल** (ना.प्र.नं. ०६-०१-७०-०५२७१, जारी मिति २०७०/०५/०३, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
३. दल बहादुर दर्जीकी छोरी, सन्दिप दर्नालकी पत्नी, सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ०७ बस्ने **कमला परियार दर्नाल** (ना.प्र.नं. ०६-०१-७६-०३९५९, जारी मिति २०७६/०३/०३, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **अम्बीका दर्जी**को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, महेन्द्रनगर वडा नं. ०४/क स्थित कित्ता नं. १०३८ र १०४२ को क्षेत्रफल क्रमश ०-०-५-० र ०-१-०-० (वि-क-धु-क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण:**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा मिति २०७०/०६/०१ मा प्रा.फा.र.नं. २६२२/०७०/०७१ दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं १ स्थित रजिष्ट्रार कार्यालय रहेको **ॐ फेन्सि स्टोर**का प्रोप्राईटर मुंगालाल देवको नाती, नन्द किशोर लाल देवको छोरा, सुनसरी जिल्ला, हरीनगर गा.पा., वडा नं. ०४ बस्ने **सन्तोष कुमार देव** (ना.प्र.नं. ६५००३/६६००३, जारी मिति २०५८/०९/१३, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. विधि चन्द पोदारको नाती, मुंगालाल देवको छोरा, विमला देवी देवको पति, सुनसरी जिल्ला, हरीनगरा गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. गा.पा. वडा नं. ०४ बस्ने **नन्द किशोर लाल** (ना.प्र.नं. १००२/१९०२, जारी मिति २०४४/१२/११, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
२. रामदेव पोदारको छोरी, सन्तोष कुमार देवको पत्नी, सुनसरी जिल्ला, हरीनगरा गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. गा.पा. वडा नं. ०४ बस्ने **मिना कुमारी पोदार** (ना.प्र.नं. ८४५५०/८५५५०, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
३. मुंगालाल देवको नाती, नन्द किशोर लाल देवको छोरा, सुनसरी जिल्ला, हरीनगर गा.पा. वडा नं. ०४ बस्ने **सुनिल कुमार देव** (ना.प्र.नं. ०६-०६-७३-०१७१४, जारी मिति २०७३/१२/१७, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
४. सोतेलाल देव (पौदार)को छोरी, नन्द किशोर लाल देवको पत्नी, सुनसरी जिल्ला, हरीनगरा गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. गा.पा. वडा नं. ०४ बस्ने **विमला देवी देव** (ना.प्र.नं. २३९२/को सु २३९२, जारी मिति २०५८/०९/१५, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
५. मुंगालाल देवको नाती, नन्द किशोर लाल देवको छोरा, सुनसरी जिल्ला, हरीनगर गा.पा., वडा नं. ०४ बस्ने **सन्तोष कुमार देव** (ना.प्र.नं. ६५००३/६६००३, जारी मिति २०५८/०९/१३, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **नन्द किशोर लाल देव**को नाममा मालपोत कार्यालय इनरुवामा दर्ता कायम भएको हरीनगरा गा.वि.स. वडा नं. ०७/ख स्थित कित्ता नं. ५१५ को क्षेत्रफल ०-०-१२ (वि.-क.-धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **मिना कुमारी पोदार**को नाममा मालपोत कार्यालय इनरुवामा दर्ता कायम भएको डुम्राहा गा.वि.स. वडा नं. ०७/ङ स्थित कित्ता नं. २८२ र ३११ को क्षेत्रफल क्रमश ०-२-० र ०-१-० (वि.-क.-धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० भदौ १० गते** भित्र बैंकको शाखा कार्यालय ईनरुवामा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ईनरुवाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० भदौ ११ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय ईनरुवामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्होर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय ईनरुवामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथ

रचनात्मक प्रतिपक्षको खोजी

राजनीतिको अन्तिम लक्ष्य भोट र सत्ता नै हो भनेर सत्तापक्ष र प्रतिपक्ष दुवै ड्यारड्यार गर्न थालेपछि संसद् रचनात्मक बन्न सक्दैन



● डा. श्रीराम न्यौपाने

अग्रलेख

सामान्यतः लोकतान्त्रिक शासन व्यवस्थामा बहुमत प्राप्त दल वा गठबन्धनले सत्ता सञ्चालन गर्ने र अन्य दल प्रतिपक्षमा रहने प्रचलन छ । सरकारी लापरबाही, भ्रष्टता, गैरजिम्मेवारीपन तथा ढिलासुस्तीविरुद्ध आवाज उठाउनु जिम्मेवार प्रतिपक्षको मुख्य भूमिका हो । त्यसैले, जनसरोकार र राष्ट्रियताका सवालमा यो समूह बढी चिन्तित, संवेदनशील अनि रचनात्मक हुनैपर्छ ।

दक्षिण अफ्रिकामा सन् १९९४ को आमनिर्वाचनपछि प्रथम जननिर्वाचित राष्ट्रपति नेल्सन मन्डेलाले आफ्नो दलले बहुमत प्राप्त गरे पनि शान्ति र विकासका लागि राष्ट्रिय एकताको सरकारको आह्वान गर्दा मन्त्रिमण्डलमा प्रतिपक्षीहरू पनि सहभागी भए । यसलाई उच्च महत्त्व दिँदै गणतन्त्र स्थापनाकालमा नेपालका नेताहरूले प्रतिपक्षविहीन शासनव्यवस्थाको परिकल्पना पनि गरेका थिए । तर, यस्तो सोचाइले पार्टीहरूमा कहिल्यै स्थान पाएन । उल्टै अहिले त उनीहरूलाई आफ्नै पार्टीलाई एकीकृत राख्ने चुनौतीसमेत थपिएको छ ।

नेपालको संविधानको धारा ९१ र १८२ मा क्रमशः संघ र प्रदेशको सभामुख र उपसभामुखको निर्वाचन गर्दा फरक-फरक दलको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी, धारा २८४ मा प्रमुख प्रतिपक्षलाई संवैधानिक परिषद्मा पदेन सदस्य राखेको छ । समावेशिताका आधारमा संसदीय संयुक्त समिति बन्ने धारा ९७ को प्रावधान पनि प्रतिपक्षलाई समेट्ने धारणा नै हो । प्रतिपक्षको विरोध वा अनुपस्थितिमा बजेट वा विधेयक पास नगर्ने चलन पनि संविधानको भावना बुझेको मानिन्छ । संसदीय समिति गठन गर्दा, नियमावली तयार पार्दा, राष्ट्रिय सुरक्षा परिषद् गठन गर्दा, संवैधानिक नियुक्ति हुँदा, जिल्ला समन्वय समिति बनाउँदा वा अन्तरप्रदेश परिषद् गठनमा प्रतिपक्षलाई समेट्न सके उत्तम मानिन्छ । त्यस्तै, सरकारी विधेयकका रूपमा संसद्मा पेस गर्दा सहमति कायम गर्नु राम्रो हो । यी त व्यावहारिक सहजताका लागि आफैं बुझेर गर्नुपर्ने आवश्यक कुरा हुन् । तसर्थ, राष्ट्रिय सहमतिमा राज्य सञ्चालन होस्, सुशासन आओस् अनि समुन्नतिको यात्रा अघि बढोस् भन्ने उद्देश्यले देश र जनतालाई सर्वोच्च ठानी सहमति कायम गरिनुपर्ने हुन्छ ।

हामीमा संविधानको भावनाअनुसार सत्ता र प्रतिपक्षबीच सिर्जनात्मक सम्बन्ध स्थापित हुन सकेको देखिन्न । राजनीतिको अन्तिम लक्ष्य भोट र सत्ता नै हो भन्ने ठानी दुवै समूह ड्यारड्यारडुरडुर गर्न थालेपछि संसद् रचनात्मक पनि बन्न सक्दैन र आफ्नो दायित्व पूरा गर्न पनि सक्दैन । उनीहरूबीचको सम्बन्ध मालिक र नोकर, दाता र मगन्ते, शक्तिशाली र शक्तिहीन, वरिष्ठ र कनिष्ठ अनि मित्र र शत्रुको जस्तो विपरीत भूमिकामा देखिन्छ । सत्तापक्षले पेल्नैपर्छ र विपक्षले विरोध गरिरहनुपर्छ भन्ने संस्कृतिले हाम्रो संसदीय राजनीति घृणित बन्न थालेको अनुभूत हुन्छ ।

भ्रष्टाचारविरुद्धको अभियानमा सरकारलाई साथ दिँदा र सकारात्मक आवाज बोल्दा प्रतिपक्षको लोकप्रियता बढ्थ्यो । अलोकप्रिय सांसद विकास कोष ब्युँताउनुहुन्न भन्दा सबैप्रति जनसमर्थन प्राप्त हुन्थ्यो । सदनमा दर्जनौं विधेयक अलपत्र पार्दा सरकारकै लोकप्रियता घट्ने हो । अघिल्लो संसद्को पछिल्लो समयमा प्रतिपक्षले धेरै दिन अवरुद्ध पारेको गलत नजिर अहिले फेरि दोहोरिएको-दोहोरिएकै छ । राष्ट्रिय सहमतिको वातावरण बनाउन सक्ने सरकार र प्रतिपक्ष अबका दिनमा खोजिनुपर्छ । हाल बेपत्ता छानबिन तथा मेलमिलाप, शिक्षाजस्ता विधेयक ल्याउन र पास गरी ऐन बनाउन सके जनसमर्थन प्राप्त हुन्थ्यो र त्यसको श्रेय सबैले पाउँथे । त्यसैले जल्दाबल्दा समस्याप्रति गैरजिम्मेवार बन्नु कसैका लागि पनि फलदायी हुँदैन ।

भर्खरै मिटरब्याजपीडितलाई न्याय दिने उद्देश्यले केही संशोधनसहित प्रतिस्थापन विधेयक संसद्बाट पारित भयो । यो कानुनले रचनात्मक काम पनि गर्न थालेको छ । यसले प्रतिपक्षमाथि लागेको विधेयकविरोधी भन्ने आरोप मेटाउन सहयोग गरेकै छ । यही नजिरलाई पछ्याएर अलपत्र दर्जनौं विधेयक संसद्ले पास गर्नु छ । संसद्लाई बिजिनेस नदिएको आरोप सत्तापक्षमाथि थोपर्ने, तर सहमतिमा भाँजो हाल्ने प्रवृत्तिले संसद् निष्क्रिय बन्दै गएको छ । यतिबेला सहमति कायम नहुनु नै संसद् निष्क्रिय बन्नुको एकमात्र कारण हो । यसैले जसअपजसको होडबाजी र भागबन्डामा अलमलिएर जनसरोकारका विषयलाई ओझेलमा पार्न मिल्छ र ?

प्रतिपक्ष वा सत्तापक्ष जुनै पनि द्वैध चरित्रको हुनुहुन्न । भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा दोषी देखिएका, तर हाल बन्द रहेका फाइल खोल्ने विषयमा होस् वा बजेट विनियोजन, संवैधानिक तथा अन्य नियुक्ति आदि कुरामा नै किन नहोस् सत्तापक्षसँग मोलमोलाइ गर्ने दल प्रतिपक्ष हुनै सक्दैन । हालै सुदूरपश्चिम प्रदेश सरकारले सांसद कोष पाँच करोड बनाइदिँदा विरोधी आवाज बन्द भएको र बजेट पास भएको गलत नजिर स्थापित भएको छ । कोसी प्रदेशमा कसैले पनि बहुमत सिद्ध गर्न नसकेपछि बजेट प्रस्तुत गर्ने सरकार ढलेको, अध्यादेशबाट बजेट ल्याइएको र नयाँ सरकारले विश्वासको मत पाउनै मुस्किल परेको अवस्था छ । यस्ता गम्भीर संवैधानिक संकट उत्पन्न भइरहन सक्छन् । विगतमा परमादेशको सरकार भनी आलोचना गर्दै आएको प्रतिपक्ष अहिले अदालत जान बाध्य छ । यसकारण सहकार्य र सहमतिको वातावरण निर्माण नहुँदा संघीयताप्रतिको जनविश्वास स्खलित हुँदै छ ।

आजको संसदीय व्यवस्था अंकगणितमा रुमलिएको छ । टाउका जोडेर बहुमत सिद्ध गर्दै आएको सत्तापक्ष र लोकप्रिय जनमतले हाराहारीको शक्ति आफूलाई ठान्ने प्रमुख प्रतिपक्षको जुधाइमा नेपाली जनता परिरहेका छन् । कुनै दलको पनि बहुमत आउन नसक्ने समानुपातिक निर्वाचन प्रणाली आफैंमा कमजोर वा आलोच्य पक्ष भने होइन । यो त सहमति कायम गर्न नसक्ने पार्टी नेतृत्वको अक्षमता हो । सबै वर्ग, समूह र प्रवृत्तिको समावेशिता कहिल्यै अलोकप्रिय हुँदैन । बरु यसको कार्यान्वयनमा जटिलता होलान् । यो त सहकार्य गर्न नसक्ने तुच्छ मनोवृत्तिले सुन्दर परिकल्पनालाई दूषित बनाउन खोजेजस्तो मात्र हो । आज गठबन्धन संस्कृतिलाई घृणा गर्दै केही दल एक्लै बहुमत ल्याउने घमन्ड देखाउँछन् । नेपाली परिवेशमा शक्ति सन्तुलन देख्दादेख्दै राष्ट्रिय सहमतिको निन्दा गर्नु राष्ट्रहितविरोधी कुरा हो ।

गठबन्धन बन्ने र भत्कने क्रम अहिले झन् बढेको छ । आफ्नो पहिचान टाढा छैन । गठबन्धन दलहरू एक-अर्कामा बढी आलोचक नहुनु सुखद पक्ष भए पनि क्षणभरमै तोडिन सक्ने खतरा दुःखद मान्नुपर्छ । सत्तारोहणको प्रलोभनले गर्दा प्रतिपक्ष त्यो फुटाउन लागिपर्नु राम्रो होइन । गठबन्धनको साझा चुनाव चिह्न, घोषणापत्र, नीति-कार्यक्रम र बजेटवित्त नीति हुनुपर्ने र गठबन्धन तोड्दा संसद् सदस्य नरहने, घटकले छोड्दा सत्ता नढल्नेजस्ता प्रावधान संविधानमै राख्न सके दलहरूलाई सहमतिमा आउन बाध्यात्मक परिस्थिति सिर्जना हुने थियो, साथै सरकारको स्थायित्व र सुशासन कायम भई समृद्धितर्फ देश गतिशील हुने थियो ।

सहमतीय सरकारमा आउन नचाहने प्रतिपक्षले सत्ताबाहिर रहेरै रचनात्मक सहयोग र सुझाव दिन सक्छ । जनसरोकारका विषयलाई सडकदेखि सदनसम्म उठाएर सरकारलाई खबरदारी गर्न सक्छ । व्यापक छलफल र आवश्यक संशोधनसहित सदनबाट विधेयक पास गराउन सक्छ । सदनलाई वित्तीयता वा आयोजनातर्फ अलमलिन नदिई विधायिकी बनाउँदै लैजान्छ । लोकतान्त्रिक विधि, मूल्य र आचरणलाई स्थापित गर्न संसद्भित्रका अमर्यादित क्रियाकलापको सहारा लिँदैन । सरकारको लोकप्रियतादेखि अत्तालिने र राम्रा काम आफ्नै हातबाट मात्र हुनुपर्छ भनी छटपटिने प्रतिपक्षको कार्यशैली र सोच बदलिनैपर्छ ।

सुशासन र समृद्धिको सपना बाँड्ने शक्तिले जनतालाई बहकाउने, भाँड्ने र भ्रमित पार्ने गर्नुहुन्न । यसले त देशलाई पछि मात्र धकेल्छ । अहिलेका जनता सचेत छन् । उनीहरू दलहरूलाई रचनात्मक बनेर राष्ट्रिय सहमतिमा आउन र सच्चिन आह्वान गरिरहेछन् । यसैले सरकारको असल कामको समर्थन र कामचोर प्रवृत्तिको निन्दा गर्दै प्रतिपक्ष रचनात्मक बनेर राष्ट्रिय सहमतिको यात्रामा लाग्नुपर्छ ।

(न्यौपाने त्रिविका उपप्राध्यापक हुन्)



> गठबन्धन बन्ने र भत्कने क्रम अहिले झन् बढेको छ । आफूलाई पाँचवर्षे प्रतिपक्ष ठान्न कोही तयार छैन । गठबन्धन दलहरू एक-अर्कामा बढी आलोचक नहुनु सुखद पक्ष भए पनि क्षणभरमै तोडिन सक्ने खतरा दुःखद मान्नुपर्छ ।

> भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा दोषी देखिएका तर हाल बन्द रहेका फाइल खोल्ने विषयमा होस् वा बजेट विनियोजन, संवैधानिक तथा अन्य नियुक्ति आदि विषयमै किन नहोस्, सत्तापक्षसँग मोलमोलाइ गर्ने दल प्रतिपक्ष हुनै सक्दैन ।

३ प्रश्न

समाजशास्त्री **प्रकाश राई**लाई



नेपालमा एकै वर्षमा २० प्रतिशतले अपराध बढेछ । खासमा समाजमा अपराध किन हुन्छ ?

अपराधका विभिन्न आयाम हुन्छन् । अपराधअनुसार यसका आधार फरक-फरक हुन्छन् । हामीकहाँ जसरी धन कमाए पनि कोही धनी छ भने ऊ सम्मानित हुने र उसका पछाडि मानिसहरू लाग्ने प्रवृत्ति व्याप्त छ । यसले गर्दा मानिसहरू रातारात धनी बन्ने सपना देखेर अपराध कर्ममा होमिन्छन् । पितृसत्तात्मक संरचनाका कारण समाजमा महिलामाथिका यौनजन्य हिंसा भइरहेका हुन्छन् ।

समाजमा अपराध बढ्नुमा सामाजिक संरचना नै जिम्मेवार हुन्छ भन्न खोज्नुभएको हो ?

पक्कै पनि कुनै पनि अपराध कर्मका लागि हाम्रो सामाजिक संरचना जिम्मेवार हुन्छ । उदाहरणका लागि अहिले चर्चामा रहेको सुनकाण्डलाई हेर्न सकिन्छ । यसका पछाडि हाम्रो 'पोलिटिकल इकोनोमिक स्ट्रक्चर' जिम्मेवार छ । कुनै पनि यौन हिंसाका लागि हाम्रो पितृसत्तात्मक संरचना जिम्मेवार हुन्छ । जातीय अपराधका लागि हाम्रो जात व्यवस्थासम्बद्ध संरचना जिम्मेवार हुन्छ । राजनीतिक नेताहरू भ्रष्ट बन्नुमा हाम्रो निर्वाचन प्रणाली जिम्मेवार हुन्छ ।

अपराध रोकथाम या न्यूनीकरणमा समाजको कस्तो भूमिका हुन्छ ?

हरेक अपराध हाम्रा सामाजिक संरचनाका 'बाइप्रडक्ट' हुन् । त्यसैले, अपराध रोकथाम या न्यूनीकरणका लागि हाम्रा सामाजिक संरचनालाई परिवर्तन गर्नैपर्छ । हाम्रो पितृसत्तात्मक सामाजिक संरचनालाई नढालीकन एकदुईजना बलात्कारीलाई पक्रेर सजाय दिँदैमा समाजबाट बलात्कार या यौनहिंसा रोकिन्न । राजनीतिक तहको भ्रष्टाचार रोक्ने हो भने अहिलेको महँगो निर्वाचन प्रणाली बदल्नुपर्छ ।

प्रेरक प्रसंग

आफ्नो क्षमताको पहिचान

एउटा जंगलमा ठूलो ताल थियो । तालवरिपरि सुन्दर बर्गैंचा थियो । बर्गैंचामा अनेक प्रकारका बोटबिरुवा थिए । टाढाटाढाबाट आएका मानिस त्यहाँका रंगीचंगी फूल र बर्गैंचाको सुन्दरताको बयान गरेर थाक्दैनथे । मानिसहरू फूलको प्रशंसा गर्थे । त्यो सुन्दा गुलाफको पातलाई पनि आफ्नो कसैले प्रशंसा गरिदिए हुन्थ्योजस्तो लागिरहन्थ्यो । तर, कसैले पनि उसको प्रशंसामा एक शब्द पनि खर्चिएको उसले सुनेन ।

धेरै दिन बित्दा पनि कसैले उसको प्रशंसा नगरेपछि गुलाफको पात निकै उदास रहन थाल्यो । ऊ आफूलाई काम नलाग्ने वस्तु ठानेर झोक्राउन थाल्यो । सायद फूलजस्तो सुन्दर नभएको हुनाले आफूलाई कसैले वास्ता नगरेका होलान् भन्ने सोचेर ऊ आफ्नो रूपलाई धिक्कार्न थाल्यो । यसैगरी दिन बित्दै थिए । एक दिन जंगलमा अचानक बडो जोडले हावाहुरी चल्न थाल्यो । केहीबेरमै त्यसले शक्तिशाली आँधीको रूप लियो । बर्गैंचाका साराका सारा रूख, बिरुवा तहसनहस भए । हेर्दाहेर्दै सबै फूल झरेर हावासँगै बेपत्ता भए । गुलाफका पात पनि आफ्नो हाँगाबाट अलग भए र हावाको बेगमा उड्दाउड्दै नजिकको तालमा पुग्यो । पातले आफूभन्दा केही पर हावाको बेगसँगै उड्दै आएर तालमा खसेको एउटा कमिलालाई देख्यो । ऊ आफ्नो ज्यान बचाउन संघर्ष गरिरहेको थियो । आफूलाई बचाउने संघर्ष गर्दागर्दै कमिलो थाकिसकेको थियो । उसलाई आफ्नो मृत्यु निकट आइरहेको आभास भइरहेको थियो । त्यति नै बेला पातले उसलाई आवाज दियो- चिन्ता नगर कमिला भाइ, म तिमीलाई बचाउनेछु । यसो भनेर उसले कमिलालाई आफूमाथि बसायो । आँधी रोकिँदारोकिँदै पात तलाउको किनारमा पुग्यो र कमिला पनि पातबाट जमिनमा पुग्यो । आफ्नो ज्यान बचेकोमा कमिलो निकै खुसी भयो । उसले भन्यो- आज तपाईंले मेरो ज्यान बचाएर ममाथि निकै ठूलो उपकार गर्नुभयो । तपाईं महान् हुनुहुन्छ । तपाईंलाई धेरैधेरै धन्यवाद !

कमिलाको कुरा सुनेर पातले भावुक हुँदै भन्यो- धन्यवाद त मैले तिमीलाई भन्नुपर्ने हो कमिला भाइ ! किनकि, तिम्रै कारणले आज पहिलोपटक मैले मेरो क्षमता चिन्न पाएँ । मैले जीवनमा आफ्नो उद्देश्य र क्षमता दुवै जान्ने मौका पाएँ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेम्वाङले बल्ल सही बोले

एमाले संसदीय दलका उपनेता तथा पूर्वसभामुख सुवास नेम्वाङले उनको पार्टीले अहिले गरिरहेको संसद्को अवरोध संविधान र नियमसंगत छैन भन्ने टिप्पणी गरेका रहेछन् । ढिलै भए पनि उनको होस खुलेछ । खुसी लाग्यो । विगतमा एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी ओलीले पटकपटक संसद् विघटन गर्दा पनि उनले त्यो संविधानविपरीत भयो भन्न सकेका थिएनन् । तर, अहिले ढिलै भए पनि उनले आफ्नो विवेक प्रयोग गरेका छन् । अब एमालेले नेम्वाङको भनाइको सम्मान गर्दै तत्काल संसद्को अवरोध हटाउनुपर्छ । संसद्मा आफ्नो भनाइ राख्ने हो, अवरोध गर्ने होइन । एमालेले सरकारले गरेका गलत कामको विरोध गर्नुपर्छ । तर, संसद् चल्न नदिएर होइन ।

● **मोनिका सिलवाल**, टुसाल, काठमाडौं

किसानलाई प्रोत्साहन गरौं

'बोटको स्याउ बोरामा' शीर्षकको तस्बिर समाचार पढियो । समाचार पढ्दा निकै खुसी लाग्यो । आफ्नो देशमा उत्पादित स्याउ बजारमा आउँदै गरेको सुन्दा खुसी नलाग्ने कुरा पनि भएन । अब स्थानीय सरकारदेखि प्रदेश र संघीय सरकारले स्थानीय स्याउ उत्पादक किसानलाई प्रोत्साहन गर्न ढुवानीमा सहुलियत दिन र बजार व्यवस्थापनमा सघाउन सक्नुपर्छ । साथै, उपभोक्ताले पनि सकभर स्वदेशी उत्पादनलाई नै प्राथमिकता दिन सक्नुपर्छ । अन्यथा, स्वदेशी उत्पादनका उत्पादक किसान निराश हुन सक्छन् ।

● **अपूर्व लामा**
बनेपा-४, काभ्रेपलाञ्चोक

अपराधलाई प्रोत्साहन नगरौं

डोल्पाको जगजुल्ला गाउँपालिकाकी एक बालिकालाई नौजनाको समूहले सामूहिक बलात्कार गरेको र बालिका ६ महिनाकी गर्भवती भएको समाचार पढ्दा बडो दुःख लाग्यो । हाम्रो देशको सहरदेखि गाउँघरसम्म बलात्कार एउटा डरलाग्दो अपराध बनेर देखापरेको छ । खासगरी हाम्रो समाजमा छोराहरूले जे गर्दा पनि ठीक ठानिने र उनीहरूले अपराध नै गर्दा पनि परिवार र समाजले साथ र समर्थन दिने गलत मानसिकता व्याप्त छ । जसले गर्दा बलात्कारजस्ता गम्भीर अपराध बढिरहेको छ ।

● **सदिप्ता महर्जन**
कीर्तिपुर, काठमाडौं

फाइल बोक्नेलाई चाहिँ कारबाही ?

वाह सरकार ! क्या गज्जबको निर्णय, आदेशदाता चोखिने र आदेश पालनकर्ता पत्राउ पर्ने । जसले फाइल साइन गरेर ओकेे भन्छ, त्यसलाई उन्मुक्ति र जसले फाइल साइन गराउन लान्छ त्यसलाई चाहिँ कारबाही, के यही हो सरकारको सही निर्णय ? यही हो सरकारले जोकोही भए पनि अपराधीलाई नछाड्ने भनी भाषण गरेको ? कम्तीमा सोधपुछ त गर्न पाइयो नि कतिसम्म अन्याय ? सोधपुछ नै गर्न नपाउने हो यहाँ ? सानालाई ऐन ठुलाई चैन भनेको सायद यही त होला नि !


सरकार टिकाउनकै लागि प्रधामन्त्री प्रचण्डले ललितानिवास जग्गा प्रकरणमा मुछिएका पूर्वप्रधानमन्त्रीद्वय डा. बाबुराम भट्टराई र माधवकुमार नेपाललाई उन्मुक्ति दिने गरी प्रतिवेदन तयार गराउनु भनेको भ्रष्टाचारमा ठूलालाई उन्मुक्ति दिएर तलका सानातिनालाई मात्र सजाय गराउने चालबाजी मात्र हो ।

ललितानिवास प्रकरणमा मुछिएका नेपाल र डा. भट्टराईलाई सिआइबीले साधारण सोधपुछ पनि गर्न नपाउने त कसरी हुन्छ ? उनीहरूसँग बयान नलिँदा प्रहरीको छानबिनमा असर पर्न सक्छ, दोषी उम्कने र निर्दोष फस्ने सम्भावना पनि हुन सक्छ । आखिर सामान्य बयान लिँदैमा के फरक पर्छ ? आखिर बयान भनेको त नेपाल र डा. भट्टराईका लागि सफाइ दिने मौका पनि हो । यसरी आफूलाई सफाइ दिने मौका उनीहरूले किन गुमाउँदै छन्, थाहा छैन ।

● **पुरुषोत्तम धिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

७० वर्षदेखिको अत्याचारविरुद्ध संघर्षरत इरानी जनता

उज्ज्वल भविष्यका लागि संघर्ष गरिरहेका इरानीले ७० वर्षअघि बेलायती एवं अमेरिकी गुप्तचर निकायले मुलुकको लोकतन्त्र सिध्याएको बुझेका छन्



देश/विदेश

● सिमिन फदई

इरानमा सन् १९५३ मा भएको 'कु'को शोषण र उत्पीडनको शृंखला आजपर्यन्त जारी छ । सन् १९७९ मा भएको इरानी क्रान्तिका बाबजुद यो शृंखला रोकिएन । हरेक १९ अगस्टमा आमइरानी 'कु' सम्झिन्छन् र अमेरिका र बेलायतले इरानको लोकतान्त्रिक रूपमा निर्वाचित नेतालाई हटाउने षड्यन्त्र नगरेको भए के हुन्थ्यो भनेर गम खाएर बस्छन् ।

इरानी कु नभएको भए इरान मात्रै नभई मध्यपूर्व र सम्पूर्ण विश्वको विकासक्रममै उल्लेखनीय परिवर्तन हुन सक्थ्यो । 'कु'ले इरान र छिमेकी मुलुकमा ठूलो उथलपुथल मात्रै ल्याएन, यसले साम्राज्यवादी हस्तक्षेपको शृंखलामा समेत उल्लेख्य वृद्धि गऱ्यो । विश्वका विभिन्न हिस्सामा वैध रूपमा निर्वाचित सरकार अपदस्थ गरिए । इरानका प्रधानमन्त्री मोहम्मद मोसद्देघलाई बलात् हटाउन सहज नभएको भए अमेरिकाले सन् १९५४ मा ग्वाटेमाला, सन् १९६१ मा कंगो वा सन् १९७३ मा चिलीजस्ता देशमा कु रच्नुअघि पुनर्विचार गर्थ्योहोला । सन् १९५१ देखि १९५३ सम्म इरानका लोकतान्त्रिक रूपमा निर्वाचित नेता मोहम्मद मोसद्देघले इरानको तेल उद्योगको राष्ट्रियकरण गरेका थिए । यो उद्योग पहिले एंग्लो-पर्सियन आयल कम्पनीको नियन्त्रणमा थियो । यो बेलायती तेल कम्पनी सन् १९०९ मा इरानमा एक महत्त्वपूर्ण तेल क्षेत्रको खोजपछि स्थापना भएको थियो र कालान्तर यो कम्पनी ब्रिटिस पेट्रोलियम (बिपी) बन्यो । सन् १९५१ मा इरानको संसद्ले तेल उद्योगको राष्ट्रियकरणको पक्षमा मतदान गऱ्यो । राष्ट्रियकरणको नीतिले बेलायतले आफूलाई ठूलो क्षति हुने र मध्यपूर्वमा प्रभाव क्षय हुने देख्यो । नतिजा मोसद्देघलाई सत्ताच्यूत गर्ने योजना बन्यो । 'अपरेसन एजेक्स'को नामले चिनिने यो 'कु'मा अमेरिकी गुप्तचर निकाय सिआइए र बेलायती गुप्तचर निकाय 'एम १६' दुवै संलग्न थिए । इरानका शाह मोहम्मद रेजा पहलवीले मोसद्देघलाई हटाउने असफल प्रयासपछि मुलुक छोडेका थिए, तर 'कु'पछि उनी फर्किए । लगत्तै उनले इरानको सुरक्षाबललाई नियन्त्रणमा लिए र क्रूरता एवं भयसहितको कठोर तानाशाही व्यवस्था लादे । पहलवीले विपक्षी दलमाथि प्रतिबन्ध लगाए र तेल राष्ट्रियकरणको आन्दोलनमा भाग लिएका कैयौं कार्यकर्ता गिरफ्तार भए वा निर्वासन गए ।

भयको सत्ता : सन् १९५७ मा शाहले 'साजमान-ए तेलत वा अम्नियत-ए केसवर' (सावक) नामक आन्तरिक सुरक्षा एजेन्सी सिर्जना गरेका थिए जुन सम्पूर्ण रूपमा शाहको नियन्त्रण रह्यो । सन् १९५७-१९७५ बीच दुई राजनीतिक दल पिपुल्स पार्टी (हजब-ए मार्दोम) र न्यु इरान पार्टी (हजब-ए इरान-ए नोविन)लाई मात्र मान्यता दिइयो । यसबाहेक सावकले मात्रै संसदीय पदका उम्मेदवारलाई अनुमोदन गर्थ्यो । र, दुवै दल पूर्णतः शाहको नियन्त्रणमा थिए । शाहले नियुक्त गरेका प्रधानमन्त्री र संसद्ले रबर स्टाम्पको काम गर्थे । सन् १९७५ सम्म शाहले एक पार्टी मात्रै चल्न दिने बनाए । सबै नागरिक सामेल हुनुपर्ने पार्टी अफ रिसरेक्सन अफ द इरानियन नेसन (हजब-ए रस्तखिज) निर्माण गरेर इरानी राजनीतिमा शाहले आफ्नो नियन्त्रण विस्तार गरेका थिए । र, सन् १९७९ मा जब इरानमा लोकप्रिय क्रान्ति हुन थाल्यो मुलुक पूर्ण राजतन्त्रमा परिणत भयो । शाहको सत्तालाई अत्याचारी गोप्य प्रहरी सावकले समर्थन गरेको थियो । क्रान्ति भएको केही महिनामा इरानको धार्मिक शक्तिले आयोतोल्लाह रुहोल्लाह खोमेनीको नेतृत्वमा सत्तामा नियन्त्रण लियो । इस्लामिक गणतन्त्रले पनि तुरुन्तै



तस्बिर : इएए-इएफई

अत्याचारी सावकजस्तै आफ्नै गोप्य प्रहरी 'सज्मान-ए इत्तेलात वा अम्नियत मेली इरान' गठन गरेको थियो । 'महिला, जीवन, स्वतन्त्रता' : यो साता इरानीले 'महिला, जीवन, स्वतन्त्रता' विद्रोहको वर्षगाँठमा विरोध प्रदर्शनको तयारी गर्दैगर्दा सन् १९५३ को 'कु'को सम्झना गर्नेछन् । यो विद्रोह सेप्टेम्बर २०२२ मा नैतिकता प्रहरीको कारबाहीमा महसा अमिनीको मृत्युपछि सुरु भएको थियो । यी प्रहरीले सार्वजनिक स्थानमा इस्लामिक पहिरनसंहिता (ड्रेस कोड) लागू गर्छन् । यिनै प्रहरीले महसालाई शालीन ढंगले हिजाब नलगाएको भन्दै यातना दिएर मारेको थियो । त्यसपछिको अशान्ति र विद्रोहको लहर इस्लामिक गणतन्त्र इरानका लागि सबैभन्दा ठूलो चुनौती बनेको थियो । सुरुदेखि राज्यले विरोध प्रदर्शनलाई कुल्चिन खोजेको थियो । प्रदर्शनकारी प्रहरीले अत्याचार र सम्भावित नृशंस सजायलाई प्रवाह गरेका थिएनन् । सार्वजनिक मृत्युदण्ड र सुरक्षा निकायले सयौं प्रदर्शनकारीको हत्या गर्दा पनि प्रदर्शनकारी डगमगाएका थिएनन् ।

आफ्नै सरकारको दमनको सामना गरिरहेका आमइरानीले अमेरिकाले लगाएको प्रतिबन्धको कठोर असर पनि व्यहोरिरहेका छन् । पछिल्ला पाँच वर्षमा यी प्रतिबन्ध डोनाल्ड ट्रम्पले पुनः लागू गरेका थिए । उनले अमेरिकालाई सन् २०१५ मा तत्कालीन राष्ट्रपति बाराक ओबामाले सहमति जनाएको इरान आणविक सम्झौताबाट एकपक्षीय रूपमा बाहिर ल्याएका थिए । यी प्रतिबन्धले इरानको अर्थतन्त्रलाई नराम्ररी क्षति पुऱ्याएको छ । उज्ज्वल भविष्यका लागि संघर्ष गरिरहेका इरानीले ७० वर्षअगाडि बेलायती एवं अमेरिकी गुप्तचर निकायले आफ्नो मुलुकको लोकतन्त्र कसरी अँठ्याएका थिए भन्ने बुझेका छन् । यति मात्रै नभई इरानी जनताले इरानको आन्तरिक संघर्ष विदेशी शक्तिबाट प्रभावित भएकोसमेत बुझेका छन् । यी जनता राज्य उत्पीडनको सिकार बनेकी महासा अमिनी र निका शाहकरामी, सरिना इस्माइलजदेहलगायत राज्यसंयन्त्रका दमनमा मारिएका प्रदर्शनकारी र अन्य हजारौं युवा इरानीले मौलिक अधिकारका लागि कहिलेसम्म संघर्ष गर्ने भनेर प्रश्न गरिरहेका छन् ? यी प्रदर्शनकारी सन् १९५३ को 'कु'को मूल्य कहिलेसम्म चुकाउने भनेर प्रश्न गरिरहेका छन् ?

(फदई म्यानचेस्टर विश्वविद्यालयकी समाजशास्त्रकी वरिष्ठ अध्यापक हुन्)
द कन्भर्सेसन

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्रतिद्वन्द्वीका लागि अवसर होइन ट्रुडोको सम्बन्धविच्छेद

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडो र उनकी श्रीमती सोफी ग्रिगोइर ट्रुडोले १८ वर्षको वैवाहिक जीवनपछि सम्बन्धविच्छेदको घोषणा गरे। यी दम्पतीका तीन सन्तानलाई घरको सुखद वातावरणमा हुर्केको देखेका सर्वसाधारण क्यानेडलीलाई यो आश्चर्यजनक घोषणाले स्तब्ध बनायो।

'सोफी र म थुप्रै अर्थपूर्ण र कठिन छलफलपश्चात् हामीले अलग हुने निर्णय गर्‍यौं,' इन्स्टाग्राम अकाउन्टमा पोस्ट गरिएको एउटा सन्देशमा ट्रुडोले लेखेका छन्। यस्तो घटनाले मानिसलाई आफ्नो व्यक्तिगत र राजनीतिक जीवनबारे सोच्न बाध्य तुल्याउँछ। सम्बन्धविच्छेद कुनै पनि परिवारका लागि चुनौतीपूर्ण प्रक्रिया हो र हामीमाझको मानवीय भावनाले यसमा संलग्न सबैको राम्रो होस भन्ने कामना गर्छ। तर, हाइप्रोफाइल राजनीतिज्ञका लागि सम्बन्धविच्छेदको सामना विशेषरूपले बढी चुनौतीपूर्ण हुन्छ किनकि राजनीतिमा तपाईंले चाहेको परिणाम प्राप्त गर्न हरेक पक्ष व्यवस्थित हुनुपर्छ। ट्रुडोका प्रतिपक्षीहरूमा उनको ब्रेकअपलाई आफ्नो राजनीतिक उद्देश्यमा उपयोग गर्ने लालच हुन सक्छ, तर यस्तो कुनै पनि आक्रमणको अधिकतम प्रभावकारिता भुत्ते र न्यूनतममा निर्दयी सुनिने खतरा छ।



जस्टिन ट्रुडो र सोफी ग्रिगोइर

'राष्ट्रका शयनकक्षमा राज्यलाई कुनै स्थान छैन (अर्थात् राज्यलाई वयस्कहरूको ओछ्यानमा के भइरहेको छ भनेर चहार्ने छुट छैन)' भन्ने पियरे ट्रुडोको उखान आज पनि राजनीतिज्ञ (उनका जेठो छोरा एवं देशका वर्तमान प्रधानमन्त्रीसमेत)का लागि उत्तिकै सत्य छ, जति अन्य सर्वसाधारण नागरिकका लागि छ।

वास्तवमा पियरे ट्रुडोको मार्गरेट ट्रुडो (जस्टिन ट्रुडोकी आमा)सँगको वैवाहिक सम्बन्ध पनि त्यतिबेला टुटेको थियो जतिबेला उनी प्रधानमन्त्रीको रूपमा सेवा गरिरहेका थिए।

क्यानडामा एउटा निकै लामो समयदेखि चलिआएको परम्परा छ र त्यो अझै पनि जीवितै देखिन्छ। व्यक्तिगत कुराले सार्वजनिक दायरा नाघेर निन्दनीय नबन्दासम्म यहाँ राजनीतिज्ञहरूको निजी पारिवारिक जीवनलाई संयुक्तराज्य अमेरिकामा जस्तो राजनीतिक निधिखोजी र आलोचनाको विषय बनाइँदैन। हो, जस्टिन ट्रुडोको युगमा सार्वजनिक र निजी जीवनबीचको पर्खाल केही हदसम्म भत्किएको छ। यसका धेरै कारण छन्। पहिलो, ट्रुडो आफैंले कैयौंपटक राजनीतिक छवि निर्माण गर्न परिवारलाई संलग्न गराएका छन्। यसबीच, क्यानडाको राजनीतिक संस्कृति बढ्दो रूपले ध्रुवीकृत हुँदै जाँदा विशेष गरी अनलाइन र राजनीतिक वृत्तको आलोचनाबाट सुरक्षित विषय पनि कम हुँदै गएका छन्। कुनै तथ्यपरक सामग्रीविना स्वतन्त्र रूपले सञ्चालित अनलाइनबाट अप्रिय आक्रमण हुने दुर्भाग्यपूर्ण सम्भावना देखिन्छ। यो सम्बन्धविच्छेदले ट्रुडोको राजनीतिक करिअरमा कस्तो प्रभाव पार्छ त्यो भने हेर्न बाँकी छ। यसले चुनौतीको संकेत गर्छ। तर, यो प्रधानमन्त्री र उनकी श्रीमती दुवैका लागि अवसर पनि हो। यदि यो एकदमै सचेत र आपसी समझदारीयुक्त ब्रेकअप हो भन्ने सार्वजनिक छविमा दरार देखापर्न थाल्यो भने यसले ट्रुडोलाई हेर्ने दृष्टिकोणमा अनिवार्य रूपमा असर गर्नेछ। किनकि उनले आफ्नो एक समर्पित पति र पिताको छवि विकास गर्न निकै ठूलो प्रयास गरेका थिए। *-द कन्भर्सेसनबाट*

इतिहासमा आज



सन् १९११ : मोना लिसा चोरी भएको दिन। लियोनार्दो दा भिन्चीको प्रख्यात पेन्टिङ मोना लिसालाई पेरिसको राष्ट्रिय संग्रहालय लोउभ्रीबाट हराएको थियो। उक्त तस्बिर दुई वर्षपछि इटालीबाट फेला परेको थियो।

सन् १९८६ : क्यामरुनको लेक नायोसमा भएको प्राकृतिक विपत्तिमा १७ सयजनाको मृत्यु। पानीभित्र भएको ज्वालामुखी विस्फोटपछि ठूलो परिमाणमा कार्बनडाइअक्साइड निष्कासित भएको थियो।

सन् १९८८ : इरान र इराकबीच युद्धविराम घोषणा। दुई देशबीच भएको आठ वर्ष लामो युद्धपछि युद्धविराम भएको थियो।

सन् १९९१ : लातभियाद्वारा सोभियत युनियनबाट पूर्ण रूपमा स्वतन्त्र भएको घोषणा। सन् १९१८ मा स्थापित लातिभिया गणतन्त्र दोस्रो विश्वयुद्धपछि सोभियत रिपब्लिकको रूपमा पूर्ण रूपमा मर्ज गरिएको थियो। इस्टोनियामा सुरु भएको शान्तिपूर्ण क्रान्ति (सिंगिङ रिभोलुसनपछि ब्यालेस्टिक राष्ट्रले स्वतन्त्रता प्राप्त गरेको थियो।

सन् १९९३ : प्रक्षेपणको एक वर्षपछि नासाको मास अब्जर्भरसँग सञ्चारविच्छेद। रोबोटिक अन्तरिक्ष जाँचअन्तर्गत अब्जर्भरलाई रातो ग्रहणको अन्वेषण र अनुसन्धानका लागि अन्तरिक्षमा पठाइएको थियो।

विश्व संक्षेप

रुसी अन्तरिक्षयान चन्द्रमामा दुर्घटनाग्रस्त

मस्को/ रुसले चन्द्रमामा पठाएको एउटा अन्तरिक्षयान दुर्घटनाग्रस्त भएको छ। लगभग ५० वर्षमा रुसको पहिलो चन्द्रमा मिसन लुना-२५ प्रुब चन्द्रमामा अवतरण गर्नुअघि दुर्घटनाग्रस्त भएको रुसी अन्तरिक्ष एजेन्सी रोस्कोसमोसले आइतबार जनाएको छ। उक्त अन्तरिक्षयानलाई चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गराउने उद्देश्य मस्कोले राखेको थियो। यसअघि रुसले सन् १९७६ मा आफ्नो पहिलो चन्द्रयान प्रक्षेपण गरेको थियो। शनिबार साँझ २ बजे लुना२५ सँगको सम्पर्कविच्छेद भएको रोस्कोसमोसले जनाएको छ। ८०० किलो ग्राम लुना २५ चन्द्रमाको दक्षिणी ध्रुवमा नियन्त्रित अवतरण गर्ने क्रममा थियो। उक्त यान सोमबार अवतरण गर्ने तालिका थियो। अवतरण गर्नुअघिको कक्षमा पुग्दा यानमा समस्या देखिएको थियो।

हजार वर्ष जेलमा बस्न तयार छु : इमरान खान

इस्लामाबाद/ भ्रष्टाचार अभियोगमा कारागारमा रहेका पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले आफू एक हजार वर्षसम्म पनि जेलसजाय भोग्न तयार रहेको बताएका छन्। आफ्नो देशका लागि आफू हजार वर्षसम्म जेलमा बस्न तयार रहेको उनले बताएका हुन्। ७० वर्षीय खानलाई राज्यको उपहार (तोसाखाना) बिक्रीबाट आएको रकम लुकाएको अभियोगमा एक अदालतले अगस्ट ४ मा तीन वर्षको जेलसजाय सुनाएको थियो। उनी हाल पन्जाब प्रान्तको एटक जेलमा छन्। इस्लामाबाद उच्च अदालतका मुख्य न्यायाधीश आमिर फारुक र न्यायाधीश तारिक महमुद जहाँगिरीको संयुक्त इजलासले मंगलबार खानको मुद्दाबारे सुनुवाइ गर्दै छ। एटक जेलमा खानलाई भेटेपछि पत्रकारहरूसँग कुरा गर्दै पाकिस्तान तहरिक-ए-इन्साफका प्रमुखको कानुनी टोलीका सदस्य उमियार नियाजीले पूर्वप्रधानमन्त्री खानको स्वास्थ्य राम्रो रहेको ट्रिब्युन पत्रिकाले जनाएको छ। खानविरुद्ध देशभर १४० भन्दा बढी मुद्दा लागेको छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०५/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरिकाले गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

कुमारीपाटी शाखा, ललितपुर

ऋणीको विवरण

१. नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२०९१०/०७६/०७७ अन्तर्गत मिति २०७६/०४/२३ मा दर्ता कायम भएको **यति टेक्निक फार्म प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : ललितपुर म.न.पा. - १३, जावलाखेल ललितपुर
स्थायी लेखा नं. ६०९५९२७५९, मिति २०७६/०८/१९
सञ्चालक : तेज बिक्रम थापा
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा अल्पकालिन कर्जा

२. नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ८५३८४/०६८/०६९ अन्तर्गत मिति २०६८/०४/२३ मा दर्ता कायम भएको **काष्ठमण्डप वाईन ग्यालरी प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : ललितपुर -४, ललितपुर
स्थायी लेखा नं. ६०२८७२४९४, मिति २०७१/०९/१८
सञ्चालक : सजना राजकर्णीकार
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

३. नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं १४४६९३/०७२/०७३ अन्तर्गत मिति २०७२/१०/१८ मा दर्ता कायम भएको **कृषी फ्रेस प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : ललितपुर म.न.पा. - ५, कुमारीपाटी, ललितपुर
स्थायी लेखा नं. ६०३५८६९९८ मिति २०७३/०३/०७
सञ्चालक : सजना राजकर्णीकार र तेज बिक्रम थापा
कर्जा शिर्षक : सवारी साधन कर्जा

सञ्चालक/जमानत दिनेको विवरण

सजना राजकर्णीकार
ना.प्र.नं. १४५६३ जारी मिति २०५९/१०/०३ जि.प्र.का. ललितपुर
बाबुको नाम : तुलसी मान राजकर्णीकार
पतिको नाम : तेज बिक्रम थापा
ससुराको नाम : ओज बहादुर थापा
स्थायी ठेगाना : ललितपुर - १८, ललितपुर

तेज बिक्रम थापा
ना.प्र.नं. २०९२/४२७२ जारी मिति २०५६/०२/२१
जि.प्र.का. काठमाडौं
बाबुको नाम : ओज बहादुर थापा
बाजेको नाम : रण बहादुर थापा
स्थायी ठेगाना : तनहुसर - ७, तनहुँ

धितोको विवरण

जग्गाको विवरण

ऋणी यति टेक्निक फार्म प्रा.लि.को लागि धितो सुरक्षण :
१. रण बहादुर थापाको नाति, ओज बहादुर थापाको छोरा, तेज बिक्रम थापाको नाममा मालपोत कार्यालय, लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. २ घ स्थित कित्ता नं. १५८७, १५८९, १६२३ र १६२५ को क्षेत्रफल क्रमशः ०-३-१-०, ०-३-२-२, ०-१-३-० र ०-२-३-२ रोपनी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी काष्ठमण्डप वाईन ग्यालरी प्रा.लि.को लागि धितो सुरक्षण :
१. काष्ठमण्डप वाईन ग्यालरी प्रा.लि. को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ३५२ को क्षेत्रफलः १०-०-०-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी कृषी फ्रेस प्रा.लि.को लागि धितो सुरक्षण :

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
Maruti Suzuki EECO 7 Seater	Bagmati Pradesh 01-025 Cha 4296	2021	MA3ERLF1S00928924	G12BN945499
Maruti Suzuki EECO 7 Seater	Bagmati Pradesh 01-025 Cha 4118	2021	MA3ERLF1S00923688	G12BN939190

नोट : यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

विराटनगर शाखा, मोरङ

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५२१२९/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/२१ मा दर्ता कायम भएको **देवमोना ट्रेडर्स प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : विराटनगर म.न.पा. वडा नं. १८, मोरङ
स्थायी लेखा नं. ६०९८९८९३६, मिति २०७७/११/०६
संचालक तथा अध्यक्ष : मोना देवी साह
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा आवधिक कर्जा
३. संजय कुमार शाह
कर्जा शिर्षक : आवधिक कर्जा

२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर, मोरङमा प्रा.फ.र.नं. ३१९०३/०७५/७६ अन्तर्गत मिति २०७५/१०/०८ मा दर्ता कायम भएको **संजय किराना पसल**
फर्म दर्ता ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ
स्थायी लेखा नं. १०८५४९८२१, मिति २०७५/१०/१०
प्रोप्राईटर : संजय कुमार शाह
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

संजय कुमार शाह
ना.प्र.नं. ३९८८९ जारी मिति २०५५/१०/१९ जि.प्र.का. मोरङ
बाबुको नाम : देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

ओम प्रकाश कुमार साह
ना.प्र.नं. ८०६०८ जारी मिति २०६३/०७/१५ जि.प्र.का. मोरङ
बाबुको नाम : स्व. देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

मोना देवी साह
ना.प्र.न. २८/०४६/४७ जारी मिति २०४६/०९/११ जि.प्र.का. मोरङ
बाबुको नाम : पदम लाल साह
पतिको नाम : देव नारायण साह
ससुराको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

जय प्रकाश कुमार साह
ना.प्र.नं. ८०६०९ जारी मिति २०६३/०७/१५ जि.प्र.का. मोरङ
बाबुको नाम : स्व. देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

जितेश कुमार साह
ना.प्र.नं. ०५१०६६/२९६१ जारी मिति २०६७/०५/३० जि.प्र.का. मोरङ
बाबुको नाम : स्व. देव नारायण साह
बाजेको नाम : मुलचन साह
स्थायी ठेगाना : विराटनगर - २१, मोरङ
हालको ठेगाना : विराटनगर म.न.पा. वडा नं. १५, मोरङ

धितोको विवरण

घर/जग्गाको विवरण

ऋणी संजय किराना पसल तथा ऋणी संजय कुमार साह का लागि धितो सुरक्षण :
१. पदम लाल साहको छोरी, मुलचन साहको बुहारी, देव नारायण साहको पत्नी, मोना देवी साहको नाममा मालपोत कार्यालय, विराटनगर, मोरङमा दर्ता श्रेष्ता कायम रहेको
क) मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २१ स्थित कित्ता नं. १३, १६ र ५० को क्षेत्रफल क्रमशः ०-०-१३-०, ०-०-१२-० र ०-०-८-३ विगाहा को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख) मोरङ जिल्ला, बुधनगर गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. २७२ को क्षेत्रफल ७२७०.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी देवमोना ट्रेडर्स प्रा.लि. का लागि धितो सुरक्षण :
२. देवमोना ट्रेडर्स प्रा.लि. का नाममा मालपोत कार्यालय, विराटनगर, मोरङमा दर्ता श्रेष्ता कायम रहेको
क) मोरङ जिल्ला, बुधनगर गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. ९५, ४७८ र ४७९ को क्षेत्रफल क्रमशः ४५६५.००, १८७७.१० र ५०७.९० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख) मोरङ जिल्ला, बुधनगर गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. ५६७, ९९ र ३२५ को क्षेत्रफल क्रमशः ११८५.२१, ३३९०.०० र ११८५.१० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

घोराही शाखा, दाङ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घोराही उप-महानगर कार्यपालिका, उद्योग विकास शाखा, घोराही, दाडमा प्रा.फ.र.नं. १११०३/३४४ अन्तर्गत मिति २०७४/०७/२२ मा दर्ता श्रेष्ता कायम भएको **आकृति पोल्ट्री फिड सप्लायर्स**
फर्म दर्ता ठेगाना : घोराही उ.म.न.पा. ३, गोग्ली, दाङ
स्थायी लेखा नं. ६०३८१९८७६, मिति २०७२/१०/०३
प्रोप्राइटर : कल्पना श्रीपाली विश्वकर्मा
ना.प्र.नं. ५२१०२०/२४४८ जारी मिति २०६५/१२/०७ जि.प्र.का. दाङ
बाबुको नाम : गोपाल बहादुर विश्वकर्मा
पतिको नाम : कोबिन्द कुमार श्रीपाली विश्वकर्मा
ससुराको नाम : मुकुन्द बहादुर विश्वकर्मा
स्थायी ठेगाना : घोराही - ८, दाङ
हालको ठेगाना : घोराही उ.म.न.पा. वडा नं. १३, मडलेरी, दाङ
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

मोती विश्वकर्मा
ना.प्र.नं. ४८०/८१८
जारी मिति २०५२/०२/०७ जि.प्र.का. दाङ
बाबुको नाम : टोपीलाल विश्वकर्मा
पतिको नाम : मुकुन्द बहादुर विश्वकर्मा
ससुराको नाम : गासे विश्वकर्मा
स्थायी ठेगाना : हलवार - ८, दाङ
हालको ठेगाना : घोराही उ.म.न.पा. वडा नं. १३, मडलेरी, दाङ

कोबिन्द कुमार श्रीपाली विश्वकर्मा
ना.प्र.नं. ५५९१/१७६८
जारी मिति २०५८/१०/०९ जि.प्र.का. दाङ
बाबुको नाम : मुकुन्द बहादुर विश्वकर्मा
बाजेको नाम : गासे विश्वकर्मा
स्थायी ठेगाना : त्रिभुवननगर न.पा. वडा नं. ८, दाङ
हालको ठेगाना : घोराही उ.म.न.पा. वडा नं. १३, मडलेरी, दाङ

व्यक्तिगत जमानत दिनेको विवरण

टोपीलाल विश्वकर्माको छोरी, गासे विश्वकर्माको बुहारी, मुकुन्द बहादुर विश्वकर्माको पत्नी, मोती विश्वकर्मा तथा गासे विश्वकर्माको नाती, मुकुन्द बहादुर विश्वकर्माको छोरा, कोबिन्द कुमार श्रीपाली विश्वकर्माको संयुक्त नाममा मालपोत कार्यालय, घोराही, दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, सेवार बनगाऊ न.पा./गा.वि.स. वडा नं. ५ (हाल घोराही उ.म.न.पा. वडा नं. १३) स्थित कि.नं. २७१ र २६७ को क्षेत्रफल क्रमशः ०-१०-१०.५-० र ०-०-१९.५-० विगाहा वा ३५६४.१८ र ३३०.१७ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
Mahindra Bolero SC XL FB 2WD	Lu 2 Cha 6030	2018	MA1ZN2GHKJ1L91412	GHJ1L13587

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०५/१० (कार्यालय समयभित्र)
बोलपत्र खोलिने मिति : २०८०/०५/११
समय : दिउँसो ३:०० बजे
स्थान : सम्बन्धित शाखामा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

आयातित प्रविधि र प्राविधिक परनिर्भरता

प्राविधिक परनिर्भरतालाई हटाउन नसके पनि कम गर्न सकिन्छ, यसका लागि सरकारले देशमै प्रविधि विकास गरी दक्ष जनशक्ति उत्पादन बढाउनुपर्छ

अर्थ संवाद
● दीपक थापा

प्रसिद्ध अमेरिकी इन्भेस्टमेन्ट म्यानेजमेन्ट कम्पनी आर्कको २०२३ आर्क इन्भेस्ट रिपोर्टअनुसार एआई, ब्लकचेन, डिजिटल वालेट, इन्टरनेट अफ थिंग्स, मोबाइल यन्त्र, ब्याट्री प्रविधि, स्वायत्त गतिशीलता, क्लाउड कम्प्युटिङलगायतका १४ प्रविधि विश्व अर्थतन्त्रमा प्रचलनमा छन् । तर, नेपालमा प्रविधिको विकास नहुँदा र आयात गरी नेपालले उपयोगमा ल्याउँदा धेरै विदेशी मुद्रा बाहिरिएको छ । नेपालले जलविद्युत् प्रविधि, विद्युतीय सवारीसाधन, शिक्षा, सौर्य ऊर्जा, चिकित्सा, रोग नियन्त्रण तथा उपचार तत्त्व, कृषि र पशुपालन प्रविधि, पर्यटन र आवासन प्रविधिजस्ता आयातित प्रविधि प्रयोग गर्दा र प्राविधिक परनिर्भरताले बर्सेनि अर्बौं रकम बाहिरिएको छ ।

आधुनिक विज्ञान र प्रविधि क्षेत्रमा ढिलो सुरुवात हुँदा नेपाल विश्वमा धेरै पछाडि छ । आठ हजार मिटर अग्ला विश्वका ६० प्रतिशत हिमाल, जलस्रोतमा धनी, युरेनियमसहित बहुमूल्य खानी, प्राकृतिक विविधताको अनौठो संगम, पर्यटनको अपार सम्भावना, जडीबुटीसहितका थुप्रै सम्भावना बोकेको हाम्रो देश आर्थिक विकासमा विश्व र दक्षिण एसियामा समेत पछि परेको छ । वर्ल्ड हेरिटेज फाउन्डेसन संस्थाका अनुसार आर्थिक समृद्धिको हिसाबले २०२३ को अर्थतन्त्र सूचकांकमा नेपाल १४२औँ स्थानमा छ र एसिया-प्यासिफिक क्षेत्रका ३९ देशमा ३०औँ स्थानमा छ । यसले नाजुक अर्थव्यवस्थालाई संकेत गर्छ । २०१८ देखि २०२३ सम्म आइपुग्दा नेपालको स्थान खस्कनु र आर्थिक विकास क्रम घटेर आर्थिक मन्दी छाउनुमा प्रविधिको सिजना गर्न नसक्नु हो । भएको विशेषज्ञ तथा विज्ञ पनि उपयुक्त अवसरको खोजीमा बिदेसिने प्रवृत्तिले देशले नवीन उत्पादन, खोज अनुसन्धान र आवश्यक पर्ने परामर्श, विशेषज्ञ सेवा, प्राविधिक तथा अनुसन्धानकर्ताको खोजी गर्दा विदेशीको भर पर्नुपर्ने बाध्यात्मक अवस्था छ ।

आयातित प्रविधि र प्राविधिक परनिर्भरता रहँदा समृद्धिमा धेरै योगदान गर्न सक्ने क्षेत्र खनिज तथा खानीजन्य पदार्थ हो । यसबाट कुल गार्हस्थ्य उत्पादनमा २०१० को ८,५२४ मिलियन बाट २०२२ मा आइपुग्दा १६,८५३ मिलियन नेपाली रुपैयाँ पुगेको छ । एक दशकयता दोब्बर बढ्दा पनि कुल गार्हस्थ्य उत्पादनमा खानीको योगदान १ प्रतिशतभन्दा कम हुनु चिन्ताजनक विषय हो । नेपालमा फलाम, तामा, सिसा, अभ्रख, म्याग्नेसाइट, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास, युरेनियमलगायत बहुमूल्य खनिज पदार्थ भए पनि प्रविधि र प्राविधिकको कमीले गर्दा र यसको निम्ति अरू देशमा भर पर्नुपर्ने बाध्यताले यसको विकास हुन सकेको छैन ।

अर्थतन्त्रमा प्रविधिसहितको प्राविधिक परनिर्भरता के हो ? : अर्थतन्त्रमा प्रविधि र प्राविधिक परनिर्भरता भन्नाले विकास निर्माणदेखि योजनामा क्षमतावान् मानिस तथा मेसिन औजार प्रयोग गर्दा वा योजना सञ्चालनार्थ प्रणाली जडानमा, विदेशी वा तेस्रो पक्षमा भर पर्नुपर्ने अवस्थालाई बुझाउँछ । परनिर्भरता भनेको व्यापार, उत्पादन, वितरण, वित्तीय, औद्योगिक तथा सामाजिक क्षेत्रमा नयाँ तथा उन्नत प्राविधिक उत्पादन, तथा प्रवर्द्धन गर्दा स्वयं सक्षम हुन नसक्नु हो । प्राविधिक परनिर्भरताले देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक विकासमा असर गर्छ । प्रायः संवेदनशील, संरचनात्मक र प्रवृत्तिगत परनिर्भरता गरी तीन किसिमका प्रविधिसहितको प्राविधिक परनिर्भरता प्रचलनमा आएको देखिन्छ ।

संरचनात्मक प्राविधिक परनिर्भरता : यो भनेको आर्थिक क्रियाकलापमा निश्चित कार्य वा प्रक्रियाका लागि प्रविधिमा हुने निर्भरतालाई बुझाउँछ । व्यावसायिक गतिविधिलाई व्यवसायी र उद्योगले व्यवस्थित गर्न कम्प्युटर प्रणाली, क्लाउड सेवा वा विशेष सफ्टवेयर सञ्चालन, सञ्चार र तथ्यांक विश्लेषण व्यवस्थापन आदिमध्ये कुनै एकको अनुपस्थितिमा यसले व्यवसायिक तथा प्रवर्द्धनात्मक क्षमतालाई उल्लेखनीय रूपमा बाधा पुऱ्याउन सक्छ ।

संवेदनशील प्राविधिक निर्भरता : यसले आर्थिक प्रणालीका प्रविधिबीचको विशिष्ट र महत्त्वपूर्ण सम्बन्धलाई जनाउँछ । यसले स्थिरता र प्रणालीको कार्यक्षमतामा महत्त्वपूर्ण प्रभाव पार्ने हुँदा प्रणालीबीच उद्देश्य प्राप्त गर्न एक-अर्कोमा निर्भर रहन्छ । जटिल प्रणालीको विश्वसनीयता र मजबुती सुनिश्चित गर्न यो निर्भरताको व्यवस्थापन गर्नु महत्त्वपूर्ण छ ।

प्रवृत्ति प्राविधिक निर्भरता : यसले आधुनिक जीवनमा प्रविधिमा निर्भरताको प्रचलित झुकाव वा ढाँचा जुन समयको साथसाथै सबै क्षेत्रका कार्यहरू प्रविधिमा निर्भर हुँदै गएको संकेत गर्छ । यो निर्भरता आजको संसारमा एक सामान्य प्रवृत्ति हो । तर, यसले सुरक्षा, गोपनीयता र प्रविधिमा अत्यधिक निर्भरताको सम्भावित जोखिमसँग सम्बन्धित चुनौती खडा गरेको छ ।

अर्थतन्त्रमा किन प्राविधिक परनिर्भरता हानिकारक छ ?

प्राविधिक निर्भरता आत्मनिर्भरताको विपरीत मान्न सकिन्छ । उपभोग्य वस्तु तथा सेवा आयात गर्नुपर्ने अवस्थामा प्राविधिक निर्भरता धेरै उच्च हुन्छ । वैज्ञानिक विज्ञहरूको संख्या, अनुसन्धान र विकास खर्च, सम्भावना भएका क्षेत्रको प्रविधि र यसको सञ्चालनार्थ चाहिने प्राविधिक नहुँदा वा कम हुँदा प्राविधिक निर्भरताको अवस्था रहन्छ । द्रुत गतिको विकासमा बाहिरी प्रविधि र प्राविधिक प्रयोग स्वाभाविक भए पनि अर्थतन्त्रमा प्राविधिक परनिर्भरता अनेक कारणबाट हानिकारक छ । यसले अर्थतन्त्रलाई अस्थिर बनाई समस्या खडा गरी अर्थतन्त्रको दीर्घकालीन समृद्धिमा असर पुऱ्याउन सक्छ ।

सिर्जनशीलता र अभियान्त्रीकरणमा कमी : अर्थतन्त्रमा प्राविधिक परनिर्भरता भएमा नवीन प्रविधि प्रणालीको विकास र विस्तारमा कमी आउनुका साथै प्रविधिमा अवसर खोज्ने प्रवृत्तिमा कमी आई आपूर्ति बढ्छ ।


अर्थव्यवस्थामा परिवर्तनशीलताको कमी : परनिर्भरता भएको देशको अर्थव्यवस्था सुधार्न बढी समय लाग्छ । साथै, विदेशी उपकरण, सेवा तथा प्रविधि उपयोगमा भुक्तानी गर्दा विदेशी मुद्रा सञ्चितिमा कमी आई बजार असन्तुलित हुन्छ । नेपालमा अधिक परनिर्भरता भएकाले संरचनात्मक परिवर्तन कठिन छ, जसले समग्र अर्थतन्त्रलाई नै दूषित बनाएको छ ।

यस्तै, लैंगिक, जातीय, भाषा र सांस्कृतिक संरक्षणको खतरा पुऱ्याउँछ । विदेशी तथा आयातित प्राविधिक संस्थाहरूले स्थानीय सांस्कृतिक परम्परालाई तोड्ने वा खलल पुऱ्याउने काम पनि गरेका छन् । सम्बन्धित सेवाको सुरक्षा र गोपनीयतामा पनि यसले समस्या पैदा गर्न सक्छ । सञ्चार, बैंकिङ, व्यापारजस्ता क्षेत्रमा साइबर अपराधको खतरासमेत बढ्छ । यसरी प्राविधिक परनिर्भरताले अर्थतन्त्रको समृद्धि र विकासमा असर गरी उद्योग, व्यवसाय, नवप्रवर्तन, आविष्कार, सिर्जनशीलता र यान्त्रिकीकरणमा नकारात्मक असर पुग्छ ।

परनिर्भरता निम्त्याउने कारण र समाधानका उपाय : देशले विविध वस्तु तथा सेवा उत्पादन गर्दा, कुनै आयोजनामा विशेष क्षमताको विज्ञ सेवा लिँदा वा नयाँ कामकाजी प्रविधि बजारमा आउँदा नयाँ प्रविधि प्रयोगमा ल्याउनुपर्ने अवस्थामा चाहिने प्रविधि र प्राविधिक विदेशमा निर्भर रहनु स्वाभाविकै हो । समग्र आर्थिक विकासका लागि प्रविधिको प्रयोगविना सम्भव नहुने भए पनि प्रविधि र प्राविधिकको व्यवस्थापन मुलुकमा सम्भव नहुनाले परनिर्भरता बढेको छ ।

यसरी भएको परनिर्भरतालाई स्वदेशी प्रविधिको प्रोत्साहन, प्रविधिको अनुसन्धान र नवीन सिर्जनशीलतामा जोड, सरकारी नीति र नियमको प्रोत्साहन, अध्यन अनुसन्धानमा जोड, प्राविधिक नेतृत्वको विकास गर्न र जनचेतना संरक्षण सचेतनाजस्ता प्रक्रिया अपनाई कम गर्न सकिन्छ । प्राविधिक परनिर्भरतालाई पूर्ण रूपमा हटाउन कठिन भए पनि कमी गर्न सरकारले प्रविधिलाई देशमै विकास गर्ने, आवश्यक प्राविधिक दक्ष जनशक्ति उत्पादन बढाउनुपर्छ ।

(थापा अर्थशास्त्रका प्राध्यापक हुन्)



जलविद्युत् प्रविधि, विद्युतीय सवारीसाधन, शिक्षा, सौर्य ऊर्जा, चिकित्सा, कृषि र पशुपालन प्रविधि, पर्यटन र आवासन प्रविधिलगायतका आयातित प्रविधि प्रयोग गर्दा र प्राविधिक परनिर्भरताले बर्सेनि अर्बौं रकम बाहिरिएको छ

द्रुत गतिको विकासमा बाहिरी प्रविधि र प्राविधिक प्रयोग स्वाभाविक भए पनि अर्थतन्त्रमा यो अनेक कारणबाट हानिकारक छ । यसले अर्थतन्त्रलाई अस्थिर बनाई दीर्घकालीन समृद्धिमा समेत असर पुऱ्याउन सक्छ ।

अर्थ ज्ञान

गत आवमा कति युवा कोरिया गए ?

गत आर्थिक वर्ष ०७९/८० मा २२ हजार नौ सय २२ नेपाली युवा श्रमिक कोरिया पुगेका छन् । जसमध्ये १६ हजार ६ सय ८१ नयाँ श्रमिक थिए भने ६ हजार दुई सय ४१ पुराना श्रमिक पुनः कोरिया गएका थिए । इपिएस प्रणालीमार्फत श्रमिक कोरिया पठाउनेमा नेपाल अग्रपंक्तिमा छ । कोरिया जाने श्रमिकको एक कार्यकालको अवधिमा चार वर्ष १० महिना हुन्छ ।

कोरिया जाने श्रमिकको रोस्टरमा हाल नौ हजार नेपाली युवा सूचीकृत छन् । जसमध्ये ६ हजार उत्पादन क्षेत्रका छन् भने तीन हजार कृषि क्षेत्रका छन् । सूचीकृतमध्ये तीन हजार पुराना श्रमिक छन् । पुराना श्रमिकमध्ये दुई हजार पाँच सय उत्पादन क्षेत्रका छन् भने पाँच सय कृषि क्षेत्रमा गएका इपिएस प्रमुख सुवेदीले बताए ।

हालसम्म कोरियामा ८९ हजार नेपाली युवा पुगिसकेका छन् । गत आवमा करिब २३ हजार श्रमिक कोरिया पुगे । कोरिया र नेपालबीच सन् २००७ मा श्रम सम्झौता भएको थियो । सम्झौताअनुसार कोरियाले सन् २००८ देखि नेपालबाट कामदार लैजान सुरु गरेको हो । कोरियाले कृषि तथा उत्पादन क्षेत्रका लागि नेपालबाट कामदार लैजाने गरेको छ । कोरियाले नेपालबाहेक बंगलादेश, म्यानमार, चाइना, भियतनाम, कम्बोडिया, लाओसलगायत १६ वटा मुलुकबाट कामदार लैजाने गरेको छ ।

कोरिया सरकारले यसअघि प्रत्येक मुलुकका लागि श्रमिकको कोटा छुट्याउँदै आएको थियो । तर, यो वर्ष भने कोटा प्रणाली हटाएको छ । आफ्नो रोजगारदाताको छनोटमा जति पनि श्रमिक कोरिया जान सक्ने व्यवस्था गरिदिएको छ । तसर्थ, यो वर्ष हालसम्मकै अधिक नेपाली श्रमिक कोरिया पुगेका छन् ।

बिजनेस @



सुगतरत्न कंसाकार, पूर्वमहाप्रबन्धक, नेपाल वायुसेवा निगम

अहिले नेपालमा यस्तै बहस जारी । सन् २०११ अघि इजिप्टले विकास गर्न नसकेकोमा बुद्धिजीवी र जनताले मुलुक प्रगति गर्न नसकेको कारणमा भूगोल, मरुभूमि, हावापानी, कृषि उत्पादनमा कमी, कार्य संस्कार, नैतिकतामा ह्रास, शासकमा ज्ञानको कमी, गलत नीति र रणनीति, अक्षम सल्लाहकार आदि हुन् भनी बहस गर्थ्यो ।

चन्द्रमणि अधिकारी, अर्थविद्



पाकिस्तानमा आएको आकस्मिक बाढी र विनाश, नेपालको कागबेनीमा आएको बाढी र युरोप तथा अमेरिकाका विभिन्न देशमा बढेको तापक्रम र खडेरीसमेतले विश्वको औद्योगिक र प्रविधिको विकास, प्रयोग र अभ्यास तथा बदलिँदो व्यवहार विनाशतर्फ लक्षित भएको पुष्टि हुन्छ ।



नवराज पन्त, सामाजिक विकासविद्


यसपालि कागबेनी अचानक बाढीले धेरै तहसनहस गऱ्यो । अहिले जोमसोम-मुक्तिनाथमा दैनिक ४०० भन्दा बढी इन्धन सवारीसाधन गएको देखिन्छ । यसले हिमाल तताउने काम भएको छ । भोलि पोखरादेखि नै घान्द्रुक र मुक्तिनाथ जाने सवारीसाधन अनिवार्य इभी मिनिबस मात्र प्रयोग गर्नुपर्ने कडा नीति लिनुपर्ने हुन सक्छ ।

सेयर बजार

३ भदौ ०८०

नेप्से २,०११.२२ ▼ -२१.९१ -१.०७%

कारोबार रकम	जम्मा सेयर
१,४४,७४,०८,९४२.६७	४४,५९,४५९



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

तेलमाथिको परनिर्भरता अन्त्य कति सम्भव ?

अफ्रिका र ल्याटिन अमेरिकाका तेल उत्पादकले दुई दशकभित्र विश्वमा पेट्रोलियम उत्पादनको राजनीतिक र आर्थिक महत्त्व घट्छ भन्ने बुझ्न जरुरी छ

हाल विश्वमा दैनिक १० करोड ब्यारेल तेलको खपत हुन्छ । पछिल्लो ७५ वर्षमा तेलको खपत १० गुणा बढेको देखिन्छ । करिब डेढ सय वर्ष पहिले अमेरिकाको पूर्वी पेन्सिलभेनिया क्षेत्रमा तेल भण्डारको खोज भएपछि पहिलोपटक व्यावसायिक उत्पादन सुरु भएको पाइन्छ । १९औँ शताब्दीको मध्यदेखि २०औँ शताब्दीको सुरुवातसम्म विश्वमा सर्वाधिक तेल उत्पादन र खपत पनि अमेरिकामा हुँदै आएको थियो ।

सन् १८७० को दशकमा जोन रकलफेलर नामक अमेरिकी व्यक्तिले स्ट्यान्डर्ड आयल कम्पनी स्थापना गरे । १९औँ शताब्दीको अन्त्यसम्म तेल उद्योगमा यो कम्पनीले एकलौटी राज गऱ्यो । यसको वर्चस्व तोड्न सन् १९११ मा अमेरिकी सरकारले रकलफेलरलाई तीन भागमा वर्गीकरण गरी तीन नयाँ कम्पनी बनायो । ती थिए, सेरावन, मोबिल र एक्सन ।

२०औँ शताब्दीको सुरुवातमा विश्वभर औद्योगिक क्रान्तिको लहर चल्यो । मेसिन र वाहनका लागि तेलको माग बढ्यो । तेलको प्रयोग युद्धमा हुन थालेको थियो ।

ग्रेगरीका अनुसार २०औँ शताब्दीमा युद्धको स्वरूप आधुनिक हुँदै गयो, जसमा मेसिन प्रयोग हुन थाल्यो । ट्यांक र विमानका लागि तेल आवश्यक पऱ्यो । त्यसपछि तेल आपूर्ति सुनिश्चित गर्न कैयौँ देशले कदम उठाउन थाले । युरोपेली देशले तेल निकाल्न एसिया, अफ्रिका र मध्यपूर्वमा आफ्नो साम्राज्य जमाउन खोजे । यसरी रोयल डच सेल, ब्रिटिस पेट्रोलियम र टोटेलजस्ता कम्पनी मैदानमा आए ।

तेल बजारमा त आयो, तर जुन देशसँग तेल थियो, उनीहरूसँग तेलमाथि नियन्त्रण गर्ने र मूल्य तोक्ने विशेष अधिकार थिएन । कारण, यीमध्ये केही देश युरोपेली देशको अधीनमा थिए । इराक, इरान, साउदी अरब र भेनेजुएलाजस्ता देशमा तेल भण्डार थियो । तर, उनीहरूसँग तेल कम्पनीसँग व्यापारको सर्त तय गर्ने हिम्मत थिएन । ती कम्पनीलाई युरोपेली शक्तिको समर्थन थियो । तर, सन् १९५० पछि अवस्था फेरियो । तेल भण्डार भएका देशले नियन्त्रणका लागि आवाज उठाउन सुरु गरे । यसरी १९६० मा इरान, इराक, कुबेत, साउदी अरब र भेनेजुएलाले तेल निर्यात देशहरूको संगठन 'ओपेक' गठन गरे । त्यसको १० वर्षपछि इराक, कुबेत र साउदी अरबसहित कैयौँ देशले तेल उद्योगको नियन्त्रण आफ्नो हातमा लिए । सन् १९७० मा ओपेक सदस्य देशले तेल उद्योगलाई राष्ट्रियकरण गरी ठूला विदेशी कम्पनीलाई बाहिर निकालेर तेलको मूल्यसमेत बढाए । त्यसपछि भने तेलको मूल्यमा अप्रत्याशित उतारचढाव आउन थाल्यो । ओपेक देशले आफ्नो तेल उत्पादनलाई नियन्त्रणमा मात्रै लिएनन्, विश्वबजारमा आफ्नो प्रभावसमेत पार्न थाले । त्यतिबेला ओपेकले विश्वको आधाभन्दा बढी तेल उत्पादनलाई नियन्त्रण गरिरहेको थियो । सन् १९७३ मा इजरायल र सिरियासँगको युद्धमा अमेरिकाले इजरायललाई समर्थन गऱ्यो । त्यसपछि त के ओपेक देशले अमेरिकालाई तेल सप्लाई गर्ने ट्यांकरमा प्रतिबन्ध लगाए । यही कारणले अमेरिकासहित विश्वभर तेलको मूल्य बढ्यो । यसले अर्थतन्त्र एक-अर्का देशमा कति निर्भर छ भन्नेसमेत देखायो । यसैगरी, इरान-इराक युद्धका बेला पनि विश्वभर तेलको सप्लाई प्रभावित बनेको थियो । र, अहिले रुस-युक्रेन युद्धपछि रुसको तेल व्यापारमा प्रतिबन्ध लागेको छ ।

यसले के देखाउँछ भने युद्धका कारण तेलको मूल्य अत्यधिक बढ्न सक्छ । साथै, कैयौँ देशले कठिनाइसमेत व्यहोर्नुपर्छ । यस्तोमा तेलमाथि निर्भरता कम गर्नु नै उपयुक्त हुन्छ । तर, यस्तो हुन त्यति सजिलो भने छैन ।

नाइजेरियाको कहानी : नाइजेरिया अफ्रिकाको ठूलो तेल उत्पादक देश हो । सन् २०२१ मा नाइजेरियाको कुल निर्यातको ७५ प्रतिशत हिस्सा तेलको थियो । १९५६ मा नाइजेरिया बेलायको उपनिवेश थियो । त्यतिखेर ब्रिटिस पेट्रोलियम र रोयल डच सेल कम्पनीले त्यहाँबाट तेल निकाल्थे । १९६९ मा नाइजेरिया बेलायती उपनिवेशबाट मुक्त भयो र त्यसपछिका १० वर्षमा उसले तेलको मूल्यमा आएको वृद्धिबाट नाफा आर्जन गर्न थाल्यो । तर, यसको फाइदा त्यहाँका उच्च वर्गले लिए । सुरुमा तेलबाट हुने आम्दानीको हिस्सा केन्द्रीय सरकार र तेल भण्डार भएका राज्यबीच बाँडफाँट हुन्थ्यो । तर, सरकारले नयाँ पेट्रोलियम कानुन बनाई तेलबाट हुने पूरै आम्दानी केन्द्र सरकारले पाउने व्यवस्था गऱ्यो । तेललाई सार्वजनिक संसाधन मानिँदै आए पनि नाइजेरियामा यसको लाभ पुँजीपति वर्गले लिए ।



तेलमाथिको परनिर्भरता कम गर्न कैयौँ देशले नयाँ योजना बनाउनुपर्ने हुन्छ । नत्र, भविष्यमा तेलको माग समाप्त भएसँगै तेलमा निर्भर देशको स्थिति अनुमान गरेभन्दा खराब हुन सक्छ ।

तेल दोहनले नाइजेर डेल्टा क्षेत्रको सामाजिक पतन सुरु भएको मिसिगन युनिभर्सिटीमा अफ्रिकन स्टडिज सेन्टरका विशेषज्ञ ओमोलेड अडुन्बीको भनाइ छ । अहिले खेतमा तेलका पाइप बिच्छिएका छन् । डेल्टा क्षेत्रका जलस्रोतमुनि पनि पाइलाइन छन् । जसले गर्दा जल र जमिन दुवै प्रदूषित भइरहेका छन् । यसको असर किसान र माझी समुदायमा परेको छ । खासमा नाइजेरियामा तेलको इतिहास देशमा प्रदूषण र भ्रष्टाचार कथाको हिस्सा हो । अहिले पनि त्यहाँ आधाभन्दा बढी जनसंख्यामा विद्युत् पहुँच छैन । यस्तो स्थितिमा नाइजेरियाले सन् २०६० सम्म शून्य कार्बन उत्सर्जनको संकल्प लिएको छ । नाइजेरियाको अर्थतन्त्रको १० प्रतिशत हिस्सा तेल उत्पादनसँग जोडिएको छ । उसका लागि नयाँ विकल्प अपनाउनु त्यति सहजचाहिँ छैन ।

तेलबाट छुटकारा खोज्दै नर्वे : सन् १९६९ उत्तरी सागरमा नर्वेमा तटनिकट तेल भण्डारको खोज भयो । तर, भण्डार समुद्री तटबाट तीन सय किलोमिटर टाढा र ७० मिटर गहिराइमा थियो । त्यहाँबाट तेल निकाल्नु जमिनबाट तेल निकाल्नुको तुलनामा निकै महँगो थियो । तर, १९७० को दशकमा तेलको मूल्यवृद्धि भएसँग स्थिति परिवर्तन भयो । इरानमा इस्लामी क्रान्ति र पछि इरान-इराकबीच युद्ध भएपछि तेल र ग्यासको मूल्यमा उच्च वृद्धि भयो । यसकारण १९८० सम्म समुद्रबाट तेल निकाल्नु महँगो बन्यो । साथसाथै, फाइदाजनक पनि । यसले नर्वेको अर्थतन्त्रलाई निकै फाइदा पुऱ्यायो । तेलबाट भएको नाफा देशको समाज कल्याण योजनामा लगायो । प्रशस्त नदी र झरना भएकाले विद्युत् पहुँच भयो । जसकारण तेल खासै प्रयोग गर्नुपरेन । केवल निर्यात मात्रै गरिरह्यो । अहिले नर्वेले नवीकरणीय ऊर्जाको प्रयोग गर्दै आइरहेको छ भने कार्बन उत्सर्जन गर्ने तेल अन्य देशलाई बेच्छ । अर्थात्, जलवायु परिवर्तनको समस्यालाई आफ्नो देशबाट अन्यत्रै धकेल्दै छ । अहिले नर्वेले तेलमाथिको परनिर्भरता कम गर्न भविष्यका लागि एउटा फन्ड बनाउन सुरु गरेको छ । यसको कारण हो, तेल उत्पादन बन्द भइहाले पनि अर्थतन्त्रमा नकारात्मक असर नपरोस् र आम्दानीका अन्य विकल्प विकसित गर्न सकियोस् ।

नयाँ तेल उत्पादक : पश्चिमी विकसित देशले तेल उत्पादनलाई बिस्तारै घटाउने योजना बनाएका छन् । तर, अफ्रिका र ल्याटिन अमेरिकाका नयाँ तेल उत्पादकले आगामी दुई दशकभित्र विश्वमा पेट्रोलियम उत्पादनको राजनीतिक र आर्थिक महत्त्व घट्छ भन्ने बुझ्न जरुरी छ । साथै, पश्चिमी देशले नयाँ पेट्रोलियम परियोजनालाई समर्थन नगरेको विषय पनि उनीहरूले बुझ्नुपर्छ । तर, प्रश्न छ, के त्यसो भए हामी तेलको आवश्यकतालाई रोक्न सक्छौँ त ? तेल उद्योगको कथा सम्पत्ति, भ्रष्टाचार र गरिबीको हो । साथै, केही देशको अर्थतन्त्र तेलमा नै निर्भर छ । यस्तोमा वैकल्पिक योजना बनाउनु उनीहरूलाई त्यति सहज छैन । तेलमाथिको परनिर्भरता समाप्त गर्न कैयौँ देशले नयाँ योजना बनाइरहेका छन् । यदि सही योजना बनेन भने भविष्यमा तेलको माग समाप्त भएसँगै तेलमा निर्भर देशको स्थिति अनुमान गरेभन्दा खराब हुन सक्छ ।

- बिबिसीबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ४ भदौ ०८०

सन्तोषजनक छैनन् राष्ट्रिय गौरवका सडक आयोजनाका प्रगति

गत आवसम्मको औसत प्रगति ५७.१६ प्रतिशत मात्रै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०७९/८० मा राष्ट्रिय गौरवका ६ सडक आयोजनाको औसत भौतिक प्रगति ५७.९५ प्रतिशत पुगेको छ। यी आयोजनाको औसत वित्तीय प्रगति भने ५७.१६ प्रतिशत पुगेको छ।

असार ०७९ सम्म आयोजनाहरूको भौतिक प्रगति ५१.२७ प्रतिशत र वित्तीय प्रगति ४९.६० प्रतिशत थियो। त्योअनुसार गत आवमा राष्ट्रिय गौरवका सडक आयोजनाको भौतिक प्रगति ६.६८ प्रतिशत विन्दु र वित्तीय प्रगति ७.५६ प्रतिशत विन्दुले बढेको सडक विभागको तथ्यांक छ। राष्ट्रिय गौरवका सडक आयोजनातर्फ मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, कालीगण्डकी लोकमार्ग (बेनी-कोरोला), कालीगण्डकी लोकमार्ग (गैँडाकोट-मालढुंगा खण्ड), कर्णाली करिडोर (हिल्सा-सिमिकोट) र कोसी करिडोर रहेका छन्। यी आयोजनाहरूको कुल लागत दुई खर्ब तीन अर्ब ९१ करोड रहेको छ।

विभागका अनुसार अधिल्ला आवहरूको तुलनामा गत आवमा यस्ता आयोजनाको भौतिक प्रगति उच्च छ। तर, विभागका महानिर्देशक सुशीलबाबु ढकालले उक्त आयोजनाहरूको भौतिक प्रगति पूर्ण रूपमा सन्तोषजनक नदेखिएको बताए।



■ दुई अर्ब बजेट फ्रिज

गत आवमा राष्ट्रिय गौरवका सडक आयोजनाले पाएको बजेटमा झन्डै दुई अर्ब फ्रिज भएको छ। गत आवमा उक्त आयोजनाहरूलाई १९ अर्ब चार करोड २६ लाख बजेट छुट्याइएको थियो। त्यसमा १७ अर्ब सात करोड ९६ लाख खर्च भएको छ। गत आवमा कालीगण्डकी लोकमार्ग (गैँडाकोट-राम्दी-मालढुंगा खण्ड)ले शतप्रतिशत दुई अर्ब ८६ करोड बजेट खर्च गरेको छ। समग्रमा गत आवमा ६ आयोजनाको समग्र बजेट खर्च ८३.७३ प्रतिशत थियो।

सात अर्ब ५८ करोड बजेट पाएको मध्य पहाडी लोकमार्गले पाँच अर्ब ९९ करोड खर्च गरेको छ। ६ अर्ब ९८ करोड बजेट पाएको हुलाकी राजमार्गले ६ अर्ब ८३ करोड खर्च गरेको छ। यसैगरी, ७२ करोड ५० लाख बजेट पाएको कोसी करिडोरले ६८ लाख ७३ लाख, कालीगण्डकी करिडोरको बेनी-जोनसोम-कोरोला आयोजनाले ६० करोड आठ लाख बजेट पाएमा ५१ करोड १८ लाख रुपैयाँ खर्च गरेको छ। २९ करोड १५ लाख बजेट पाएको कर्णाली करिडोरले १८ करोड ४८ लाख रुपैयाँ खर्च गरेको छ।

■ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग

०६४/६५ मा निर्माण सुरु गरिएको यस आयोजनाको हालसम्मको भौतिक प्रगति ७२.७० र वित्तीय प्रगति ७६.८० प्रतिशत पुगेको छ। कुल लम्बाइ १,८७९ किलोमिटर रहेकामा आयोजनाको लागत अनुमान ८४ अर्ब ३३ करोड छ। गत आवमा यसमा १८ वटा पुल बनाउने लक्ष्य राखिएकामा नौवटा मात्रै पुल तयार भएका छन्। यस आयोजनामा कुल एक सय ३७ पुल बन्नेछन्, त्यसमा हालसम्म एक सय दुईवटा तयार भएका छन्।

यसैगरी, गत आवमा तीन सय ५७ किमि सडक कालोपत्रे गर्ने लक्ष्य राखिएको आयोजनाको एक सय ४३ किमि मात्रै सडक कालोपत्रे गरिएको छ। हालसम्म १,४०२ किमि खण्ड कालोपत्रे गरिएको छ। गत आवमै सम्पन्न गर्ने लक्ष्य राखिएको यस आयोजनाको म्याद ०८४/८५ सम्म थप्नुपर्ने प्रस्ताव गरिएको छ। तर, हालसम्म यसअन्तर्गत एक सय १६ किमि सडकको कालोपत्रे र १५ वटा पुलको ठेक्का लाग्नै बाँकी छ।

■ हुलाकी राजमार्ग

०६६/६७ बाट निर्माण सुरु गरिएको हुलाकी राजमार्गको हालसम्मको भौतिक र वित्तीय प्रगति ९१-९१ प्रतिशत पुगेको छ। यस आयोजनाको कुल लम्बाइ १८ सय ५७ किलोमिटर हुनेछ। त्यसको लागत अनुमान भने ६५ अर्ब २० करोड छ।

गत आवमा यसअन्तर्गत लक्ष्यअनुसार १६ वटा पुल निर्माण भएका छन्। तर, कालोपत्रेतर्फको लक्ष्य भने पूरा भएको छैन।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गत आवमा दुई सय ५० किमि सडक कालोपत्रे गर्ने लक्ष्य रोखिएकोमा एक सय ४८ किमि पूरा भएको छ।

चालू आवसम्ममा सम्पन्न गर्नुपर्ने यस आयोजनाको म्याद थपेर ०८३/८४ सम्म पुऱ्याउने प्रस्ताव गरिएको छ। यस आयोजनामा एक सय ७६ किमि सडकखण्ड कालोपत्रे गर्न र ५० वटा पुल बनाउन ठेक्का सम्झौता गर्ने बाँकी रहेको छ।

■ कोसी करिडोर

आव ०६५/६६ मा निर्माण सुरु गरिएको यस आयोजनामा ११ अर्ब ९३ करोड लगानी अनुमान गरिएको छ। साथै, आव ०८३/८४ मा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको आयोजनाको भौतिक प्रगति र वित्तीय प्रगति ४२ प्रतिशत पुगेको छ। गत आवमा यस आयोजनामा लक्ष्यअनुसार एउटा मात्रै पुल बनेको छ। यस आयोजनामा २१ पुल बन्दै छन्, त्यसमा हालसम्म ११ पुल तयार भएका छन्। यसैगरी गत आवमा १२ किमि सडक ग्राभेल गर्ने भनेको १६ किमि सम्पन्न भएको छ। यसअनुसार यस आयोजनाको कार्यसम्पादन सन्तोषजनक रहेको छ। तर, गत आवमा १० किमि सडक कालोपत्रे गर्ने भनिए पनि प्रगति शून्य छ। यसअन्तर्गत वरुणदेखि च्याम्ताङसम्मको ५४ किमि सडक स्तरोन्नति र हटियामाथिका केही पुलहरूको अध्ययन र ठेक्का सम्झौता गर्न बाँकी नै छ।

■ कालीगण्डकी करिडोर (गैँडाकोट-मालढुंगा)

०६६/६७ बाट सुरु गरिएको यस आयोजनाको हालसम्मको भौतिक प्रगति ४५ प्रतिशत र वित्तीय प्रगति ४३ प्रतिशत पुगेको छ। यसमा २५ अर्ब २२ करोड लगानी लाग्ने अनुमान छ। यस आयोजनाको म्याद ०८३/८४ सम्म थप गर्ने प्रस्ताव गरिएको छ। गत आवमा यसअन्तर्गतको १४ वटा पुल निर्माण गर्ने लक्ष्य राखिएको थियो। तर, सातवटा मात्रै पुल तयार भएका छन्। यस आयोजनामा ५७ वटा पुल बन्नेछन्, त्यसमा हालसम्म ३० वटा मात्रै निर्माण भएका छन्। गत आवमा ७५ किमि सडक कालोपत्रे गर्ने भनिए पनि ६८ किमि सडक कालोपत्रे भएको छ। दुई सय ४५ किमि लामो यस सडकमा हालसम्म एक सय ७७ किमि खण्ड कालोपत्रे भएको छ। यसअन्तर्गत १८ किमि सडकको कालोपत्रे र १५ वटा पुल निर्माणका लागि ठेक्का लाग्न भने बाँकी छ।

■ कालीगण्डकी करिडोर (बेनी-कोरोला)

यस आयोजनाको निर्माण ०७३/७४ बाट सुरु गरिएको थियो। हालसम्मको यसको भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत पुगेको छ। १० अर्ब ५७ करोड लगानी अनुमान गरिएको आयोजना आव ०८१/८२ मा सम्पन्न गर्नुपर्ने म्याद छ। गत आवमा यसअन्तर्गतका चारवटा पुल बनाउने भनिएको थियो। तर, एउटा मात्रै निर्माण भयो। यसअन्तर्गत ३२ वटा पुल बनाउनुपर्नेछ, त्यसमा हालसम्म १० वटा मात्रै पुल तयार भएका छन्।

गत आवमा १४ किमि सडक ग्राभेल गर्ने भनिएकामा १२ किमि मात्रै भएको छ। दुई सय दुई किमि लामो यस सडकमा हालसम्म दुई सय किमि ग्राभेल भएको छ। साथै, ३३ किमि सडक कालोपत्रे भएको छ। गत आवमा ८.२ किमि सडक कालोपत्रे गर्ने भनिएको थियो। तर, त्यसमा सात किमि सडक कालोपत्रे भएको छ। यसअन्तर्गत अझै एक सय दुई किमि सडक कालोपत्रे गर्न र दुईवटा पुल निर्माणको ठेक्का लाग्न बाँकी छ।

■ कर्णाली करिडोर (हिल्सा-सिमिकोट)

दुई सय ६९ किलोमिटर लम्बाइ रहेको आयोजनाको निर्माण ०६९/७० मा सुरु गरिएको थियो। हालसम्म यसको प्रगति २४ प्रतिशत र वित्तीय प्रगति २०.२१ प्रतिशत पुगेको छ। कुल ६ अर्ब ६६ करोड लगानी अनुमान गरिएको आयोजना ०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। गत आवमा यसमा तीनवटा पुल बनाउने लक्ष्य राखिएको थियो। तर, प्रगति शून्य देखिएको छ। यसअन्तर्गत १४ वटा पुल आवश्यक छ। गत आवमा ४.५ किमि ट्रयाक खुल्ने लक्ष्य राखिएको थियो, तर २.५ किमि मात्रै सडक खोलिएको छ। दुई सय ६९ लामो यस सडकमा अब दुई किमि मात्रै ट्रयाक खोल्न बाँकी छ।

विज्ञापन नियमावली, २०७७ संशोधन

विज्ञापन एजेन्सीले १५% सेवा शुल्क मात्रै पाउने

विज्ञापनमा हुने चलखेल नियन्त्रण हुनेछ

● **लक्ष्मण हुमागाई**, अध्यक्ष, विज्ञापन बोर्ड



विज्ञापन कारोबारमा आर्थिक अपचलन हुँदै आएको छ। यो नियमावलीले त्यसलाई नियन्त्रण गर्नेछ। नियमावलीले एजेन्सीलाई आफ्नो सेवा शुल्कबाहेक अन्य कमिसनको व्यवस्था गरेको छैन। सरकारी कार्यालयले सञ्चारमाध्यमको विज्ञापन र दररेटअनुसारका शुल्क निश्चित गरेर मात्रै भुक्तानी गर्नुपर्नेछ।

बोर्डले सोचेअनुसार काम गरेन

● **रवीन्द्रकुमार रिजाल**, पूर्वअध्यक्ष, नेपाल विज्ञापन संघ



विज्ञापन बोर्डले हामीले सोचेअनुरूप काम गरेको छैन। हरेक ठाउँमा नियन्त्रण गर्दै आएको छ। भन्नचाहिँ हामी खुला बजारमा प्रवेश गरेका छौं भन्ने, तर नियम भने संकुचित ल्याउने गरेको छ। नियमावली संशोधन व्यावहारिक छैन। त्यसले बजार चल्न सक्दैन। जबसम्म विज्ञापन स्रोत बढाउनेतर्फ बोर्डले जोड दिँदैन, तबसम्म कुनै पनि पक्षले नियम पालना गर्नेछैनन्।

मुना कुँवर/नयाँ पत्रिका

विज्ञापनमार्फत हुने आर्थिक चलखेललाई नियन्त्रण गर्न विज्ञापन बोर्डले विज्ञापन नियमावली, २०७७ को पहिलो संशोधन गरेको छ। संशोधित नियमावलीअनुसार विज्ञापन एजेन्सीले सेवा शुल्क मात्रै लिन पाउने भएको छ। विज्ञापन एजेन्सीमार्फत प्रकाशन तथा प्रसारण गरिएबापत सेवा शुल्कबापत १५ प्रतिशतसम्म लिन पाइने व्यवस्था गरिएको छ। नियमावलीमा गरिएको यस्तो संशोधनले विज्ञापन कारोबारमा हुने अनियमिततालाई रोक्ने बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले बताए। उनले भने, 'यो नियमावलीले आर्थिक चलखेललाई नियन्त्रण गर्नेमा त्यसलाई नियन्त्रण गर्नेछ। नियमावलीले एजेन्सीलाई आफ्नो सेवा शुल्कबाहेक अन्य कमिसनको व्यवस्था गरेको छैन। सरकारी कार्यालयले सञ्चारमाध्यमको विज्ञापन र दररेटअनुसारका शुल्क निश्चित गरेर मात्रै भुक्तानी गर्नुपर्नेछ।'

सञ्चारमाध्यमले सरकारी निकायको विज्ञापन प्रकाशन वा प्रसारण गर्दा २५ प्रतिशतसम्म छुट दिने गरेका छन्। तर, विज्ञपान एजेन्सीले भने ६५ प्रतिशतसम्म कमिसन राखेर सञ्चारमाध्यमलाई १० प्रतिशत मात्रै भुक्तानी गर्ने गरेको उनले बताए। विज्ञापनमा हुने सेटिङका लागि एजेन्सी र सरकारी कार्यालयका कर्मचारीबीच ठूलो आर्थिक चलखेल हुँदै आएको छ। यस विषयमा सम्बन्धित निकाय जानकारी रहे पनि नियन्त्रण हुन सकेको थिएन। तर, बोर्डले नियमावली नै संशोधन गरी यस्तो गैरकानुनी गतिविधि रोक्ने भएको हो। अहिले विज्ञापन क्षेत्रमा पाँच अर्ब रुपैयाँको कारोबार हुँदै आएको अनुमान छ।

त्यस्तै, सरकारी निकायले विज्ञापन बोर्डमार्फत मात्रै विज्ञापन गर्नुपर्नेछ। संशोधित नियमावलीअनुसार सरकारी निकायले विज्ञापन वा सूचना, प्रकाशन तथा प्रसारण गर्नुपूर्व विज्ञापनदाताले सञ्चारमाध्यम छनोट गरी बोर्डको सूचना प्रविधि प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ। सरकारी निकायले लोक कल्याणकारी वा सार्वजनिक हितसम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण तथा वितरण गर्नुपरेमा त्यस्तो विज्ञापन तयार गरी बोर्डमा पठाउनुपर्नेछ।

बोर्डमा प्राप्त विज्ञापनलाई सञ्चारमाध्यममा समानुपातिक वितरण गराउनेछ। सञ्चारमाध्यमको वर्गीकरणअनुसार बोर्डले विज्ञापन वितरण गर्नेछ। जस्तै, प्रकाशन संख्या, सञ्चारमाध्यमको पहुँच, महिला, दलित वा अन्य पिछडिएका समुदायबाट वा पिछडिएका भौगोलिक क्षेत्रमा सञ्चालित सञ्चारमाध्यमलगायतका आधार बोर्डले विज्ञापन वितरण गर्नेछ। तर, लोक कल्याणकारी वा सार्वजनिक हितसम्बन्धी विज्ञापन प्रकाशन वा प्रसारणका लागि मन्त्रालयले समय-समयमा आधारहरू तोक्न सक्नेछ।

■ सरकारी विज्ञापनका लागि सञ्चारमाध्यमको वर्गीकरण

विज्ञापन बोर्डले सरकारी विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्न सञ्चारमाध्यमको वर्गीकरण गर्नेछ। पत्रपत्रिकाको हकमा आकार, पृष्ठ, संख्या, प्रकाशन तथा भौगोलिक रूपमा वितरण संख्या र पहुँचलाई आधार बनाइने व्यवस्था छ। साथै, प्रसारण संस्थाको हकमा प्रसारण पहुँच र दर्शकको सहभागितालाई आधार मानिनेछ भने डिजिटल माध्यमको हकमा पाठक तथा दर्शक संख्यालाई आधार मानिने उल्लेख छ।

बोर्डले सरकारी विज्ञापनका लागि वार्षिक रूपमा दररेट माग गर्नेछ। साथै, विज्ञापन वा सूचनाको दररेट बोर्डले सार्वजनिक गर्न सक्नेछ। बोर्डलाई दररेट उपलब्ध नगराउने वा कायम भएको दररेटमा कारोबार गर्न नचाहने सञ्चारमाध्यमलाई सरकारी विज्ञापन उपलब्ध नगराइने भएको छ।

■ विज्ञापन सामग्रीको परीक्षण गरिने

विज्ञापन बोर्डले सञ्चारमाध्यमबाट प्रसारण हुने विज्ञापनको सामग्री परीक्षण गर्न मापदण्ड तयार पारेको छ। प्रसारण हुने विज्ञापन सामग्रीको प्रकृति र विषयवस्तु, समय र प्रसारण अवधि, विज्ञापन सामग्रीमा रहेका श्रम, दृश्य वा श्रव्यदृश्य, खण्ड, वाक्यांश, अक्षर, अंक, चिह्न, आकार वा संकेतका आधारमा विज्ञापनको परीक्षण गर्ने उल्लेख छ। विज्ञापन सामग्री परीक्षण गर्दा लाग्ने परीक्षण शुल्क बोर्डले निर्धारण गर्ने व्यवस्था गरिएको छ।

त्यस्तै, होर्डिङ बोर्ड, सवारीसाधनलगायत अन्य माध्यमबाट विज्ञापन गर्न स्थानीय तहबाट स्वीकृति लिनुपर्नेछ। होर्डिङ बोर्ड, सवारीसाधनलगायत अन्य माध्यममा कुनै व्यक्तिको फोटो राखी विज्ञापन गर्ने भएमा स्वदेशी कलाकार वा व्यक्तिको फोटो प्रयोग गर्नुपर्नेछ। त्यस्तै, डिजिटल बोर्डमा विज्ञापन गर्दा कम्तीमा १० प्रतिशत सूचना सार्वजनिक हितसँग सम्बन्धित हुनुपर्नेछ। बोर्डले विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा हुने विज्ञापन तथा सूचनाको नियमन गर्नेछ।

निगमका निलम्बित पोखरा डिपो प्रमुख दासविरुद्ध ठगी अभियोगमा मुद्दा दर्ता

कास्कीमा **रोहितराज पराजुली**

नेपाल आयल निगम गण्डकी प्रादेशिक कार्यालय, पोखराका तत्कालीन डिपो प्रमुख चित्तरञ्जन दासविरुद्ध मुलुकी अपराध संहिताअन्तर्गत आपराधिक विश्वासघात (ठगी) शीर्षकमा जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गरिएको छ। तेल अपचलन घटनाबारे अनुसन्धान गरिरहेको कास्कीस्थित इलाका प्रहरी कार्यालय, हंसुपरले २९ साउनमा जिल्ला अदालतमा मुद्दा दर्ता गरेको हो।

२५ साउनमा लु.२ख ८३६ नम्बरको ट्रयांकरमा १२ हजार लिटरको पैसा लिएर स्थानीय पश्चिमाञ्चल ट्रेडर्स नामको पेट्रोलपम्पलाई १५ हजार एक सय नौ लिटर डिजेल पठाउँदै गरेको अवस्थामा जिल्ला प्रशासन कार्यालय, कास्कीको टोलीले ट्रयांकर समातेको थियो। दासकै नेतृत्वमा एउटै ट्रयांकरमा तीन हजार लिटरभन्दा बढी तेल अपचलन भएको घटना बाहिर आएपछि उनी सो दिन साँझदेखि फरार छन्। उनीविरुद्ध प्रहरीले पक्राउ पुर्जी जारी गरिसकेको छ।

तेल अपचलन मुद्दामा अनुसन्धानमा तानिएका पश्चिमाञ्चल ट्रेडर्स डाँडाकोनाकका सञ्चालक एवं ट्रयांकरका धनी बाबुराम जमरकट्टेलसमेत फरार छन्। उनीविरुद्ध समेत पक्राउ पुर्जी जारी भएको जिल्ला प्रशासन कार्यालय, कास्कीले जनाएको छ। पक्राउ पुर्जी जारी भएका जमरकट्टेल लेखनाथ उद्योग वाणिज्य संघमा दुई कार्यकाल



डिपो प्रमुख चित्तरञ्जन दास

अध्यक्ष भइसकेका छन्। उनी नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका केन्द्रीय सदस्यसमेत हुन्। निगमले २६ साउनदेखि जमरकट्टेलको पम्पमा तेल ढुवानीसमेत रोकेको छ।

इलाका प्रहरी कार्यालय, हंसपुरका डिएसपी प्रकाश दाहालले जिल्ला प्रशासन कार्यालयको निर्देशनअनुसार मुद्दा दर्ता गरी कारबाही अघि बढाइएको बताए। जिल्ला अदालतले ३० साउनमा दोषी देखिएका चारजनालाई पक्राउ गरी थप अनुसन्धान गर्न प्रहरीलाई अनुमतिसमेत दिइसकेको छ।

अदालतले अनुमति दिएसँगै सोही दिन घटनामा संलग्न रहेको आरोपमा गण्डकी धौलागिरि पोट्रोलियम डिलर्स एसोसिएसनका कार्यालय सचिव ५१ वर्षे जगन्नाथ ढुंगानालाई प्रहरीले पक्राउ गरेको थियो भने डिपो प्रमुख दास र पेट्रोलपम्प सञ्चालकसँगै ट्रयांकरका धनी जमरकट्टेलविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। प्रहरीले ट्रयांकरका चालक वर्ष २८ का निर्मल थापालाई २९ साउनमा पक्राउ गरेको थियो।

कास्कीका कार्यवाहक प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षत्रीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई घट्ना भएको भोलिपल्टै आवश्यक अनुसन्धान गर्न लेखिपठाएको जानकारी दिए। 'घट्ना भ्रष्टाचारजन्य कसुरअन्तर्गत पर्ने भएकाले कारबाहीको प्रक्रिया सबै अख्तियारले गर्ने हो। त्यसैले जिप्रकाका तर्फबाट आवश्यक केही सहयोग गर्नुपरे तयार छौं, तर सबै काम अख्तियारबाट हुने भएकाले अनुसन्धानको मुख्य जिम्मेवारी दिएका छौं,' उनले भने। अख्तियार पोखरा कार्यालयका प्रमुख बद्रीकुमार कार्कीले सो घट्नाको छानबिनका लागि आवश्यक पत्रिया सुरु भएको बताए।

प्रारम्भिक रूपमा घट्ना हेर्दा भ्रष्टाचार निवारण ऐनसँगै अख्तियार दुरुपयोग ऐनसँग सम्बन्धित देखिएको कार्कीको भनाइ छ। आयल निगमका प्रवक्ता मनोज ठाकुरले आरोपित दास २५ साउन साँझदेखि कार्यालयको सम्पर्कमा नरहेको बताए। दासलाई २६ साउनमा निलम्बन गरेर उनको स्थानमा अभिषेक ठाकुरलाई पठाइसकिएको उनले जानकारी दिए।

चुहानडाँडा विमानस्थल बनाउन एक अर्ब लाग्ने

काठमाडौं/ तेह्रथुमको अठराई गाउँपालिका-६ मा प्रस्तावित चुहानडाँडा विमानस्थल बनाउन एक अर्ब लगानी लाग्ने भएको छ। वन मन्त्रालयमा पेस गरिएको चुहानडाँडा विमानस्थल आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा धावनमार्गको लम्बाइ ६४० मिटर र चौडाइ २० मिटर हुने उल्लेख छ।

चुहानडाँडा विमानस्थल समुद्री सतहबाट एक हजार चार सय ५० मिटर उचाइमा रहनेछ, जहाँ बाह्रै महिना उडान-अवतरण गर्न मिल्ने गरी विमानस्थल निर्माणको तयारी थालिएको हो। विमानस्थलमा ३० मिटर लम्बाइ र १५ मिटर चौडाइको ट्याक्सी वे, ६० मिटर लम्बाइ र ३० मिटर चौडाइको एप्रोन निर्माण गर्ने प्रस्ताव गरिएको छ। एप्रोनमा दुईवटा विमान पार्किङ गर्न मिल्नेछ।

यस्तै, विमानस्थलमा टर्मिनल भवन, कर्मचारी कक्ष, पुलिस कक्ष, कार्गो भवन निर्माण हुनेछ। टर्मिनल भवनको यात्री क्षमता ५४ जना रहने उल्लेख छ। सो विमानस्थलमा डिएचसी-६ ट्विनअटर, लेट-४१०, डोर्नियर-२२८ वा सोसरहका विमानहरू उडान-अवतरण गर्न सक्नेछन्। विमानस्थलको धावनमार्गमा दुइतर्फी एप्रोच सुविधा हुनेछ।

विमानस्थल निर्माण स्थलको क्षेत्रफल ११ हेक्टर रहेको छ। आयोजना स्थलमा स्थायी रूपमा करिब ९.१४९ हेक्टर खेतीयोग्य जमिन, आवास क्षेत्रसहित निजी वनको अधिग्रहण हुनेछ। त्यहाँ २१ वटा आवास, गोठ, शौचालय र कटेरो भत्किने प्रतिवेदनमा उल्लेख छ। अधिग्रहण गरिने निजी जमिनको क्षतिपूर्तिबापत एक करोड सात लाख ९० हजार रुपैयाँ छुट्याइएको छ। प्रस्तावित चुहानडाँडा विमानस्थलबाट सबैभन्दा नजिक ११ नटिकल माइल दूरीमा सुकेटार विमानस्थल पर्छ। मध्यपहाडी पुष्पलाल राजमार्गबाट विमानस्थल २४ किलोमिटर दूरीमा पर्छ।

प्रस्तावित चुहानडाँडा विमानस्थल मौसमको अनुकूलताले गर्दा वर्षभरि नै सञ्चालन गर्न सकिने देखिएको प्रतिवेदनमा उल्लेख छ। साथै, त्यस क्षेत्रको व्यापार, पर्यटन व्यवसाय, सञ्चार तथा यातायातका सुविधा उपलब्ध हुँदा जनसमुदायको जीवनस्तर उकास्नमा पनि मद्दत पुग्ने देखिएको छ। क्यानले आधा दर्जनभन्दा बढी विमानस्थल निर्माण तथा स्तरोन्नतिको काम अगाडि बढाएको छ।

Government of Nepal (GoN)
Ministry of Home Affairs
Nepal Police Headquarters
Crime Investigation Department
Naxal, Kathmandu

Invitation for Bids

Date of publication: 21 August, 2023 (04/05/2080)

1. **Nepal police Headquarters, Crime Investigation Department, Naxal, Kathmandu** invites **electronic** bids from eligible bidders for the procurement of the under **International Competitive Bidding – "Single Stage Two Envelope Procedures ".** The name and identification of the contract are as follows:

S. N.	Contract ID No.	Name of Package	Quantity	Bid Security Amount (NRs)	Bid Document Fee (NRs.)
1.	NPHQ/CID/G/ICB/ 2080-081/01	Digital Forensic Lab Equipment	1 Package	4,68,000.00	3,000.00
2.	NPHQ/CID/G/ICB/ 2080-081/02	SOCO Kit Box & Refill Items	1 Package	4,42,000.00	3,000.00

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Nepal Police Headquarters, Crime Investigation Department, Naxal, Kathmandu.** Nepal (Tel. +977-01-4412748) Email address: cidacc@nepalpolice.gov.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically as per e-GP System Operation Guidelines, 2074. Bidder can download the bidding documents for e-submission form PPMO's website www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank Ltd, Thamel, Kathmandu.
Name of Office: Nepal Police Headquarters, Crime Investigation Department, Naxal, Kathmandu.
Office Code No.: 31-40-43-502
Revenue Account No.: 1000200010000 **Revenue Heading No.:** 14229

5. Pre-bid meeting shall be held at Nepal Police Headquarters, Crime Investigation Department, Naxal, Kathmandu. on **21 September, 2023(04/06/2080) at 14:00 Hours.**
6. Electronic Bids must be submitted to the Nepal Police Headquarters Crime Investigation Department, Naxal, Kathmandu through PPMO's website: www.bolpatra.gov.np/egp on or before **05 October, 2023 (18/06/2080)** at **12:00 noon**. Documents received after this deadline shall not be accepted.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **05 October, 2023 (18/06/2080) at 14:00 hours** at Nepal Police Headquarters, Crime Investigation Department, Naxal Kathmandu, Nepal. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनगढीमा प्रा.फ.र.नं. ७७१२ अन्तर्गत मिति २०७१/०८/०७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ स्थित **गरिमा फिक्स चिम्नी उद्योग** **प्रोप्राइटर तथा जमानतकर्ता: राज कुमार चौधरी**	१) हनुमान थारुको नाती, कासुराम थारुको छोरा, कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १४ बस्ने राज कुमार चौधरीको नाममा मालपोत कार्यालय कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ४७ र ६३१ को क्षेत्रफल क्रमश: ७००.०० र १२३.०० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) राजाराम थारुकी छोरी, हनुमान थारुकी बुहारी, कासुराम थारुकी पत्नी, कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १४ बस्ने लालपरी थारुको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल १४७१५ (व.मी.) जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) गरिमा फिक्स चिम्नी उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bill & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) राज कुमार चौधरी स्थायी ठेगाना:कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : कासुराम थारु बाजे : हनुमान थारु	**२) लाल परी थारु** स्थायी ठेगाना:कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं. ६ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा. वडा नं. १४ बाबु : राजाराम थारु ससुरा : हनुमान थारु पति : कासुराम थारु
	३) शेखर चौधरी स्थायी ठेगाना:कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. २० हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : राज कुमार चौधरी बाजे : कासुराम थारु	**४) कमली कुमारी चौधरी** स्थायी ठेगाना: कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : गुरुदास चौधरी ससुरा : कासुराम थारु पति : राज कुमार चौधरी
	५) श्याम कुमार चौधरी स्थायी ठेगाना:कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : कासुराम थारु बाजे : हनुमान थारु	**६) राम कुमार चौधरी** स्थायी ठेगाना: कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : कासुराम थारु बाजे : हनुमान थारु
	७) श्याम लाल चौधरी स्थायी ठेगाना: कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : कासुराम थारु बाजे : हनुमान थारु	**८) शुशीला चौधरी** स्थायी ठेगाना : कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : बजारु चौधरी ससुरा : कासुराम थारु पति : श्याम लाल चौधरी
	९) शरीता चौधरी स्थायी ठेगाना : कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : प्रभु चौधरी ससुरा : कासुराम थारु पति : श्याम कुमार चौधरी	**१०) अस्मीता चौधरी** स्थायी ठेगाना: कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म. न.पा.वडा नं. १४ बाबु : सराध चौधरी ससुरा : कासुराम थारु पति : राम कुमार चौधरी
	ऋणीको विवरण	**धितोको विवरण**
२)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं.: २९२०१५/७८/०७९, अन्तर्गत मिति २०७९/०२/२६ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ स्थित **बुद्ध अटो ट्रेडर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: पुजा चौधरी** स्थायी ठेगाना: नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स. वडा नं. ६ हालको ठेगाना:नवलपरासी जिल्ला, पाल्हिनन्दन गा.पा. वडा नं. ६ बाबु : मोहन थारु ससुरा : जंग बहादुर यादव पति : अभिषेक यादव	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २९२०१५/७८/०७९, अन्तर्गत मिति २०७९/०२/२६ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ स्थित बुद्ध अटो ट्रेडर्स प्रा.लि. को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, परासी गा.वि.स. वडा नं. १क (हाल रामग्राम न.पा. वडा नं. १) स्थित कित्ता नं. २०९ को क्षेत्रफल १-१०-१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) बुद्ध अटो ट्रेडर्स प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताको विवरण	
	अभिषेक यादव स्थायी ठेगाना : नवलपरासी जिल्ला, सनई गा.वि.स. वडा नं. ३ हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्हिनन्दन गा.पा. वडा नं. ६ बाबु : जंग बहादुर यादव बाजे : चुल्हाई यादव	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
	पुजा चौधरी स्थायी ठेगाना : नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स. वडा नं. ६ हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्हिनन्दन गा.पा. वडा नं. ६ बाबु : मोहन थारु ससुरा : जंग बहादुर यादव पति : अभिषेक यादव	**अभिषेक यादव** स्थायी ठेगाना : नवलपरासी जिल्ला, सनई गा.वि.स. वडा नं. ३ हालको ठेगाना: नवलपरासी जिल्ला, पाल्हिनन्दन गा.पा. वडा नं. ६ बाबु : जंग बहादुर यादव बाजे : चुल्हाई यादव
	ऋणीहरुको विवरण	
३)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १५२५८१/०७३/०७४ अन्तर्गत मिति २०७३/०८/१० मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ८ स्थित **कन्चन शुभम कन्ट्रक्सन प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: रविस बनिया**	२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४७०६२/०७७ भारत आयात अन्तर्गत मिति २०७७/०५/२५ मा प्राईभेट फर्म र लिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं ७ स्थित **शु महालक्ष्मी ट्रेड एण्ड सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: शुभम अग्रहरी**
	जमानीकर्ताहरुको विवरण	
	१) सकुन्तला अग्रहरी बनिया स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बाबु: बजरंगी अग्रहरी बनिया ससुरा: जदु बनिया पति: रविस बनिया	**२) शुभम अग्रहरी** स्थायी ठेगाना: नवलपरासी जिल्ला, र रामग्राम न.पा. वडा नं. ५ हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बाबु: रविस बनिया बाजे: जदु बनिया	**३) रविस बनिया** स्थायी ठेगाना: नवलपरासी जिल्ला, सनई गा.वि.स. वडा नं. ८ हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बाबु: जदु बनिया बाजे: नन्दु बनिया
	धितोको विवरण	
	१) बजरंगी अग्रहरी बनियाकी छोरी, जदु बनियाकी बुहारी, रविस बनियाकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बस्ने सकुन्तला अग्रहरी बनियाको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८/क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २६०८ र ३२१६ को क्षेत्रफल क्रमश: ०-०-१०-० र ०-०-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) बजरंगी अग्रहरी बनियाकी छोरी, जदु बनियाकी बुहारी, रविस बनियाकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा.वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बस्ने सकुन्तला अग्रहरी बनियाको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. २/घ (हाल बर्दघाट न.पा. वडा नं. २) स्थित कित्ता नं. ८५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घर/जग्गा, नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ५/घ (हाल सुनवल न.पा. वडा नं. ५) स्थित कित्ता नं. ६३२ को क्षेत्रफल ०-१-०-० (विगाह) को घर/जग्गा र नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ९/ङ (हाल बर्दघाट न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८७४ को क्षेत्रफल ०-३-०-० (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । ३) नन्दु बनियाको नाती, जदु बनियाको छोरा, नवलपरासी जिल्ला, सनई गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बस्ने रविस बनियाको नाममा मालपोत कार्यालय परासी, नवलपरासीको लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ४/ग (हाल बर्दघाट न.पा. वडा नं. २) स्थित कित्ता नं. २५४१ र २५४२ को क्षेत्रफल क्रमश: ०-०-१२-० र ०-०-१२-० (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । ४)सवारी मोडल : Hyundai INDIA R220L -2018 | च्यासिस नं.: N636D00537 | ईन्जिन नं.: 22295327 | सवारी दर्ता नं.: बा ३ क ३१४६ ५) कन्चन शुभम कन्ट्रक्सन प्रा.लि. तथा शु महालक्ष्मी ट्रेड एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

व्यवसायीले गरे प्रधानमन्त्रीको ध्यानाकर्षण

आयातमा स्टिकरले अवैध व्यापार बढाउने चिन्ता

नयाँ पत्रिका



इम्पोर्टर्स एसोसिएसन अफ नेपालले तयारी वस्तुको पैठारीमा लेबलिङ स्टिकर अनिवार्य गर्दा अवैध व्यापार झन् बढ्न सक्ने भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पैठारीमा लेबलिङ स्टिकरको जटिलता तथा सम्भावित उपायका विषयमा सुझावपत्र बुझाउँदै संघले यो व्यवस्थाको लक्ष्य राम्रो भए पनि कार्यान्वयन जटिल रहेको र परिणाम उल्टो आउन सक्ने भन्दै सचेत गराएको हो ।

सरकारले ल्याएको आर्थिक ऐन, २०८० को भन्सारसम्बन्धी अनुसूची १ को दफा १८ को उपदफा ९४० बमोजिम पैठारी हुने माल वस्तुको प्याकिङमा पैठारीकर्ता र बजार वितरकको पूरा विवरण भएको लेबल अनिवार्य गरिएको छ । संघका सल्लाहकार पवन अग्रवालले ४० प्रतिशत ग्रे मार्केट भएको देशमा व्यवस्थित रूपमा आयात गरिरहेका व्यवसायीमाथि स्टिकरणको भार थपिँदा अवैध आयात झनै बढ्न सक्ने भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको बताए । उनले भने, 'दैनिक २५ करोड स्टिकर खपत हुने भएकाले राज्यले यसका निमित्त वार्षिक १० अर्ब खर्चनुपर्ने देखिन्छ ।' स्टिकरमा ठूलो लगानी हुने र ग्रे मार्केटवालाले यसको दुरुपयोग गर्दै वैधानिक रूपमा आयात गर्नेलाई झन् कमजोर बनाउन सक्ने जोखिम देखिएको प्रधानमन्त्रीलाई जानकारी गराएको उनको भनाइ छ ।

अनधिकृत रूपमा पैठारी हुने मालवस्तुलाई नियन्त्रण तथा नियमन गर्नका लागि ल्याइएको कानुनी व्यवस्थाले पैठारीकर्ता तथा वितरकसामु धेरै ठूलो चुनौती थपिदिएको संघले प्रधानमन्त्रीलाई बुझाएको पत्रमा उल्लेख छ । त्यस्तै, नेपाल सरकारको उद्देश्य पनि पूरा हुने र पैठारीमा हुने सहजताका लागि आफूहरूले समाधान दिनका लागि सुझावसमेत लिएर आएको पत्रमा लेखिएको छ ।

संघले आयातकर्ता भन्सार विभागमा दर्ता गराउने तथा अधिकृत आयातकर्ताको सबै विवरण राख्ने व्यवस्था गरिए स्टिकर आवश्यक नपर्ने र यसरी दर्ता नभएका व्यवसायीको हकमा स्टिकरको व्यवस्था गर्न सकिने सुझाव दिएको छ । संघले प्रधानमन्त्रीको अध्यक्षतामा उद्योग र व्यापारसम्बन्धी नयाँ कमिटी गठन गरी नयाँ लगानी भित्र्याउन र व्यवसायीका समस्या समाधानको पहल गर्न सुझाव दिएको छ ।

प्रभु क्यापिटलका हितग्राहीलाई गुह्येश्वरी डेन्टलमा छुट



काठमाडौं/ प्रभु क्यापिटलमा डिम्याट खाता खोलेका हितग्राही ग्राहकले ललितपुरको पुल्चोकमा रहेको गुह्येश्वरी डेन्टल मल्टी स्पेसियालिटी एन्ड इम्प्लान्ट हब प्रालिमा छुट पाउने भएका छन् । क्यापिटलका ग्राहकले दाँतसम्बन्धी कुनै पनि उपचार गर्दा लाग्ने खर्चमा छुट पाउने सम्झौता भएको हो ।

सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचन र गुह्येश्वरी डेन्टलका सञ्चालक दिपेश गोर्खालीले हस्ताक्षर गरेको जनाइएको छ । सम्झौताअनुसार सेवाग्राहीले १५ प्रतिशत छुट पाउने क्यापिटलले जनाएको छ ।

यो योजनाबाट लाभ लिन हितग्राहीले बिल पेमेन्ट गर्दा प्रभु क्यापिटल लिमिटेडमा हितग्राही खाता रहेको जानकारीसहित हितग्राही खाता नम्बर उपलब्ध गराउनुपर्ने जनाइएको छ । अफरको लाभ एक वर्षसम्म पाउने जनाइएको छ ।

गुह्येश्वरी डेन्टलले अत्याधुनिक उपकरणबाट सेवा प्रदान गरिरहेको जनाएको छ ।

यहाँ ग्राहकले डेन्टल चेकअप, डेन्टल फिलिङ, तिथ ब्लिचिङ, डेन्टल एक्स्ट्राक्सन तथा अन्य सेवा लिन सकिने क्यापिटलले जनाएको छ ।

ठूलो खोला हाइड्रोपावरको धितोपत्र निष्कासन प्रबन्धकमा सिटिजन्स क्यापिटल



काठमाडौं/ ठूलो खोला हाइड्रोपावर लिमिटेडले सर्वसाधारणमा जारी गर्न लागेको साधारण सेयरको निष्कासन तथा बिक्री प्रबन्धकमा सिटिजन्स क्यापिटल नियुक्त भएको छ । निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौतामा हाइड्रोपावरकी सञ्चालक श्वेता अधिकारी पन्त तथा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार सिटिजन्स क्यापिटलले निकट भविष्यमा ठूलो खोला हाइड्रोपावरको सार्वजनिक सेयर निष्कासन गर्ने जनाइएको छ । ठूलो खोला हाइड्रोपावरले निर्माण गरिरहेको आयोजना 'माथिल्लो ठूलो खोला 'ए' जलविद्युत् आयोजना' म्याग्दी जिल्लामा अवस्थित रहेको र सो योजनाको २२.५ मेगावाट बिजुली उत्पादन क्षमता रहेको जनाइएको छ ।

हेलो सरकारमा फोन गर्न एनसेलबाट पनि निःशुल्क

काठमाडौं/ हेलो सरकारमा अब एनसेल नम्बरबाट समेत निःशुल्क कल गरेर गुनासो टिपाउन सकिने भएको छ । यसअघि नेपाल टेलिकमबाट मात्र यो सुविधा रहेकोमा हेलो सरकारले सूचना निकालेर उक्त जानकारी दिएको हो ।

अब नेपाल टेलिकम र एनसेल दुवै मोबाइल सेवाप्रदायकका प्रयोगकर्ताले हेलो सरकारको टोल फ्री नम्बर ११११ मा गुनासो सुनाउन सक्ने जनाइएको छ ।

त्यस्तै, ट्विटर, ह्वाट्सएप, भाइबर, इमेललगायतका माध्यमबाट पनि गुनासो टिपाउन सकिने उल्लेख छ । नागरिकको गुनासो सुन्न यस सेवालाई सरकारले चौबिसै घन्टा सञ्चालन गरिरहेको जनाएको छ ।

बजेट नदिएको भन्दै पशुपक्षी क्षेत्रका सरोकारवालाले दिए आन्दोलनको चेतावनी

नयाँ पत्रिका

कृषि तथा पशुपक्षी विकासका लागि बजेट नछुट्याएको भन्दै पशुपक्षी विकाससँग जोडिएका विभिन्न संघ-संस्थाले सरकारको ध्यानाकर्षण गराएका छन् । शुक्रबार कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसाललाई नेपाल भेटेरिनरी एसोसिएन, नेपाल एनिमल साइन्स एसोसिएसन, नेपाल पारा भेटेरिनरी एन्ड लाइभस्टक एसोसिएसन, पशु स्वास्थ्य प्राविधिक संघ, नेपाल पशुपक्षी औषधि व्यवसायी संघ, नेपाल लेयर्स कुखुरापालक संघ, नेपाल पशुपक्षी औषधि पैठारी संघ र नेपाल दाना उद्योग संघका पदाधिकारीले भेटेर ज्ञापनपत्र बुझाउँदै तत्काल पाँचवटा माग सम्बोधन गर्न आग्रह गरेका हुन् ।

चालू आर्थिक वर्षमा बजेटमार्फत खोरेज गर्ने भनिएको वा पुनः संरचनाका नाममा शून्य पारिएको पशुपक्षी क्षेत्रका निकायलाई बजेट वितरण गर्न, लम्पी स्किन, अफ्रिकन स्वाइन फिबरबाट प्रभावित किसानलाई तत्काल राहत प्रदान गर्न, रोग नियन्त्रणका लागि तत्काल कानुनी व्यवस्था गरी किसानका लागि खोप तथा औषधि उपचारको व्यवस्था गर्न र प्रत्येक तहमा कम्तीमा एकजना पशु चिकित्सक र प्रत्येक वडामा पशुसेवा प्राविधिक पठाउन, एक स्थानीय तह एक भेटेरिनरी अस्पतालको स्थापना गर्नका लागि आवश्यक बजेट र नीतिगत व्यवस्था गर्न आग्रह गरेका हुन् ।

सरकारले चालू आवदेखिको बजेट वक्तव्यबाट पशुपक्षीसँग सम्बन्धित विभिन्न निकायहरू, पशु क्वारेन्टिन कार्यालयहरू, पशु रोग अन्वेषण प्रयोगशालाहरू, केन्द्रीय रेफरल पशु चिकित्सालय, राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला, खोरेत तथा सीमाविहीन पशु रोग अन्वेषण प्रयोगशाला, सार्क क्षेत्रीय सहयोग इकाइ कार्यालय, पशु आनुवांशिक स्रोत केन्द्रहरू, राष्ट्रिय दुग्ध विकास बोर्ड, मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन स्रोत केन्द्रहरूलगायतका अन्य कार्यालयहरूमा चालू आवको पहिलो महिना बितिसक्दासमेत बजेट विनियोजन गरेको छैन । बजेट नहुँदा पशु रोग नियन्त्रण, पशु आनुवांशिक स्रोत तथा मत्स्य प्रजातिको संरक्षण, खोप उत्पादन, पशु रोगको सर्भिलेन्स तथा रोग निदानका कार्यहरू बन्द हुन पुगेको नेपाल भेटेरिनरी एसोसिएसनका अध्यक्ष रामकृष्ण खतिवडाले जानकारी दिए । उनले भने, 'बजेट शून्य हुँदा पशुपक्षी क्षेत्र प्रभावित बन्न पुग्यो, कर्मचारीलाई तलब-भत्ता खुवाउनसमेत सकस भयो ।'

पछिल्लो समय लम्पी स्किन रोगबाट नेपालमा १३ लाखभन्दा बढी गाईभैंसी संक्रमित भएका र करिब ५० हजार गाईभैंसीको मृत्यु भई किसानको ६४ अर्बबराबरको क्षति भइसकेको नेपाल पशु चिकित्सक परिषद्ले जनाएको छ । सरकारले ११ भदौसम्ममा बजेटको व्यवस्था नगरेमा सम्पूर्ण सेवा बन्द गरी सरकारी तथा निजी क्षेत्रबाट दिने सेवा ठप्प पार्ने उनीहरूले चेतावनी दिएका छन् ।

मुआब्जा पाए पनि घर भत्काउन अटेरी गर्दै घरधनी

डडेल्धुरामा नवराज पनेरू



डडेल्धुरा जिल्ला सदरमुकामका घर तथा जग्गाधनीले मुआब्जा पाएको महिनौं पुगे पनि सडक क्षेत्रमा पर्ने संरचना भत्काउन अटेरी गरेका छन् । सडकको क्षेत्राधिकारभित्रै पर्ने भौतिक संरचना र जग्गाको मुआब्जा व्यक्तिलाई वितरण गरिए पनि सडकको क्षेत्राधिकार खाली नगरिएको हो ।

सदरमुकामको बागबजारदेखि रानीधारासम्मका घर तथा जग्गाको सम्पूर्ण मुआब्जा वितरण भइसकेको छ । सडक डिभिजन कार्यालय डोटीका अनुसार मुआब्जा वितरण गरेर महाकाली राजमार्गका नाममा लालपुर्जा पनि आइसकेको छ । सडक विस्तारका लागि घर भत्काउने काममा सहयोग गर्न सडक डिभिजन कार्यालयले अमरगढी नगरपालिकासँग सहयोग मागेको छ । 'बागबजारदेखि अन्दाजी तीन सय मिटरसम्मका घर तथा जग्गाको सम्पूर्ण मुआब्जा भुक्तानी भई नेपाल सरकार महाकाली राजमार्गका नाममा लालपुर्जासमेत बनी आइसकेको हुँदा उक्त सडकखण्डमा पर्ने घर तथा टहराहरू यथाशीघ्र हटाउन लगाई सडक विस्तार तथा स्तरोन्नतिको कार्यमा सहकार्य गरिदिनुहुन निर्देशानुसार अनुरोध छ,' सडक डिभिजन कार्यालय डोटीले अमरगढी नगरपालिका वडा नम्बर ५ लाई लेखेको पत्रमा उल्लेख छ ।

पहिलो चरणमा बागबजारदेखि तुफानडाँडातर्फ तीन सय मिटर दूरीमा रहेका एक सय ६ जना घर तथा जग्गाधनीलाई सबै मुआब्जा रकम वितरण गरिएको थियो । दोस्रो चरणमा दुई सय ८४ जनालाई पनि मुआब्जा वितरण गरिएको छ । कित्ताकाट बाँकी रहेका १२ जना र भुक्तानी अस्वीकृत भएका तीनजनालाई अझै मुआब्जा बाँड्न बाँकी छ । तर, मुआब्जाको सम्पूर्ण रकम पाएका घर तथा जग्गाधनीले पनि संरचना भत्काउन अटेरी गरेपछि सडक निर्माणको प्रक्रिया अगाडि बढाउन ढिलाइ हुने देखिएको छ ।

अमरगढी नगरपालिकाका मेयर डिल्लीराज जोशीले मुआब्जा पाइसकेका सम्पूर्ण घरधनीलाई तत्काल घर भत्काउन आग्रह गरेका छन् । त्यस्तै, अमरगढी नगरपालिकाको वडा नम्बर ५ को कार्यालयले पनि सूचना जारी गर्दै तत्काल घर भत्काउन आग्रह गरेको छ । 'घर तथा टहरा नहटाइएको पाइएमा कार्यालयबाट जुनसुकै बखतमा हटाइने र त्यसरी हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुलउपर गरिने वडा नम्बर ५ को कार्यालयले जारी गरेको सूचनामा उल्लेख छ ।

जिल्ला सदरमुकाम क्षेत्र महाकाली राजमार्गमा पर्छ । तर, कैलालीको मोहना पुलदेखि दार्चुलासम्मको महाकाली राजमार्गको चौडाइ राजपत्रमा फरक-फरक छ । कैलालीदेखि डडेल्धुराको बसपार्कसम्म ५० मिटर र डडेल्धुरा बसपार्कदेखि दार्चुलासम्म ३० मिटर राजमार्गको चौडाइ रहेको राजपत्रमा उल्लेख छ । सोअनुसार डडेल्धुरा जिल्ला सदरमुकामको बागबजार, तुफानडाँडा, कीर्तिपुरलगायतका क्षेत्रमा सडकको चौडाइ ३० मिटर हुनुपर्ने हो । तर, जिल्ला सदरमुकाम बागबजारलगायत तुफानडाँडा-कीर्तिपुर-पोखरा हुँदै दार्चुलाको खलंगासम्मको महाकाली राजमार्ग पाँच मिटर चौडा मात्रै कालोपत्रे गरिएको छ । जसका कारण सडक क्षेत्रमा सर्यौं घर निर्माण भएका छन् । सडक क्षेत्र खाली भएपछि सडक डिभिजन कार्यालय कुलपातेले सडक निर्माणका लागि टेन्डर गर्ने तयारी गरेको छ । 'बागबजारदेखि कीर्तिपुरसम्मको सडक ३० मिटर कालोपत्रे गर्नका लागि ९० करोड बजेट मागेका छौं,' सडक डिभिजन कार्यालय डोटीका प्रमुख दीपक भाले भने, 'बजेटको अख्तियारी प्राप्त हुनासाथ टेन्डरमा जान्छौं ।'

१३२ रोपनी...

पृष्ठ १ बाट क्रमशः

रहेको करिब एक सय १२ रोपनी जग्गा किर्ते कागजात तयार गरी व्यक्तिको नाममा लैजाने धन्दामा ढकाल र सुवेदी मुख्य योजनाकार हुन्। किर्ते कागजात तयार गर्न र अधिवक्ताका लागि आर्थिक लगानी गर्न, कम्पनीको जग्गा आफ्नो नाममा ल्याउन गुरुङ, केडिया, गोयल र सारडाको मुख्य भूमिका छ। कागजात किर्ते गर्ने, सोही कागजात कार्यालयमा पेस गर्ने र माथिल्लो तहसम्म 'सेटिङ' गर्ने धन्दामा भने मुख्य भूमिका केसीको देखिएको छ।

मुख्य प्रतिवादी बनाइएकामध्ये ढकाल र सुवेदी भाटभटेनी डेभलपमेन्ट प्रालिका मुख्य लगानीकर्ता हुन्। जसमा उनीहरूको ४९ प्रतिशत सेयर छ। भाटभटेनीका अर्का मुख्य लगानीकर्ता गुरुङ हुन्, उनको सेयर ५१ प्रतिशत छ। उनीहरूले कम्पनीको नाममा रहेको नक्सा सिट नं. १०२५-१५ को जग्गा भाटभटेनीको नाममा ल्याएका थिए। सोही जग्गा उनीहरूले अन्य व्यक्तिलाई बेचेका थिए। त्यस्तै, गोयल डिएफएल डेभलपर्स प्रालिका सञ्चालक हुन्। उनले नक्सा सिट नं. १०२५-१५, १०२५-१४ र १०२५-१९ को जग्गा डेभलपर्सको नाममा ल्याएका थिए। गोयल अहिले सनराइज बैंकका अध्यक्ष हुन्। त्यस्तै, केसी मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन अधिकृत हुन्। अदालतको 'स्टे अर्डर' लिएर उनी हाल सिआइबीको हिरासतबाट छुटिसकेका छन्। केडिया सिद्धार्थ बैंकका अध्यक्ष हुन् भने सारडा सारडा ग्रुपका अध्यक्ष हुन्। उनीहरूविरुद्ध सिआइबीले पक्राउ पुर्जी जारी गरे पनि फरार छन्।

सिआइबीका अनुसार उनीहरूसहित सयभन्दा धेरै अभियुक्तलाई प्रतिवादी बनाइएको छ। प्रतिवादी बनाइएकोमा सरकारी निकायका तत्कालीन निर्णयकर्ता, उनीहरूमातहतका अधिकृत, बिचौलियादेखि नक्कली मोहीसम्म छन्। सिआइबीका एसएसपी दिनेश आचार्यले सरकारी जग्गा व्यक्तिको नाममा लैजाँदा निर्णायक तहमा रहेका सबै अधिकारीविरुद्ध अनुसन्धान भएको र सोहीअनुसार मुद्दाको प्रतिवादी बनाइएको बताए।

'सरकारी जग्गा संगठित तवरले किर्ते कागजात तयारी गरी हिनामिना गरिएको घटनामा सिआइबीले वस्तुपरक ढंगले अनुसन्धान गरेको छ। यसक्रममा कोही पक्राउ परे, कोही पक्राउ परेनन्। पक्राउ पर्नेविरुद्ध मुद्दा चल्ने र नपर्नेविरुद्ध मुद्दा नचल्ने भन्ने हुँदैन। त्यसवेला निर्णायक तहमा रहेका र जग्गा हिनामिनामा भूमिका निभाएकाहरूसम्म वस्तुपरक ढंगले अनुसन्धान भएको छ,' एसएसपी आचार्यले भने, 'घटनामा जोडिएका सबै मुद्दामा प्रतिवादी बनाइएका छन्। सोहीअनुसार अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस हुन्छ। बाँकी काम वकिल कार्यालयले गर्ने हो।'

सरकारी जग्गा व्यक्तिको नाममा लगिँदा तत्कालीन प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराई, तत्कालीन उपप्रधानमन्त्री विजयकुमार गच्छदार, मन्त्रीद्वय डम्बर श्रेष्ठ र चन्द्रदेव जोशी तथा राज्यमन्त्रीमा सञ्जय साह राजनीतिक नेतृत्वमा थिए। त्यस्तै, तत्कालीन मुख्यसचिव लीलामणि पौड्याल, मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, दिनेशहरि अधिकारीलगायत प्रशासनीक नेतृत्वमा थिए।

करिब १० अर्ब बिगो दाबी गरिने

सिआइबीका अनुसार प्रतिवादी बनाइएकाविरुद्ध करिब १० अर्ब रुपैयाँबराबरको बिगो दाबी माग गरिने भएको छ। बिगो दाबी गरिएको रकम हिनामिना गरिएको एक सय ३२ रोपनी जग्गाको मूल्यबराबरको हो। ललितानिवास क्याम्पभित्रको करिब एक सय ४३ रोपनी जग्गा हिनामिना गरिएको भनिएको छ। त्यसैलाई आधार बनाएर सिआइबी चार वर्षअघिदेखि अनुसन्धानरत छ। जसमध्ये आठदेखि ११ रोपनी जग्गा सडक निर्माणमा प्रयोग गरिएको सिआइबीको भनाइ छ।

सिआइबीका एसएसपी आचार्यले भने, 'करिब एक सय ३२ रोपनी जग्गाको मूल्यबराबरको रकम बिगो दाबी हुन सक्छ। केही जग्गा सडक निर्माणमा प्रयोग गरिएका छन्। त्यसो हुँदा जग्गा केही घट्न पुगेको हो। चलनचल्तीको मूल्यअनुसार बाँकी रहेको जग्गाले जति मूल्य भेट्छ सोहीबराबरको बिगो दाबी माग गरिने हो।'

रसुवाबाट...

पृष्ठ १ बाट क्रमशः

जाँच टोलीले जाँचकै क्रममा सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिका- ५ स्थायी ठेगाना भएका शेर्पालाई सुनसहित पक्राउ गरेको हो। डिएसपी बुढाथोकीका अनुसार शेर्पाले चेस्टगार्डको भित्री खल्तीमा बिस्कुट आकारमा दुई टुक्रा सुन बोकेर ल्याएका थिए। सुनसहित पक्राउ परेका शेर्पाको बयानका आधारमा प्रहरीले सिन्धुपाल्चोक भोटेकोसी गाउँपालिका-१ स्थाथी ठेगाना भएका फुरसांगु शेर्पालाई पनि राति नै पक्राउ गरेको छ। सुनसहित उनीहरू दुवैलाई काठमाडौं ल्याएर आइतबार नै प्रहरीले राजस्व अनुसन्धान विभाग बुझाएको थियो। राजस्व अनुसन्धान विभागले उनीहरूलाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ।

तस्करीमा 'चिनियाँ कनेक्सन'

पछिल्लो दुई केजी सुन तस्करीमा पनि चिनियाँकै कनेक्सन देखिएको छ। अधिकारीहरूका अनुसार यो सुन चीनबाट टिमुरे नाका हुँदै आएको देखिन्छ। र, सुन काठमाडौं ल्याउन लागिएको थियो। काठमाडौं ल्याउने तरखरमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

टिमुरेमा फुरसांगुले दिएको सुन लिएर सुदीप स्याफ्रुबेंसी हुँदै काठमाडौं आउन लागेका थिए। उनीहरू दुवैजना सुन ओसारपोसारमा देखिन्छन्। सुदीपलाई दिएको सुन फुरसांगुले चिनियाँबाट 'रिसिभ' गरेको देखिएको छ। फुरसांगुले टिमुरेमै बसेर सुनको तस्करी गर्ने गरेको देखिएको छ। उनले दिएको सुन लिएर सुदीप काठमाडौं आउने र यहाँ चिनियाँलाई नै बुझाउने गरेका खुलेको छ। ती चिनियाँलाई राजस्व अनुसन्धान विभागको आग्रहमा अध्यागमनले 'निगरानी सूची'मा राखिसकेको छ। विभागले उनको खोजी सुरु गरिसकेको छ।

तेस्रो खेपको तस्करी प्रयासमा पक्राउ

यही समूह र युवाले यसअघि पनि सुन तस्करी गर्ने गरेको भेटिएको छ। यी युवाले पहिला पनि सुन तस्करी गर्ने गरेको बताएका छन्। यसअघि दुईपटक सुन ल्याएर बुझाएको उनीहरूले बयान दिएका छन्। पहिलो खेपमा आधा किलो र दोस्रो खेपमा एक किलो सुन ल्याइसकेको उनीहरूले बताएका छन्। 'अघिल्लोपटकको तुलनामा बढाएर उनीहरूले सुन तस्करी गरिरहेका देखिएको छ,' स्रोतले भन्यो, 'क्रमशः सुनको मात्रा बढाएर तस्करी गरिरहेकाले ठूलो परिमाणमा सुन तस्करी गरिरहेको र गर्ने योजना रहेको देखिन्छ।'

पक्राउ परेका युवाहरूले पारिश्रमिक लिएर सुन तस्करी गर्ने गरेको बताएका छन्। सुनमा मुख्य रूपमा जोडिएका चिनियाँ काठमाडौंको ठमेलमा बस्छन्। केही समयअघि उनीसँग जोडिएका फुरसांगुले नै सुदीपलाई यस धन्दामा संलग्न गराएका थिए। खेपको जनही ४० हजार रुपैयाँको हाराहारी पारिश्रमिक लिएर उनीहरूले सुन ओसार्ने गरेका थिए। उनी अहिले सम्पर्कविहीन छन्। तर, विभागले खोजी गरिरहेको छ।

बिजलपुरा...

पृष्ठ १ बाट क्रमशः

खण्डका लागि आवश्यक पर्ने जग्गामध्ये ७५ प्रतिशत अर्थात् दुई सय १४ बिघाको मात्र मुआब्जा वितरण गरेर अधिग्रहण भएको छ। जसबापत दुई अर्ब ३० करोड ४० लाख खर्च भइसकेको उनले जनाए। २५ प्रतिशत जग्गा अझै पनि अधिग्रहण हुन सकेको छैन।

'मुआब्जा विवादका कारण जग्गा अधिग्रहणमा ढिलाइ भइरहेको हो,' ओझाले भने, 'सरकारले जग्गाअनुसारको मुआब्जा दिने व्यवस्था गरेको छ। तर, केही जग्गाधनीले तोकिएभन्दा बढी रकम माग्दा समस्या भएको हो।'

जनमतको...

पृष्ठ १ बाट क्रमशः

पक्ष र विपक्षमा ७९ मत पाइन्। महोत्तरीकी सांसद अनिताले भने खसेको ३७ मतमध्ये १४ पक्षमा र २३ विपक्षमा पाइन्।

जनमतले शनिबार मधेस प्रदेशका १३ र लुम्बिनीका तीन गरेर १६ वटै प्रदेश सांसदको अहिलेसम्मको कामको मूल्यांकन गर्न उनीहरूको सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान गराएको थियो। मतदानमा पार्टीका वडाध्यक्ष, वडाध्यक्षका प्रत्याशी, पालिकाका पदाधिकारी, पालिकामा उठेका प्रत्याशीहरू, प्रदेश समितिका सदस्यहरू, जिल्ला परिषद्का सदस्यहरू, केन्द्रीय समिति सदस्यहरू र राष्ट्रिय परिषद्का सदस्यले भाग लिएका थिए।

पार्टी विधानमा रहेको 'राइट टु रिकल'को व्यवस्था कार्यान्वयन गर्दै यसअघि २७ साउनमा स्थानीय तहका जनप्रतिनिधिको मूल्यांकन गरेको जनमतले अहिले प्रदेश सांसदहरूको अनुमोदन रेटिङ गरेको हो।

महासचिव सिंह नै फेल भएको परिणामपछि जनमतमा तरंग देखिएको छ। महासचिव सिंह फेल भएपछि अब उनलाई सरकारबाट फिर्ता बोलाउनुपर्ने दबाब अध्यक्ष सिके राउतमाथि परेको छ। पार्टीका तर्फबाट प्रदेशमा मन्त्री बनाइएका महासचिवलाई फिर्ता नबोलाइए पार्टीले विधानमा राखेको 'राइट टु रिकल'को व्यवस्थामाथि नै प्रश्न उठ्ने नेताहरूको भनाइ छ।

पार्टीका राष्ट्रिय सचिव बिपी साहले फेल भएका चारजना सांसदमाथि पार्टीको अनुशासन कमिटीले छानविन गरेपछि कारवाही प्रक्रिया अघि बढ्ने बताए। 'पार्टीको महासचिव नै फेल हुनु दुखद हो,' उनले भने, 'अब फेल भएका चार सांसदमाथि नै अनुशासन समितीले छानविन गर्छ। छानविनका आधारमा प्रतिवेदन बन्छ। प्रतिवेदनका आधारमा उनीहरूलाई सांसद पदबाट फिर्ता बोलाउने या पहिलो वर्षलाई नसियतसहित चेतावनी दिने भन्ने विषयमा निर्णय हुन्छ।'

सदन खुलाउन...

पृष्ठ १ बाट क्रमशः

संघीय संसद्का दुवै सदन अवरुद्ध छन्। एमालेको मागलाई अस्वीकार गरिरहेको सत्तापक्ष अहिले राज्यका संयन्त्र (सिआइबी)बाट भइरहेको अनुसन्धानलाई नै निरन्तरता दिएर जानुपर्नेमा छ।

सत्ता र विपक्षीको आ-आफ्नै अडानका कारण पटक-पटक शीर्षस्थसहित विभिन्न तहमा संवाद भए पनि अवरोध हट्न सकेको छैन। आइतबार दिउँसो १ बजे तोकिएको प्रतिनिधिसभा बैठक सञ्चालनको वातावरण बनाउन प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय मान्यताप्राप्त दलका नेताहरूलाई मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार बोलाएका थिए।

दुई घन्टासम्म चलेको बैठक मध्यमार्गी विकल्प खोजेर सदन खुलाउने निष्कर्षमा पुगेको रास्वपा सभापति रवि लामिछानेले बताए। बैठकमा सहभागी एक नेताका अनुसार अहिलेको छानबिन प्रभावित नहुने गरी उच्चस्तरीय समिति बनाउने वा संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले हेर्ने भन्ने दुइटा विकल्प प्रस्तुत भएको छ। पहिलो विकल्पमा सिआइबीको अनुसन्धान जारी रहँदै उच्चस्तरीय समिति गठन गरेर छानबिनको निगरानी गर्ने गरी अगाडि बढ्ने भन्ने छ। दोस्रो विकल्पमा राज्य व्यवस्था समितिलाई जिम्मा दिने र सिआइबीले गरिरहेको अनुसन्धानको परीक्षण गर्ने भन्ने छ। यसमा सिआइबीलाई समितिमा बोलाएर छलफल गर्ने, निष्पक्ष छानबिनको वातावरण बनाउने र आवश्यक निर्देशन दिने भन्ने छ।

एमाले प्रमुख सचेतक पदम गिरीले भने सिआइबीको अनुसन्धान प्रभावित नहुने गरी उच्चस्तरीय समिति बनाउन सरकार लचिलो देखिएको दाबी गरे।

छलफलपछि एमाले सदनको आकस्मिक, शून्य र विशेष समय चलाउन तयार भएको छ। 'सदन जुन दिन चल्छ, निश्चित रूपमा माननीयहरूलाई आफ्ना विषय राख्नका लागि हिजोभन्दा लचिलो भएका छौं। हिजोको दिनमा प्रमुख प्रतिपक्षीले आफ्नो कुरा राखेपछि संसद् अवरुद्धको परिस्थिति बनेको थियो भने अब आकस्मिक समयमा अरू माननीय बोल्न सक्ने, विशेष समयसम्म पनि बोल्न सक्ने गरी हामीले त्यो ढंगले सोचेका छौं,' गिरीले भने।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले तस्करीको विषयमा समग्रतामा साझा निष्कर्षमा पुग्न उच्चस्तरीय समिति बनाउन सकिने धारणा राखे। यद्यपि, अहिलेको सुन तस्करी प्रकरणलाई सिआइबीले नै निष्कर्षमा पुऱ्याउने स्पष्ट पारे।

बैठकमा सहभागी राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पनि तस्करी, भन्सार, अध्यागमन क्षेत्रमा भइरहेका चोरी, तस्करीलाई अध्ययन गर्दै एउटा छुट्टै समिति बनाउने र अहिलेको अनुसन्धानलाई पनि प्रभावित हुन नदिने गरी कायम राख्ने नयाँ निष्कर्षमा पुग्न सकिने वातावरण बनेको बताए। 'दुवै पक्ष मध्यस्थ मार्ग निकाल्ने सहमतिमा पुगेका छौं। मध्यस्थ मार्ग भनेको माथिल्लो तहको अनुसन्धानको बाटो पनि खोल्ने र अहिले भइरहेको अनुसन्धानलाई पनि प्रभावित हुन नदिने, निरन्तरता दिने भन्ने हो,' उनले भने, 'सरकार र प्रतिपक्षी दुवै तेस्रो बाटो निकालौं भन्नेमा पुगेकाले यो सम्भावना छ।'

उपप्रधान तथा रक्षामन्त्री एवं काग्रेस उपसभापति पूर्णबहादुर खड्काले आ-आफ्नो दलमा गृहकार्य गरेर सोमबार ठुंग्याउने गरी सबै विकल्पमा छलफल भएको बताए। 'यसमा खुलेर छलफल भएको छ। आ-आफ्नो पार्टीमा एक राउन्ड छलफल गरेर फेरि बसौं भन्ने भएको छ। सकारात्मक रूपमा ठुंग्याएर सदन खोलौं, सबै कुरा त्यहीं छलफल गरौं भन्ने भएको छ। अब अहिले यो गर्ने, त्यो गर्नेबारे त्यस्तो केही भएको छैन। अबको छलफलपछि थाहा होला,' उनले भने।

एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले कुराकानी सकारात्मक भएको बताए। 'यसलाई निरन्तरता दिने र सोमबार ४ बजे पुनः सर्वदलीय बैठक बसेर ठुंग्याउने कुरा भएको छ। त्यसका लागि आ-आफ्नो पार्टीभित्र केही गृहकार्य गर्नु छ भने गर्ने भन्ने सल्लाह भएर उठियो। त्यही भएर समय प्राप्त होस् भनेर संसद् बैठकलाई मंगलबार ३ बजे पुऱ्याइएको छ। छलफल सकारात्मक छ, यसलाई टुंगोमै पुऱ्याउनुपर्छ। मिलाउनुपर्छ भन्नेमा सबै पक्ष छन्,' उनले भने।

बैठकमा सुन तस्करी प्रकरणमा माओवादी नेता कृष्णबहादुर महरा मुछिएको विषय पनि उठेको थियो। प्रधानमन्त्री प्रचण्डले यो विषय सार्वजनिक भइसकेपछि आफूले विशेष चासो लिएर अनुसन्धान गर्न सिआइबीलाई निर्देशन दिएको र गहिरो अनुसन्धान भइरहेको जानकारी गराएका थिए। यसैगरी प्रहरी प्रशासनमा गरिएको हेरफेरले सशंकित बनाएको विषय पनि उठेको थियो। जवाफमा गृहमन्त्री श्रेष्ठले सुन काण्डको छानबिन गरिरहेको निकायका कसैलाई पनि सरुवा नगरिएको जवाफ दिएका थिए। अन्य युनिटको आवश्यकताका आधारमा नियमित प्रक्रियाअनुसार नै गरेको उनको भनाइ थियो। भुटानी शरणार्थी प्रकरण अदालतमा गइसकेकाले प्रहरी प्रशासनले गर्नुपर्ने केही नभएको र अदालतले हेर्ने श्रेष्ठले जवाफ दिएका थिए।

बैठकमा काग्रेस सभापति शेरबहादुर देउवाले सदन लामो समयसम्म अवरुद्ध गर्नु राम्रो नभएको बताएका थिए। सुन तस्करी प्रकरणमा प्रहरी प्रशासनले राम्रोसँग काम गर्नुपर्ने, जनमानस र अन्तर्राष्ट्रिय समुदायले आलोचना गर्ने वातावरण बनाउन नहुने उनको भनाइ थियो।

सुन प्रकरणलाई लिएर १० साउनदेखि प्रतिनिधिसभा र ११ साउनदेखि राष्ट्रिय सभा निरन्तर अवरुद्ध हुँदै आएको छ। अब दुवै सदनको बैठक ५ भदौका लागि तोकिएको छ।

यसअघि सदन खुलाउन सभामुखले आइतबार बिहान बोलाएको दलका सचेतकहरूको बैठकमा काग्रेस सांसद सुनील शर्माले प्रयोग गरेको आतंककारी शब्द हटाउने वा नहटाउने विषयमा बहस भएको थियो। माओवादी प्रमुख सचेतक हितराज पाण्डेले उक्त शब्द हटाउनुपर्ने धारणा राखेका थिए भने अन्य दल र कानुनमन्त्री धनराज गुरुङले भने प्रधानमन्त्री प्रचण्डको सरकार आतंककारी हो कि लोकतान्त्रिक भनेर प्रश्न सोध्ने क्रममा प्रयोग गरिएको भन्दै हटाउन आवश्यक नरहेको जिकिर गरेका थिए। सभामुख घिमिरेले हटाउने वा नहटाउने निर्णय लिने जिम्मा दलहरूमै छोडेका थिए।

राष्ट्रपतिले बोलाए सर्वदलीय बैठक

संसद्को गतिरोध हटाउन राष्ट्रपति रामचन्द्र पौडेलले पनि सर्वदलीय बैठक आह्वान गरेका छन्। संसद्मा प्रतिनिधित्व गर्ने दलका नेतालाई सोमबार बिहान साढे ८ बजे शीतलनिवासमा आमन्त्रण गरिएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए। यसअघि राष्ट्रपति पौडेलले प्रधानमन्त्री प्रचण्ड, विपक्षी दलका नेता केपी ओली, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना र रास्वपाका सभापति रवि लामिछानेसँग संसद्को गतिरोध अन्त्यका लागि छलफल गरेका थिए। गतिरोध अन्त्यका लागि जिम्मेवार बन्न उनले सबैलाई आग्रह गर्दै आएका छन्।

कोसीमा...

पृष्ठ १ बाट क्रमशः

२९, माओवादीका १३, एकीकृत समाजवादीका चार र जनता समाजवादी पार्टीका एक गरी ४७ छन्। एमालेका उपसभामुखसहित ४० र राप्रपाका ६ गरी प्रतिपक्षमा ४६ सांसद रहेका छन्। प्रदेश सभामा सभामुख माओवादी सांसद बाबुराम गौतम थिए। पहिलोपटक उनको हस्ताक्षरले काग्रेस संसदीय दलका नेता थापा मुख्यमन्त्री नियुक्ति भएपछि सर्वोच्चले असंवैधानिक ठहर गर्दै मुख्यमन्त्रीको नियुक्ति नै बदर गरेको थियो।

त्यसपछि पुनः नियुक्तिका लागि सत्तागठबन्धनले सभामुख गौतमलाई राजीनामा गराएर आर्थिक मामिला तथा योजनामन्त्री बनायो। उनले राजीनामा दिएसँगै सत्तागठबन्धनसँग बहुमत ४७ सांसद पुगेको छ। आइतबार उपसभामुख दनुवारले राजीनामा दिने चर्चा चलेको थियो। उनको राजीनामा त आएन। तर, सोमबार बैठक सञ्चालन गर्ने-नगर्ने अनिश्चितता कायमै छ।

सभामुखले राजीनामा दिएको र उपसभामुख अनुपस्थित हुन सक्ने सम्भावनालाई ध्यान दिएर चार सदस्यीय अध्यक्षमण्डल गठन गरिएको छ। उपसभामुखलाई सहयोग गर्न अध्यक्षमण्डल बनाइएको हो।

चार सदस्यीय अध्यक्षमण्डलका सदस्यमध्येबाट वर्णानुक्रम वा ज्येष्ठताका आधारमा एकजनाले प्रदेश सभाको अध्यक्षता गर्ने व्यवस्था छ। अध्यक्षमण्डलमा काग्रेसका प्रदेश सांसद इम्राइल मन्सुरी, माओवादीकी गीता तिम्सिना, राप्रपाका अम्बरबहादुर विष्ट र एमालेकी मालतीकुमारी लिम्बू छन्। अध्यक्षमण्डलमा रहेका एमाले र राप्रपाले दुवैका सदस्य संसद्मा अनुपस्थित हुने सूचना संसद् सचिवालयलाई दिएका छन्। एमालेका ज्येष्ठ सांसदहरू रोहिदबहादुर कार्की, रामप्रसाद महतो, तारादेवी ढकाल, खड्गबहादुर बस्नेत र ज्ञानेन्द्र सुवेदीले घरायसी कारणले बैठकमा उपस्थित हुन नसक्ने सूचना प्रदेश सभालाई दिएका छन्। राप्रपाका प्रमुख सचेतक एवं संसद्का ज्येष्ठ सदस्य (६८) अम्बरबहादुर विष्टले बिरामी भएको कारण देखाएर अनुपस्थित हुने जानकारी गराएका छन्।

उपसभामुखसहित विष्ट र लिम्बू अनुपस्थित भए सत्तागठबन्धनकै सांसदले बैठकको अध्यक्षता गर्नुपर्ने बाध्यता हुनेछ। बैठकको अध्यक्षता गरेका सांसदले बराबरी भएको अवस्थामा मात्र मत दिन पाउँछन्। सत्तागठबन्धनकै सांसदले बैठकको अध्यक्षता गर्नुपर्ने अवस्थामा बहुमत पुग्दैन। त्यसैले सत्तापक्ष संसद्को अध्यक्षता प्रतिपक्षबाटै होस् भन्ने चाहन्छ।

एमालेले उपसभामुखलाई राजीनामा दिन भनेको छैन। 'उहाँ एमालेबाट निर्वाचित भए पनि राजीनामा दिन भनेका छैनौं,' एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने, 'उहाँले किन दिनुपऱ्यो ? बाबुराम गौतमलाई त राजीनामा गराएर शक्तिशाली मन्त्रालय दिइयो। उपसभामुखलाई कुनै आश्वासन दिने पक्षमा पनि छैनौं।'

सत्तापक्ष उपसभामुख उपस्थित हुने विश्वासमा छ। सत्तागठबन्धनमा ४७ सांसद रहेकाले विश्वासको मत प्राप्त हुने काग्रेस सांसद केदार कार्की दाबी गर्छन्। एमालेले अध्यादेशमार्फत आफ्नो सरकारले ल्याएको बजेट पारित हुने अवस्थामा थापा नेतृत्वको सरकारलाई सहज वातावरण बनाउन सक्ने संकेत गरेको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. १५४६/०६/०१

स्वर्गारोहण: वि.सं. २०८०/०४/२४

स्व. धनकुमारी लम्साल

यस सम्सारा रेमिट प्रा.लि. मा कार्यरत श्री सिताराम लम्सालकी ममतामयी आमा धनकुमारी लम्सालज्यूको असामयिक स्वर्गारोहण भएको आज १३औं पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद घडीमा सम्पूर्ण शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछौं ।

SAMSARA REMIT

सम्सारा रेमिट प्रा.लि.

परिवार

लाजिम्पाट-२, काठमाडौं, नेपाल




३५ दिने पुन : धितो लिलाम सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/५/४)

उपरोक्त सम्बन्धमा यस कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि. थलि कार्यलयबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जना ब्याजआदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मैखिक सार्वजनिक सूचना (मिति २०८०/०१/०२, र मिति २०८०/०२/२८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक) मा प्रकाशित गरे बमोजिम ऋणीलाई ताकेता गर्दा पनि ऋण कर्जा चुक्ता भूक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले यो ३५ दिने पुनः धितो लिलामको सार्वजनिक सूचना प्रकासित गरिएको हो।

यो सूचना प्रकाशित भएको मितिभित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा नेपाल सरकारको प्रचलितत कानून बमोजिम संस्था आफैले धितो लिलाम बिक्रि गर्ने भएकोले उक्त लिलाममा डाक बढाबढ गरिलिन चाहने इच्छुक महानुभावहरुले यो सूचना प्रकासित भएको मितिले ३६ औं दिन (उक्त दिन विदा परेमा सो को भोलिपल्ट) बिहान ११ बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

तपसिल :

सि. नं.	ऋणीको विवरण	फोटो	जमानतकर्ताको विवरण	फोटो
१	**आभा कर्ण** ना.प्र.नं. १५१०१९ /६६२ जारी मिति : २०६६।०१।३१ बाबुको नाम : लक्ष्मीनारायण दत्त ससुराको नाम : सरुप नारायण लाल दास ठेगाना : सिराहाजिल्ला, इनर्वा-वडा नं. ०१ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार।		**१) अजितकुमार कर्ण** ना.प्र.नं. ६१९/१८५४ जारीमिति : २०४३।०४।२९ बाबुको नाम : सरुप नारायण लाल दास बाजेकोनाम : नथ्थु लाल दास ठेगाना : सिराहाजिल्ला, इनर्वा - वडा नं. ०१ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार। **२) ब्रजेश कर्ण** ना.प्र.नं. २०१९/१६०१६ जारी मिति : २०७१।०३।१८ बाबुको नाम : अजितकुमार कर्ण बाजेको नाम : सरुप नारायण लाल दास ठेगाना : सिराहाजिल्ला, इनर्वा - वडा नं. ०१ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार।	 
धितोको विवरण : सरुप नारायण लाल दासको वुहारी, लक्ष्मीनारायण दत्तको छोरी आभा कर्णको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता श्रेष्ठा कायम भएको काठमाडौं जिल्ला गो लढुंगा गा.वि.स वडा नं. ४ख कित्ता नं. २३९ को क्षेत्रफल ५ आना।१५८.९८ वर्ग मि) भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।				
२	**तिलकबहादुर भण्डारी** ना.प्र.नं. १९७६/९४१ जारी मिति : २०४४।१०।२४ बाबुको नाम : दिलबहादुर भण्डारी बाजेको नाम : बिरबत भण्डारी ठेगाना: रुकुमजिल्ला, विजयश्वरी वडा नं. ३ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ६, मुलपानी।		**जमुना भण्डारी** ना.प्र.नं. १९९८/८२७ जारी मिति : २०४४।१०।२४ बाबुको नाम : शशे बुढाथोकी ससुराको नाम : दिलबहादुर भण्डारी ठेगाना : रुकुमजिल्ला, विजयश्वरी- वडा नं. ३ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ६, मुलपानी।	
धितोको विवरण : दिल बहादुर भण्डारीको वुहारी, शशे बुढाथोकीको छोरी जमुना भण्डारीको नाममा मालपोत कार्यालय चावहिलमा दर्ता श्रेष्ठा कायम भएको काठमाडौं जिल्ला मुलपानी गा.वि.स वडा नं. ८ग कित्ता नं. ३०५ को क्षेत्रफल २ आना।६३.५९ वर्ग मि) भएको जग्गा घर र सो जग्गाले चर्चेको लिगलगापात समेत।				

कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ५, थलि, काठमाडौं

फोन नं: ०१-४४५०१२६, ०१-४४५०७४३

ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०५/०४

उपरोक्त सम्बन्धमा यस कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि. थलि कार्यलयबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मैखिक सूचना ताकेता गर्दा पनि ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकासित गरिएको हो। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी आफुले प्राप्त गरेको ऋण कर्जाको सम्पूर्ण सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित सहकारी कानून एवं अन्य ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी यस सहकारि संस्थाको लेना रकम असुल उपर गरिनेछ। साथै उल्लेखित ऋणीले उपभोग गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र सम्पूर्ण कर्जा चुक्ता भूक्तानी गर्न गराउनु हुन सूचित गरिएको छ।

तपसिल

सि. नं.	ऋणीको विवरण	जमानतकर्ताको विवरण
१	**१) डम्बर बहादुर बस्नेत** ना.प्र.नं. : २७२१/१०९५७२ जारी मिति : २०४७/१२/२६ बाबुको नाम : बम बहादुर बस्नेत बाजेको नाम : धनराज बस्नेत ठेगाना : खोटाङ जिल्ला, ईन्द्राणि पोखरि गा.वि.स. वडा नं. ८ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार	**२) जयकला बस्नेत** ना.प्र.नं. : ९८८ जारी मिति : २०४८/०३/०१ बाबुको नाम : योग बहादुर भट्टराइ ससुराको नाम : धनराज बस्नेत ठेगाना : खोटाङ जिल्ला, ईन्द्राणि पोखरि गा.वि.स, वडा नं. ८ हाल : कागेश्वरी मनोहरा नगर

सोमबार ४ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

स्पेन महिला फुटबलको नयाँ विश्व च्याम्पियन

तेस्रो सहभागितामै स्पेनले युरोपियन च्याम्पियन इंग्ल्यान्डलाई १-० ले हराउँदै महिला फिफा विश्वकपको उपाधि उचाल्यो, कप्तान कार्मोनाको एक मात्र गोल नै निर्णायक

पुरुष र महिलातर्फ विश्वकप ट्रफी उचाल्ने जर्मनीपछि स्पेन दोस्रो राष्ट्र



एजेन्सी

स्पेन फिफा महिला विश्वकप फुटबल प्रतियोतिगाको नयाँ विश्वविजेता बनेको छ । अस्ट्रेलियाको सिड्नीमा आइतबार भएको उपाधि भिडन्तमा स्पेनले युरोपियन च्याम्पियन इंग्ल्यान्डलाई १-० ले हराउँदै पहिलोपटक फिफा महिला विश्वकपको उपाधि जितेको हो । स्पेनलाई विश्व च्याम्पियन बनाउने क्रममा कप्तान ओल्गा कार्मोनाले खेलको २९औँ मिनेटमा एक मात्र विजयी गोल गरेकी थिइन् । महिला विश्वकपको नवौँ संस्करण सिड्नीमा सकिँदा स्पेन पाँचौँ राष्ट्रका रूपमा विश्व विजेता बनेको हो । स्पेन महिला र पुरुष विश्वविजेता बन्ने दोस्रो राष्ट्र बनेको छ । यसअघि यो उपलब्धि जर्मनीले हात पारेको थियो ।

अमेरिकाले सर्वाधिक चारपटक उपाधि उचालेको छ । जर्मनीले दुईचोटि विश्वकप जितेको छ । नर्वे र जापानले एक-एकपटक उपाधि जितेका छन् । सन् २०१० मा नेदरल्यान्ड्सलाई हराउँदै स्पेनको पुरुष टोली पहिलोपटक विश्व च्याम्पियन बनेको थियो । स्पेन उमेरसमूहको यू-१७ र यू-२० महिला विश्वकप जित्ने पहिलो टोली बनेको छ । सन् २०१५ बाट विश्वकपमा सहभागी भएको स्पेन पहिलो संस्करणमा समूह चरणबाटै बाहिरियो । सन् २०१९ को दोस्रो सहभागितामा स्पेन अन्तिम १६ मा सीमित भयो । तेस्रोपटक विश्वकप खेलेको स्पेन च्याम्पियन नै बन्यो ।

सेमिफाइनलमा स्पेनले स्विडेनलाई २-१ र इंग्ल्यान्डले आयोजक अस्ट्रेलियालाई ३-१ ले हराउँदै पहिलोपटक विश्वकपको अन्तिम दुई स्थान बनाएका थिए । समूह चरणमा स्पेन जापानसँग ४-० ले पराजित भएको थियो ।

कार्मोनाको निर्णायक गोल

एलियन्ज रंगशालामा खेलको २९औँ मिनेटमा मारियोना क्याल्डेन्टीले मिलाएको बललाई बक्सभित्रबाट कार्मोनाले उत्कृष्ट गोल गरेकी हुन् । उपाधि भिडन्तमा स्पेनले पेनाल्टी अवसर चुकाएको थियो । खेलको ६९औँ मिनेटमा जेनिफर हर्मोसोले पेनाल्टी चुकाउँदा स्पेनले दोस्रो अग्रता लिने मौका गुमाएको थियो । उनको प्रहार इंग्ल्यान्डकी गोलरक्षक मेरी इर्पसले बायाँ साइडमा डाइभ गर्दै बचाइन् । इंग्ल्यान्डकी केइरा वाल्सले डिबक्सभित्र हातले बल छोएपछि भिडियो सहायक रेफ्रीले पेनाल्टीको मान्यता दिएको थियो । खेलमा १३ मिनेटको इन्जुरी समयसम्म इंग्ल्यान्डले बराबरी गोल फर्काउने प्रयास गरेको थियो ।

इंग्ल्यान्डकी प्रशिक्षक सरिना विलिंघमले स्तब्धपूर्ण नतिजा रहेको बताइन् । 'यो समय निकै खराब छ । हामी स्तब्ध छौं,' उनले फाइनलपछि भनिन्, 'हामीसँग उपाधि जित्न सबै थियो, उपाधि जित्न चाहन्थ्यौं, तर हारेका छौं ।'

आन्तरिक द्वन्द्वका बीच उपाधि

स्पेन निकै कठिन परिस्थितिको सामना गर्दै अस्ट्रेलिया पुगेको थियो । खेलाडी र प्रशिक्षक जर्ज भिल्डाबीच सम्बन्ध राम्रो थिएन । खेलाडी र प्रशिक्षकबीचको दूरी फाइनलमा देखियो । च्याम्पियन भएपछि खेलाडीहरूको एक समूह एक-आपसमा बधाई दिइरहेका थिए । प्रशिक्षकले अफिसियलसँग मात्रै खुसीयाली मनाए । समूह चरणमा जापानसँग ४-० ले पराजित हुँदा खेलाडीले प्रशिक्षकको खराब रणनीति भएको जनाएका थिए ।

सन् २०२१ मा युरोपियन च्याम्पियनसिपमा इंग्ल्यान्डसँग अतिरिक्त समयमा २-१ ले पराजित भएसँगै स्पेनिस खेलाडी र प्रशिक्षकबीच दूरी बढेको थियो । हारपछि १५ जना खेलाडीले स्पेनिस फुटबल महासंघका अध्यक्ष लुइस रुबियालेसलाई प्रशिक्षक बर्खास्तीको माग राखे । खेलाडीले खुलेरै विरोध गरे पनि अध्यक्ष लुइसले प्रशिक्षक भिल्डालाई हटाउने निर्णय गरेनन् ।

स्पेनकी बोनमतीलाई गोल्डेन बल

उत्कृष्ट प्रदर्शन गरेकी स्पेनकी मिडफिल्डर ऐटना बोनमतीले गोल्डेन बल जितेकी छिन् । बार्सिलोनाबाट व्यावसायिक फुटबल खेलिरहेकी बोनमतीले प्रतियोगितामा तीन गोल र दुई असिस्ट गरेकी छिन् । स्पेनले उपाधि जित्दा उनले मध्यक्रममा उत्कृष्ट प्रदर्शन गरेकी थिइन् । पाँच गोल गरेकी जापानकी हिनाता मियाजामाले गोल्डेन बुट प्राप्त गरिन् । फाइनलमा एक पेनाल्टी बचाउ गरेकी इंग्ल्यान्डकी मेरीले गोल्डेन ग्लोब्स पाइन् । १९ वर्षीया स्पेनिस स्ट्राइकर साल्मा युवा उत्कृष्ट खेलाडी घोषित भइन् । उनले प्रतियोगिताको क्वार्टरफाइनल र सेमिफाइनलमा समान एक गोल गरिन् । साल्मा विश्वकप यू-१७, यू-२० र सिनियर टोलीबाट जित्ने पहिलो खेलाडी पनि बनिन् । यसैगरी, जापान फिफा फेयर प्ले अवार्डबाट सम्मानित भयो ।



विश्वकप विजेता टोली

सन्	च्याम्पियन	नतिजा	उपविजेता
१९९१	अमेरिका	२-१	नर्वे
१९९५	नर्वे	२-०	जर्मनी
१९९९	अमेरिका	०-०(५-४)	चीन
२००३	जर्मनी	२-१	स्विडेन
२००७	जर्मनी	२-०	ब्राजिल
२०११	जापान	२-२(३-१)	अमेरिका
२०१५	अमेरिका	५-२	जापान
२०१९	अमेरिका	२-०	नेदरल्यान्ड्स
२०२३	स्पेन	१-०	इंग्ल्यान्ड

सर्वाधिक गोल

खेलाडी	राष्ट्र	गोल
हिनाता मियाजावा	जापान	५
अलेसान्द्रा पोप	जर्मनी	४
अमानान्डा	स्विडेन	४
जिली रोर्ड	नेदरल्यान्ड्स	४
काडिटाउ	फ्रान्स	४

असिस्ट खेलाडी

खेलाडी	राष्ट्र	असिस्ट
काडिटाउ	फ्रान्स	३
लाउरेन जेम्स	इंग्ल्यान्ड	३
मिना	जापान	३
आओवा फुजिनो	जापान	२
इभा नाभारो	स्पेन	२

धेरै पहँलो कार्ड

खेलाडी	राष्ट्र	संख्या
भान डे	नेदरल्यान्ड्स	२
कट्रिना गोरी	अस्ट्रेलिया	२
लारेन हेम्प	इंग्ल्यान्ड	२
मारिथ टेम्बो	जाम्बिया	२
मारिआम मायोगा	अर्जेन्टिना	२

धेरै रातो कार्ड

खेलाडी	राष्ट्र	संख्या
काथरिने मोसान्डा	जाम्बिया	१
डेर्बोथ	नाइजेरिया	१
लाउरेन जेम्स	इंग्ल्यान्ड	१
निकोलो हारिसन	फिलिपिन्स	१
जाङ रुई	चीन	१

रग्बी खेलमा सरकारको सहयोग रहने



प्रधानमन्त्री पुष्पकमल दाहाल र एसिया रग्बीका अध्यक्ष कायस अल धलाईबीच भेटवार्ता

काठमाडौं / राष्ट्रिय खेलकुद परिषद्का संरक्षक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र एसिया रग्बीका अध्यक्ष कायस अल धलाईबीच आइतबार छलफल भएको छ । बालुवाटारस्थित प्रधानमन्त्रीनिवासमा नेपालमा रग्बी खेल विकासका विषयलाई लिएर छलफल भएको हो ।

प्रधानमन्त्री दाहालले नेपाललाई विश्वास गरेर लगातार दुई प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी दिएकोमा एसिया रग्बी र अध्यक्ष कायसलाई धन्यवाद दिए । 'एसिया रग्बीले नेपाललाई विश्वास गरेर दुई प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी दिएकोमा धन्यवाद दिन चाहन्छु । हाम्रो सरकार र मेरो प्राथमिकतामा नै खेलकुद र युवाको विकास गर्नेतर्फ थियो,' दाहालले भने, 'त्यहीअनुसार नै अन्य खेलसँगै रग्बीको विकासमा पनि सरकारले सहयोग गरिरहनेछ ।'

एसिया रग्बीका अध्यक्ष कायसले नेपाल सरकारले रग्बी खेल विकासमा गरेको सहयोगप्रति धन्यवाद दिएका छन् । नेपाल रग्बी संघले लगातार दुई वर्ष एसिया रग्बीको अन्तर्राष्ट्रिय प्रतियोगिता गरिरहेको जनाएको छ । अन्तर्राष्ट्रिय रग्बी प्रतियोगिताको आयोजना गर्न सरकारको सहयोगविना सम्भव नभएको कायसले धारणा राखेका थिए । 'नेपालले पछिल्ला समय रग्बीमा विकास गरेको छ । सरकारको सहयोगविना त्यो सम्भव थिएन । एसिया रग्बीका तर्फबाट धन्यवाद दिन चाहन्छु,' कायसले भने ।

हङकङ चाइना र थाइल्यान्डलाई उपाधि

हङकङ चाइना र थाइल्यान्डले एसिया यू-२० सेभेन्स रग्बी प्रतियोगिताको उपाधि आइतबार जितेका छन् । हङकङ चाइना पुरुष तथा थाइल्यान्ड महिलामा च्याम्पियन बनेका हुन् । दशरथ रंगशालामा भएको पुरुष फाइनलमा हङकङ चाइनाले मलेसियालाई १९-१४ ले पराजित गऱ्यो । यस विधामा चाइनिज ताइपेई तेस्रो भएको छ । पुरुषमा सात राष्ट्रले लिगकम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए ।



एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा भएको प्रतियोगिताअन्तर्गत चार राष्ट्र सहभागी महिलाको राउन्ड रोबिन लिगमा थाइल्यान्ड शीर्ष स्थानमा रहँदै पहिलो भयो । हङकङ चाइना दोस्रो तथा मलेसिया तेस्रो बनेका छन् । नेपाली रग्बीको इतिहासमा नेपालमा भएको यो अहिलेम्मकै ठूलो प्रतियोगिता हो । गत वर्ष रग्बी संघले एसिया रग्बी यू-१८ सेभेन्सको सफलतापूर्वक आयोजना गरेको थियो । विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले पुरस्कृत गरे ।

खेलाडीसँग नयाँ सम्झौता गर्न पिसिबी तयार

कराँची / पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) राष्ट्रिय खेलाडीसँग सम्झौता गर्न तयार भएको छ । खेलाडी र बोर्डबीच दुई महिनादेखिको विवाद अन्त्य भएको एजेन्सीले जनाएको छ । पिसिबी एसिया कपअगाडि नै खेलाडीसँग नयाँ सम्झौताका साथ अगाडि बढ्ने मनस्थितिमा छ । यसअघि खेलाडीले अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइज लिगमा आबद्ध हुन पिसिबीले एनओसी पत्र सहजै उपलब्ध गराउनुपर्ने माग राखेका थिए । पिसिबीले एनओसी पत्र समयमै नदिँदा खेलाडीले केही फ्रेन्चाइज लिग गुमाएको अवस्था थियो ।



घरेलु क्रिकेटबाट खासै आम्दानी नहुँदा पाकिस्तानी खेलाडी विश्वका अन्य फ्रेन्चाइज लिगबाट राम्रो कमाइ गर्छन् । तर, पिसिबीले उनीहरूलाई ती फ्रेन्चाइज लिग खेल्न अनुमति पत्र समयमै दिने गरेको छैन । यसपटकको नयाँ सम्झौतामा सहिन अफ्रिदी पहिलो श्रेणीमा रहने पक्का छ । पिसिबीले सम्झौता गरेका खेलाडीलाई कम्तीमा दुई वर्ष पाकिस्तान क्रिकेट लिगमा आबद्ध हुनुपर्ने जनाएको छ ।

उनीहरूले अनिवार्य रूपमा पिएसएल लिग खेल्नुपर्नेछ । केन्द्रीय सम्झौता नभएका खेलाडीले सहजै रूपमा अन्य विदेशी लिगमा खेल्न पाउने भएका छन् । उनीहरूलाई ड्राफ्टमा पिसिबीले सहजीकरण गर्नेछ । पिसिबीका अध्यक्ष नजम सेठीले खेलाडीलाई फाइदा हुने गरी सम्झौता हुन लागेको जनाएका छन् । पहिलो श्रेणीमा रहेकाले कम्तीमा वार्षिक बोर्डबाट १५ हजार नौ सय ९० अमेरिकन डलर पाउनेछन् ।

खेल संक्षेप

रेडिअन्ट क्वार्टरफाइनलमा

काठमाडौं / रेडिअन्ट पब्लिक दर्शौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा क्वार्टरफाइनल प्रवेश गरेको छ । प्रतियोगिताको आइतबार भएको खेलमा रेडिअन्टले ब्राइट होराइजनलाई १३-१२ को झिनो अन्तरले पराजित गऱ्यो । सिनियर पुरुषमा पिपुल्स एकेडेमीले आयोजक ग्रिनफिल्ड 'ए'लाई ७३-६५ ले हराउँदै अन्तिम आठको स्थान पक्का गऱ्यो । सिनियर पुरुषमा काठमाडौं भ्यालीले साई निलायमलाई ४२-२३ ले हरायो । जेबी इंग्लिसले बिग बुद्धलाई ५८-३१ ले पाखा लगायो । कान्तिपुरले ग्रिनफिल्ड 'सी'लाई ३८-२९ र ब्राइट होराइजनले द एक्सेल्सियर स्कुललाई ५१-२३ ले हराए । सिनियर महिलामा जेसिस इन्टरनेसनलले ग्रिनफिल्ड 'सी'लाई १९-११ तथा संस्कृतिले हेम्सलाई २०-१४ ले पन्छाए । जुनियर पुरुषमा सिर्जना ज्ञानसागरले किङडम हिमालयलाई २४-२१ ले पराजित गऱ्यो ।

अन्तरप्रदेश राष्ट्रिय खेलकुद हुने

काठमाडौं / **बागमती** प्रदेश खेलकुद विकास परिषद्ले अन्तरप्रदेश राष्ट्रिय खेलकुद फागुनमा आयोजना गर्ने भएको छ । परिषद्का अध्यक्ष सामाजिक विकासमन्त्री कुमारी मोक्तानको अध्यक्षतामा आइतबार बसेको बोर्ड बैठकले अन्तरप्रदेश राष्ट्रिय खेलकुद २४ देखि ३० फागुनसम्म गर्ने निर्णय गरेको परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले जनाएका छन् । प्रतियोगितामा ७ प्रदेशको सहभागिता रहनेछ । प्रतियोगितामा कम्तीमा १३ खेल समावेश हुनेछ । यसअघिको संस्करणमा एथलेटिक्स, पौडी, ब्याडमिन्टन, कराँते, तेक्वान्दो, भलिबल, उसु, जुडो, आइटिएफ तेक्वान्दो, रग्बी, फुटबल, क्रिकेट र बक्सिङको प्रतिस्पर्धा भएको थियो ।

मेडिकल पार्टनरमा ब्लु क्रस

काठमाडौं / चीनको हाङझावमा २३ सेप्टेम्बर देखि ८ अक्टोबरसम्म हुने १९औँ एसियाली खेलकुदमा सहभागी हुने नेपाली टोलीको उपचारका लागि स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धमा राष्ट्रिय खेलकुद परिषद् र ब्लु क्रस हस्पिटल प्रालिबीच आइतबार सम्झौता भएको छ । तालिम तथा प्रशिक्षण विभागका प्रमुख र १९औँ एसियाली खेलकुद तयारी समितिका सचिव प्रचण्ड शर्मा र ब्लु क्रसकी वित्तीय तथा प्रशासनिक निर्देशक सतिदेवी गौतम सिंहले सम्झौतापत्रमा हस्ताक्षर गरे । ब्लु क्रस हस्पिटलले सहुलियत दरमा एसियाड टोलीका सदस्यलाई उपचार सेवा उपलब्ध गराउनेछ । सम्झौता आठ नोभेम्बर २०२३ सम्म रहनेछ ।

श्रीलंकन टिम च्याम्पियन

काठमाडौं / श्रीलंकाले एसिया (दक्षिण एसिया) क्षेत्रीय जुनियर च्याम्पियनसिप २०२३ अन्तर्गतको यू-१५ र यू-१७ अन्तर्गत मिक्स टिम इभेन्ट्सको उपाधि जितेको छ । एपिएफमा आइतबार च्याम्पियनसिपको यू-१५ को फाइनलमा श्रीलंकाले नेपाललाई ३-० ले पराजित गर्दै उपाधि हात पारेको हो । श्रीलंकाका सेनुथ सेथमिथा पेरेराले नेपालका सुविन श्रेष्ठलाई २१-१७ र २१-१७ को सेटमा हराए । नेथ्मी रत्नायकेले रिहाना शेरचनलाई २१-८ र २१-१३ ले पराजित गरे । केनेथ अरुगोडा र सेनुथ सेथमिथा पेरेराको जोडीले सौर्य महर्जन र सुविन श्रेष्ठको जोडीलाई २१-११ र २१-१७ ले निराश पाऱ्यो । यू-१७ मा श्रीलंकाले बंगलादेशलाई ३-२ सेटले पराजित गर्दै उपाधि जित्यो । पहिलो सेटमा बंगालादेशका सिफात उल्लाहले श्रीलंकाका थिदासा वेरागोडालाई २१-९, १३-२१ र २१-१८ ले हराए ।

मियामीमा मेसीलाई पहिलो सिजनमै उपाधि

मियामी / इंग्लिस फुटबलर डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मिलामी क्लब लिग्समा कप उपाधिविहीन थियो । युरोपमा नाम चलेका खेलाडी अनुबन्ध गरे पनि मियामीले लिग कपसँगै घरेलु लिगसमेत जित्न सकेको थिएन । डेढ महिनाअघि सातपटकको बालोन डिअर र विश्वकप विजेता खेलाडी लियोनल मेसीलाई अनुबन्ध गरेसँगै मियामीको भाग्य परिवर्तन भएको छ । वर्तमान समयकै उत्कृष्ट खेलाडी मेसीको उपस्थितिमै मियामीले लगातार सात खेलमा जित निकालेको छ । मेसीले लगातार खेलमा गोलसमेत गरेका छन् ।

आइतबार बिहान मियामीले निकालेको जित विशेष थियो । लिग कपको फाइनलमा मियामीले नास्भिल एससीलाई टाइब्रेकरमा १०-९ ले स्तब्ध पार्दै पहिलोपटक उपाधि चुम्यो । उपाधि भिडन्तको निर्धारित समयमा दुवै टोलीले १-१ को बराबरी खेलेका थिए । फाइनलमा मेसीले नै मियामीलाई अग्रता दिलाए । टाइब्रेकरमा मियामीले उपाधि जितेसँगै मेसीले करिअरकै ४४औँ ट्रफी उचाले । प्रतियोगितामा उनी नै उत्कृष्ट खेलाडी घोषित भए । मेसीले इतिहासमै सबैभन्दा बढी ट्रफी उचाल्ने खेलाडीमा ब्राजिलका ड्यानी अल्भेसको रेकर्ड तोडेका हुन् ।

डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीले लिग्स कपको फाइनलमा नास्भिलविरुद्ध टाइब्रेकरमा १०-९ को जित निकाल्यो

थप एक उपाधिनजिक

पेनाल्टी सुटआउटमा दुवै टिमका ११-११ खेलाडीले पेनाल्टी हानेका थिए । पेनाल्टीमा मेसीले नै सुरुवाती गोल गरे । रोमाञ्चक र नाटकीय पेनाल्टीको ११औँ प्रहार नास्भिलका गोलरक्षक इलियट प्यानिकोले गरेका थिए । मियामीका गोलकिपर ड्रेक कालेन्डरले उनको प्रहार छेक्दै उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे । ३६ वर्षीय मेसीले फाइनलमा डिबक्सभन्दा बाहिरबाट उत्कृष्ट गोल गरेका थिए । दोस्रो हाफमा फाफा पिकाउल्टले नास्भिललाई १-१ को बराबरीमा पुऱ्याए । यस सिजनमा मियामीले जोर्डी अल्बा र सर्जियो बुस्केटलाई अनुबन्ध गरेको थियो ।

बार्सिलोनाका पूर्वतीन खेलाडीको आगमनमा मियामी लगातार सात खेलमा अपराजित रह्यो । सन् २०२० पछि मियामीको यो पहिलो उपाधि हो । अब मियामीलाई अर्को प्रतियोगिताको फाइनल पुग्ने अवसर छ । आगामी बुधबार युएस ओपन कपको सेमिफाइनलमा मियामीको भेट सिन्सिनाटीविरुद्ध हुनेछ ।

मेसीको आगमनमा फेरिएको मियामी

मियामीका सह-मालिक बेकह्यामले स्टार खेलाडीहरूको खुलेर प्रशंसा गरेका छन् । 'अहिले मलाई यो एउटा फिल्मजस्तो लागेको छ, एक महिनाअघि हामी कहाँ थियौं र अहिले हामी कुन उचाइमा फुटबल खेलिरहेका छौं,' मेसीसँगै दुई बार्सिलोनाका खेलाडी आएपछिको अवस्थाबारे बेकह्यामले भने, 'वास्तवमै फुटबलको मजा यही नै हो, खेलको स्तर कहिले माथि र तल झर्ने रहेछ ।'

बुस्केटले मियामीले दिनप्रतिदिन खेलमा सुधार गरेको प्रतिक्रिया दिए । 'हामी अहिले संगठित रूपमा छौं, सबैले जितको भावनाका साथ प्रतिस्पर्धा गरिरहेका छन्,' उनले भने, 'सबैभन्दा बलियो पक्ष हामीसँग विश्वकै उत्कृष्ट खेलाडीको साथ छ, जसको उपस्थितिले खेललाई सहज बनाएको छ ।'



अमेरिकाको एमएलएस र मेक्सिकोको शीर्ष डिभिजनको लिग खेल्ने क्लबबीच हुने लिग्स कप प्रतियोगितामा ४७ टोलीबीच प्रतिस्पर्धा भएको थियो । मियामीको यो नै पहिलो मुख्य उपाधि हो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com